# नेपालमा थेरवाद बुद्धधर्म: उपलब्धि र चुनौती



## एक दिवसीय गोष्ठी
२०७१

## प्रतिबेदन

सम्पादक
धम्मवती गुरुमा, रामेश्वरी महर्जन, दिना कसाकार, अमिता तुलाधर

आयोजक
धर्मकीर्ति विहार स्वर्ण महोत्सव - २०७१

Downloaded from http://www.dhamma.digital



अश्वघोष महास्थविर

अग्ग महागन्थवाचक पण्डित पञ्जीय संघ नायक अश्वघोष महास्थविरज्यूबाट धर्मकीर्ति अध्ययनगोष्ठीका युवावर्गलाई धर्म उपदेशबाट अनुशासित गर्नु भई आज धर्मकीर्ति विहारलाई ५० वर्ष सम्म जिवीत राख्नुमा वहाँको अतुलनीय योगदानको कदर गर्दै भन्तेज्यू प्रति कृतज्ञता प्रकट गर्दछौं ।

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार स्वर्ण महोत्सव - २०७१ को उपलक्ष्यमा नेपालमा थेरवाद बुद्ध धर्म: उपलब्धि र चुनौती

## विषयक- एक दिवसीय गोष्ठी

## प्रतिवेदन
## २०७१ फाल्गुण ३० गते शनिवार

Dhamma.Digital

सम्पादक
प्रीतिवती गुरुमां / रामेश्वरी महर्जन
दीना कंसाकार / अमिता तुलाधर

आयोजक
धर्मकीर्ति विहार स्वर्ण महोत्सव-२०७१
धर्मकीर्ति विहार

Downloaded from http://www.dhammadigital

पुस्तक : नेपालमा थेरवाद बुद्धधर्म उपलब्धि र चुनौति विषयक एक दिवसिय गोष्ठीको प्रतिवेदन

सम्पादक मण्डल: प्रीतिवती गुरुमां, रामेश्वरी महर्जन, वीना कंसाकार, अमिता तुलाधार

प्रकाशक : धर्मकीर्ति विहार, श्रीघः नःघल ४२५९४६६

प्रकाशन मिति : वि.स. २०७२ वैशाख १३ गते

प्रथम संस्करण : ५००

डिजाइन : ज्ञानेश्वर उदय, इमेज डिजाइनर, दिपेन्द्र कक्षपति

कम्प्यूटर : भिक्षुणी पद्मावती

प्रेस : सिलाकार अफसेट प्रेस

फोटो : प्रविण कु. महर्जन
facebook/photography & videography services

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# शुभ[illegible]

[illegible]

[illegible]

सान्दर्भिक ठहरिन्छ।

[illegible]

भिक्षु [illegible], [illegible]
[illegible], [illegible]।

Downloaded from http://www.dhamma.digital

# प्रकाशकिय

धम्मवती गुरुमांको सबल नेतृत्वमा धर्मकीर्ति विहार ५० वर्ष पुगेको पुणीत उपलक्ष्यमा धर्मकीर्ति विहार स्वर्ण महोत्सव मूल समारोह समिति अन्तर्गत धर्मकीर्ति विहार स्वर्ण महोत्सव, २०७१ वर्षभरि विविध कार्यक्रम गरी भव्य रुपमा मनाइएको हो । यसै क्रममा मिति २०७१ फागुण ३० गते नेपालमा थेरवाद बुद्धधर्मः उपलब्धि र चुनौती विषयक एक दिवसीय गोष्ठीको पनि आयोजना गरिएको हो । नेपाल अधिराज्यभरका थेरवाद बौद्ध विहार तथा बौद्ध संघ संस्थाहरुको प्रतिनिधि आमन्त्रण गरी यस समितिले आयोजना गरेको राष्ट्रव्यापी उक्त महत्वपूर्ण गोष्ठीको Proceedings पनि प्रकाशन गरिएको छ ।

गोष्ठीमा Rapporteur को भूमिका निभाउनु भएका प्रीतिवती गुरुमां, दीना कंसाकार, रामेश्वरी महर्जन, र अमिता तुलाधरको संयुक्त प्रयासमा यो Proceedings तयार भएको हो । उहाँहरुलाई सम्पादन कार्यमा निर्देशन दिने कार्य नवीन चित्रकारज्यूले गर्नु भएको हो । Proceedings प्रकाशनको कार्य सिद्ध गर्ने यस कार्यदललाई धम्मवती गुरुमां प्रमुख धर्मकीर्ति विहार स्वर्ण महोत्सव मूल समारोह समितिले हार्दिक साधुवाद् व्यक्त गर्दछ ।

समयमै छपाइको कार्य कुशलपूर्व गरिदिनुभएकोमा शिलाकार अफ्सेट प्रेसलाई समितिले हार्दिक धन्यवाद व्यक्त गर्दछ ।

साधु ।

Dhamma.Digital

धर्मकीर्ति विहार स्वर्ण महोत्सव मूल समारोह समिति
धर्मकीर्ति विहार
श्रीघः, नःघः, काठमाडौं

मितिः बु.सं २५५८

ने.सं ११३५ बछला थ्व अष्टमी, आइतबार

वि.सं. २०७२ वैशाख १३

Downloaded from http://www.dhamma.digital

## विषय सूची


१. स्वागत भाषण– संयोजक मदन रत्न मानन्धर

२. भिक्षुणी धम्मवती गुरुमांको आर्शिवचन– (उद्घोषका प्रफुल्ल कमल ताम्राकारबाट वाचन )

३. भिक्षुणी धम्मदीना गुरुमांको मन्तव्य

४. प्रमुख अतिथि भारतका राजदूत महामहिम रणजीत रेको मन्तव्य

५. धन्यवाद भाषण– मूल समारोहको संयोजक डा. रीना तुलाधर

६. सभापतिको मन्तब्य– श्रद्धेय संघनायक भिक्षु अश्वघोष महास्थविर

७. दोश्रो बन्द सत्रको पहिलो कार्यपत्र प्रस्तुती– त्रिरत्न मानन्धर "नेपालमा थेरवाद बुद्धधर्मः उपलब्धि, अवसर र चुनौति"

८ अध्यक्षको मन्तब्य– भिक्षु धर्ममुर्ति महास्थविर

९. दोश्रो बन्द सत्रको दोश्रो कार्यपत्र प्रस्तुतीः सबिता धाख्वा शाक्य "नेपालमा थेरवाद बुद्धधर्मः कमजोरी र सामर्थ्य"

१०. अध्यक्षको मन्तब्य– भिक्षु कोण्डण्य महास्थविर

११. पहिलो कार्यपत्रको प्रतिवेदन– अमिता तुलाधर

१२ दोश्रो कायपत्रको प्रतिवेदन– रामेश्वरी महर्जन

१३. गोष्ठीको प्रतिवेदन– प्रितिवती गुरुमां

१४. निर्यौल प्रस्तुती– डा. सुमन कमल तुलाधर

१५. धन्यबाद मन्तब्य– नबिन चित्रकार

१६. सभापतिको मन्तब्य– भिक्षु ज्ञाणपूर्णिक महास्थविर

१७. सहयोग गर्नुहुनेको नामावली

१८. रजिष्ट्रेशन


Dhamma.Digital
Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार स्वर्ण महोत्सव - २०७१ को उपलक्ष्यमा नेपालमा थेरवाद बुद्ध धर्म: उपलब्धि र चुनौती विषयक- एक दिवसीय गोष्ठी

## प्रतिवेदन २०७१ फाल्गुण ३० गते शनिवार

**कार्यक्रम स्थल: स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जाउलाखेल, ललितपुर**

उद्घोषण: प्रफुल्ल कमल ताम्राकार

| क्रम | कार्यक्रम | समय |
|---|---|---|
| १ | रजिष्ट्रेशन र जलपान | बिहान ७.३० देखि शुरु |
| २. | प्रमुख अतिथिको उपस्थिति | बिहान ८:१५ |
| ३ | प्रमुख अतिथिलाई स्वागत: मदन रत्न मानन्धर, नविन चित्रकार र रीना तुलाधार | बिहान ८.१५ |
| ४ | आसन ग्रहण | |
| | १. रीना तुलाधर: संयोजक, धर्म कीर्ति बिहार स्वर्ण महोत्सव<br>२. सभापति, भिक्षु अश्वघोष महास्थविर "अग्गमहासद्धम्म जोतिक धज": संघनायक<br>३. भिक्षुणी धम्मवती "अग्गमहागन्थवाचक पण्डित" : अध्यक्ष, धर्मकीर्ति विहार<br>४. प्रमुख अतिथि, रणजित रे : नेपालका लागि भारतका महामहिम राजदूत<br>५. विशेष अतिथि, भिक्षुणी धम्मदिना (धमेली): उपाध्यक्ष, धर्मकीर्ति विहार संरक्षण कोष<br>६. मदन रत्न मानन्धर: संयोजक, एक दिवसीय गोष्ठी उपसमिति<br>७. विशेष अतिथि, द्रव्य मान सिंह तुलाधर: उपाध्यक्ष, धर्मकीर्ति विहार संरक्षण कोष<br>८. नविन चित्रकार: सदस्य, गोष्ठी उपसमिति, धर्मकीर्ति विहार संरक्षण कोष | |
| ५. | डायसमा आमन्त्रितलाई खादा वितरण | बिहान ८:३५ |
| ६. | पञ्चशील प्रदान: भिक्षु अश्वघोष महास्थविर भन्ते | बिहान ८:४० |
| ७. | स्वागत मन्तव्य: संयोजक मदन रत्न मानन्धर | बिहान ८:४५ |
| ८. | कार्यक्रमको उद्घाटन: प्रमुख अतिथि महामहिम राजदूत रणजित रे | बिहान ८:५० |
| ९. | मन्तव्य: भिक्षुणी धम्मवती गुरुमा | बिहान ८:५५ |
| १०. | मन्तव्य: भिक्षुणी धम्मदिना (धमेली) गुरुमा | बिहान ९:०५ |

| क्रम | कार्यक्रम | समय |
|---|---|---|
| ११. | दाता एवं कार्यक्रम प्रयोजक द्रव्यमान सिंह तुलाधरलाई धर्म उपहार प्रदान: प्रमुख अतिथि | |
| १२. | मन्तव्य: प्रमुख अतिथि महामहिम राजदूत रणजित रे | बिहान ९:१० |
| १३. | प्रमुख अतिथि महामहिम राजदूत रणजित रेलाई धर्म उपहार प्रदान : भिक्षुणी धम्मवती गुरुमा | बिहान ९:२० |
| १४. | धन्यवाद ज्ञापन: स्वर्ण महोत्सव संयोजक डा. रीना तुलाधर | बिहान ९:२५ |
| १५. | सभापतिको मन्तव्य | बिहान ९:३० |
| | **उद्घाटन सत्रको समापन** | |

Downloaded from http://www.dhamma.digital

## दोश्रो सत्र

| | | |
|---|---|---|
| १६. | अध्यक्षता ग्रहण: भिक्षु धर्ममूर्ति महास्थविर | बिहान ९:४५ |
| १७. | पहिलो कार्यपत्र प्रस्तुती: त्रिरत्न मानन्धर<br>नेपालमा थेरवाद बुद्धधर्म: उपलब्धि, अवसर र चुनौती | बिहान ९:५० |
| १८ | मन्तव्य: अध्यक्ष | बिहान १०:४[illegible] |

## Lunch Break बिहान ११:०० देखि १२:३० सम्म

| | | |
|---|---|---|
| १९. | अध्यक्षता ग्रहण: भिक्षु कोण्डन्य | बिहान १२:३० |
| २०. | दोश्रो कार्यपत्र प्रस्तुती: सविता धाख्वा नेपालमा<br>नेपालमा थेरवाद बुद्धधर्म: कमजोरी र सामर्थ्य | बिहान १२:३५ |
| २१. | मन्तव्य: अध्यक्ष | बिहान [illegible] |

## Tea Break

| | | |
|---|---|---|
| २२. | सहभागीहरुबाट जिज्ञासा, राय सुझाव, तथा छलफल कार्यपत्र<br>प्रस्तोताद्वयबाट जिज्ञासा समाधान अध्यक्षद्वयबाट सभा सञ्चालन तथा निक्यौंल | दिउँसो २:०० देखि<br>४:१५ |

## Tea Break

| | | |
|---|---|---|
| २२. | सहभागीहरुबाट जिज्ञासा, राय सुझाव, तथा छलफल कार्यपत्र<br>प्रस्तोताद्वयबाट जिज्ञासा समाधान अध्यक्षद्वयबाट सभा सञ्चालन तथा निक्यौंल | दिउँसो २:०० देखि<br>४:१५ |

## Tea Break समापन सत्र

| | | |
|---|---|---|
| २३. | आसन ग्रहण<br>१ सभापति, भिक्षु ज्ञानपूर्णिक महास्थविर अग्गमहा सद्धम्म जोतिक धज: उपसंघनायक<br>२. विशेष अतिथि: भिक्षुणी चमेली गुरुमां<br>३. निक्यौंल प्रस्तुतकर्ता: डा. सुमन कमल तुलाधर<br>४. कार्यक्रम संयोजक: मदन रत्न मानन्धर<br>५. गोष्ठी उपसमिति सदस्य: नविन चित्रकार<br>६. प्रीतिवती गुरुमां<br>७. सविता धाख्वा शाक्य<br>८. त्रिरत्न मानन्धर<br>९.धर्ममूर्ति भन्ते<br>१०. कोण्डन्य भन्ते | दिउँसो ४:३० |
| २४ | रापोर्टियरको प्रतिवेदन: प्रीतिवती गुरुमां | दिउँसो ४:३५ |
| २५ | निक्यौंल प्रस्तुती: डा. सुमन कमल तुलाधर | दिउँसो ४:४५ |
| २६ | धन्यवाद मन्तव्य: नवीन चित्रकार | दिउँसो ४:५५ |
| २७ | सभापति मन्तव्य र पुण्यानुमोदन: भिक्षु ज्ञानपूर्णिक महास्थविर | दिउँसो ५:०५ |

Downloaded from http://www.dhamma.digital



# सम्पादकीय

धर्मकीर्ति विहार स्वर्ण महोत्सव- २०७१ को आयोजनामा नेपालमा थेरवाद बुद्धधर्मः उपलब्धि र चुनौती विषयक एक दिवसिय गोष्ठीको. आयोजना भएको थियो । सबै बौद्धहरु एकजुत भई सौहार्द पूर्ण वातावरण श्रृजना गरी समय अनुकूल नौलो नवीन विचार सहित अमूल्य बुद्धशिक्षालाई संस्थागत रुपमा विकास गर्ने उद्देश्य लिई यो गोष्ठी संचालन भएको हो ।

यस गोष्ठीमा दुइवटा कार्यपत्र प्रस्तुत गरिएको थियो । जसमा दुइजना बौद्ध विद्वानहरुले नेपालमा थेरवाद बुद्धधर्मः उपलब्धि, अवसर र चुनौती र अर्को नेपालमा बुद्धधर्मः कमजोरी र सामर्थ्य । त्यस्तैगरी थेरवाद बुद्धधर्ममा विज्ञ बौद्ध भिक्षुहरुले अध्यक्षता गर्नुभएको थियो । यही गोष्ठीमा भएका सम्पूर्ण कृयाकलापहरुलाई समेटेर गोष्ठी प्रतिवेदनलाई पुस्तकको रुपमा आज तपाईहरु सामु प्रकाशन गर्न पाएकोमा सम्पादक मण्डल गौरवान्वित भएका छौं ।

आज धर्मकीर्ति विहार स्वर्ण महोत्सव मनाउन पाउनुमा अश्वघोष भन्ते, मां गुणवती गुरुमां, रत्न मञ्जरी गुरुमा, धम्मवती गुरुमा, र श्रद्धालु दाताहरुको विशेष देन (योगदान) रहेको कुरा हामीलाई अवगतै छ ।

समय अनुकूल बुद्धशिक्षालाई प्रचार प्रसारको लागि जिल्ला जिल्लामा विभिन्न कार्यक्रमहरु स्थानीय स्तरमा भएमा मात्र जन-मानसमा यो शिक्षाले प्रभाव पार्दछ । यसै शिक्षाले मानिसलाई नैतिकवान बन्नमा अभिप्रेरित गर्दछ । भिक्षु, भिक्षुणी, उपासक, उपासिकाको कुशल नेतृत्वबाट मात्र हरेक जिल्लामा धार्मिक, सामाजिक, आर्थिक, शैक्षिक र राजनैतिक क्षेत्रमा सुधार हुनुमा मद्दत पुग्दछ ।

यस प्रतिवेदन पुस्तक नेपाल भाषा, नेपाली भाषा र अंग्रेजी गरी तीनवटा भाषाको प्रयोग भएको छ । यसमा प्रमुख अतिथी हुनुभएका भारतका महामहिम राजदूत रणजीत रेज्यूको मन्तव्य, श्रद्धेय धम्मवती गुरुमाको शुभाषित वचन, रापोटियरहरुको प्रतिवेदन र उपस्थित व्यक्तित्वहरुबाट आएका अमूल्य सल्लाह सुझाव आदि समावेश भएको छ । यसले बौद्ध जगतमा विशेष गरी नेपालमा थेरवाद बुद्धधर्ममा के कस्ता चुनौती र अवसरहरु छन् र यसमा भएका चुनौतीहरुलाई समाधान गरी कसरी अगाडि बढ्न सकिन्छ र साथै थेरवाद बुद्धधर्म सम्बन्धी ज्ञान हाँसिल गर्न सकिने भएकोले यो पुस्तक धेरै उपयुक्त हुन्छ भन्ने हाम्रो सोँच रहेको छ ।

यस गोष्ठी प्रतिवेदन पुस्तकमा सम्पूर्ण कार्यहरुलाई समेट्ने प्रयास गरिएको भएता पनि केही कमी कमजोरी हुनसक्छ । भविष्यमा कमजोरी पक्षलाई सुधार्दै लानको लागि पाठक वर्गबाट सदैव सल्लाह सुझावको अपेक्षा गर्दछौं ।

यस पुस्तक सम्पादन गर्ने कार्यको जिम्मेवारी दिनुभएकोमा आयोजक कमिटि प्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै भविष्यमा पनि समय समयमा समय अनुकूल आयोजक कमिटिबाट यस्ता ज्ञानवर्धक गोष्ठीहरुको आयोजना गरी थेरवाद बुद्धधर्ममा आएका चुनौतीलाई सामना गर्दै अझबढी प्रचार प्रसार गर्ने कार्यमा निरन्तर रुपमा अगाडि बढिरहने नै छ भन्नेमा हामी विश्वस्त छौं ।

Downloaded from http://www.dhamma.digital

# स्वागत मन्तव्य



संयोजक- मदन रत्न मानन्धर

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स**

**वहाँ तथागत अर्हत सम्यक सम्बुद्धलाई सादर नमस्कार**

**सभापति श्रद्धेय संघनायक "अग्गमहासद्धम्म जोतिक धज", पूज्य अ गुरुवर भिक्षु अश्वघोष महास्थविरज्यू लगायत श्रद्धेय भिक्षुसंघमा सादर वन्दना, गुरुमाहरुमा सादर वन्दना, प्रमुख अतिथि महामहिम राजदूत श्री रणजीत रायज्यू, विभिन्न जिल्लाबाट पाल्नुभएका आमन्त्रित धर्ममित्रहरु, उपस्थित समस्त जनसमुदायमा हार्दिक न्यानो अभिवादन ।**

**नेपालमा थेरवाद बुद्धशासनको प्रचार प्रसारमा अग्रणी भूमिका खेल्दै आइरहेको धर्मकीर्ति विहारको स्वर्ण जयन्तीको उपलक्ष्यमा वर्षभरी विभिन्न कार्यक्रमको आयोजना गर्ने क्रममा आज 'नेपालमा थेरवाद बुद्धधर्मः उपलब्धि र चुनौती विषयक एक दिने गोष्ठीमा हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गर्नु भई पाल्नु भएका पूजनीय संघनायक भन्ते, संघउपनायक ज्ञानपूर्णिक भन्तेज्यू लगायत सम्पूर्ण भिक्षुसंघ, अनागारिका संघ, प्रमुख अतिथिज्यू, विभिन्न जिल्लाका बौद्ध विहार एवं बौद्ध संघ-संस्थाबाट पाल्नु भएका प्रतिनिधिज्यूहरु, शैक्षिक प्रतिष्ठानबाट प्रतिनिधित्व गर्ने महानुभावहरु तथा उपस्थित सबैमा धर्मकीर्ति विहार, संरक्षण कोष, स्वर्णमहोत्सव आयोजक समिति र गोष्ठी समिति समेतको तर्फबाट हार्दिक स्वागत गर्न पाएकोमा म आफूलगायत गोष्ठी समिति गौरवान्वित भएको ठानेको छु ।**

I would like to express our warm welcome to His Excellency Ambassador of India to Nepal Shri Ranjit Rae and also like to express our gratitute for his consent be the Chief Guest of this one day seminar on "Achievement and Challengers" of Theravada Buddhism in Nepal.

Actually Nepal is "Janma Bhumi" of Lord Buddha and India is his Karma Bhoomi' so we are very much greatful to India Governmet and people for their effort on Preservation' protection and Promotion of Historical



Downloaded from http://www.dhamma.digital

Buddhist Heritages like Bodhgaya, Sarnath, Kusinagar, which where declared as 'संवेजनीय स्थान' by Lord Buddha himself and many more historical places.

Also, it is remarkable that on 1944, Dharmodaya Sabha of Nepal was established in Saranath. This Sabha played a vital role to strengthen. Theravada Buddhism in Nepal on those days.

बुद्धकै समयदेखि नेपालमा प्रवेश पाएको बुद्धशिक्षा र भिक्षुसंघलाई जयस्थिति मल्लको शासनकालमा विस्थापित गरेपछि करिब १०० वर्ष अघिबाट पुनर्जागरित थेरवाद बुद्धधर्म, जुन बुद्धको मौलिक शिक्षा भनी मानी आएको छ, त्यसबाट प्राप्त उपलब्धि र सभाना गर्नुपरेका र परिरहेका चुनौतिहरुका बारेमा मूल्यांकन, लेखाजोखा र सचेतता अपनाउनु पर्ने समय आयो कि भन्ने कुरा महसूस भएको हुनाले आजको यो कार्यक्रमको आयोजना गर्न तम्सिएका छौं। हामीलाई थाहा छैन यो हामीले गर्नुपर्ने हो वा होइन ? यसको आवश्यकता छ वा छैन ? तथापि यहाँहरुको उत्साहप्रद उपस्थितिलाई हेर्दा यो द्विविधा हटेको महसूस भईरहेको छ।

बुद्ध जन्मभूमि नेपालबाट बुद्धका शिष्य भिक्षुसंघलाई देश निकाला गरियो। बुद्धको मौलिक शिक्षालाई आयातीत धर्म पनि भनियो। तथापि समय र गतिविधिले देखाइरहेको छ जतिपनि बौद्ध गतिविधिहरु बढेको छ, ती अधिकांशमा थेरवादको देन स्पष्ट संग देखिन्छ।

यी र यस्ता तथ्यहरुलाई मध्यनजर राखी तयार पारिएका दुइवटा कार्यपत्रहरु आज प्रस्तुत हुनेछन्। ती कार्यपत्रहरुमाथि सुझाव र सल्लाह दिनसक्नु हुनेछ। यसका लागि सबैबाट सहयोगको अपेक्षा राखेका छौं।

आजको कार्यक्रममा सभापतित्व गर्नहुने श्रद्धेय संघनायक भन्तेज्यू, संघउपनायक भन्तेज्यू, कार्यपत्र प्रस्तुतिको सत्रमा अध्यक्षता ग्रहण गर्नुहुने श्रद्धेय धर्ममूर्ति भन्तेज्यू, कोण्डण्य भन्तेज्यू, कार्यपत्र प्रस्तोताज्यूहरु, रायरिपोर्टिङ्ग गर्नुहुने प्रीतिवती गुरुमां, रामेश्वरी महर्जन, वीना कंसाकार र अमिता तुलाधर लगायत सम्पूर्ण सहभागीहरुलाई पुनः एकपटक हार्दिक स्वागत गर्दछु।

आजको कार्यक्रम अवधिभर सहभागीता जनाई कार्यक्रमलाई सफल पार्न पनि हार्दिक आव्हान गर्दै म विश्राम लिन्छु।

भवतु सब्ब मंगलं, लोको होतु सुखी सदा।



Downloaded from http://www.dhamma.digital

गोष्टी अनुवादक

# राजदुत रणजित रे



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बिहारका अध्यक्ष पूज्यनीय धम्मवती गुरुमांको आर्शिवाचन सन्देश

"नेपालमा थेरवाद बुद्धधर्मः उपलब्धि र चुनौती" विषयक गोष्ठीमा उपस्थित पूज्य भिक्षुसंघमा सादर वन्दना

प्रमुख अतिथि महामहिम राजदूतज्यू लगायत उपस्थित सबैलाई आयुको आरोग्य कामना ।

नेपालमा थेरवाद बुद्धधर्मको क्षेत्रमा कार्यरत हाम्रो धर्मकीर्ति बिहारको स्वर्णमहोत्सवको उपलक्ष्यमा विविध कार्यक्रम आयोजना गर्दै आइरहेकोमा आज यस गोष्ठीमा यहाँहरुको सहभागीतालाई साधुवाद दिंदै गोष्ठी उपलब्धिमूलक होस् भन्ने कामना गर्दछु । प्रतिकूल स्वास्थ्यका कारण आफू उपस्थित हुन नसकेतापनि बिहारका सदस्यहरुको सक्रियतामा हुन गइरहेको यस कार्यक्रममा संलग्न सबैलाई धन्यवाद छ ।

बुद्धको शिक्षालाई अनुशरण गर्नेहरु सबै उहाँका शिक्षाबाट लाभान्वित हुन्छन् नै, तसर्थ फलानो यान ढिस्कानो यान भनेर वाद विवाद गरिरहनु उचित हुँदैन । तथापि बुद्धको जीवनकालदेखि नै आफ्नो मौलिक रुपलाई कायम राख्न सकेको इतिहास बोकेको स्थविरबाद बुद्धधर्मको् माध्यमबाट बुद्ध जन्मभूमि नेपालमा उहाँको शिक्षाबाट धेरै नै सामाजिक परिवर्तन आएको कुरा सबै महसुस गरेका छन् । यसरीनै अरु यानको पनि आ-आफ्नै योगदान र देनमा कुनै कमी देखिदैन । बौद्धहरु सबै मिली एकजूट भई आ-आफ्नो जीवन सफल पार्न यस्ता गोष्ठीहरुबाट मद्दत मिलोस् भन्ने शुभाषिस दिंदै फेरि पनि सबैलाई साधुवाद दिन चाहन्छु ।

सबैको मंगल होस् ।




Downloaded from http://www.dhamma.digital

# मन्तब्य

पूजनीय (चमेली) गुरुमांको दुई शब्द

सर्वप्रथम यहाँ भगवान अरहत सम्यक सम्बुद्धलाई हार्दिक वन्दना गर्दछु। पूजनीय भन्ते संघनायक अश्वघोष महास्थविर भन्तेलाई सादर वन्दना। भिक्षु महासंघलाई सादर वन्दना

पूज्य गुरु धम्मवती गुरुमांलाई सादर वन्दना, अनागारिका संघलाई आशिर्वाद,



भारतका महामहिम राजदूत रणजीत रेज्यू, विभिन्न जिल्लाबाट आउनु भएका श्रद्धालु उपासक उपासिका साथै यहाँ उपस्थित हुनु भएका सबै महानुभावहरु, संयोजक मदन रत्न मानन्धर, विशेष अतिथि धर्मकीर्ति बिहार संरक्षण कोषका [illegible] उपाध्यक्ष द्रब्य मान सिं तुलाधर, स्वर्ण महोत्सवका संयोजक [illegible] मंगलमय कामना छ।

नेपालमा थेरवाद बुद्धधर्मको प्रचार प्रसार कार्यमा विगत ५० [illegible] रुपमा लागि परेको यस धर्मकीर्ति विहारको स्वर्ग जयन्तीको [illegible] एकदिने गोष्ठी आयोजना गर्न पाएकोमा धर्म प्रीतिको अनु[illegible]

श्रद्धेय गुरुवर धम्मवती गुरुमांको कुशल नेतृत्वमा अगाडी बढी[illegible] विहारको हरेक गतिविधि कृयाकलापमा यहाँहरुको प्रत्यक्ष [illegible] एवं सद्भावलाई हामी सदैव स्मरण गर्दै आइरहेका छौं। भवि[illegible] सहयोग र सद्भाव पाइ रहने छौं भन्ने कुरामा [illegible]

आफ्नो स्वास्थ्य अनुकूल नभएको कारणले पूजनीय धम्मवती [illegible] महत्वपूर्ण कार्यक्रममा उपस्थित हुनसक्नुभएन। तथापि य[illegible] गहन विषयमा फलदायी छलफल र भावी योजना तर्जुमा [illegible] योगदान दिनु हुनेछ भन्ने आशा एवं विश्वास छ। बुद्ध ज[illegible] बुद्धको शिक्षालाई जनमानसमा व्यापक प्रचार प्रसार गरी दुर्ल[illegible] सार्थक बनाउने काममा यहाँहरुको भूमिका महत्वपूर्ण हुने [illegible] यसप्रति पनि यहाँहरु सचेत हुनका लागि आव्हान गर्दै मेरो दुई [illegible] गर्दछु।

भवतु- सब्ब- मंगलम्



Downloaded from http://www.dhammadigital.org

# प्रमुख अतिथि

## राजदुत महामहिम रणजित रे



**Supreme Patronage of Bhikkhu Sangha, Nepal**

Dharmakirti Vihar Conservation Trust

Dignitares in the Dais,

Members of the Sangha and Dear friends,

I feel very privileged to attend this important programe organized on the special of golden jubilee of Dharmakirti Vihar. I have my best wishes for the seminar on the Theravada Buddhism. I hope it will be extremely successful and the result will help in great understanding of messages of Lord Buddha. The philosophy of Lord Buddha for peace and compassion has spread throughout the world. In contemporary societies, young people who are in distress, unhappy with their life are searching for more meaning of their life. Hence, people are turning into the messages of love, peace and compassion of Lord Buddha. All over the world interest in the messages of Buddha is growing. I have noticed in Europe and East– Asia, Vietnam, large numbers of young people are attracted to this universal message. Indeed more and more, people are travelling to Nepal, Lumbini and India, Bodhgaya to understand the teaching of Lord Buddha. For person like me who is the not deeply devout or religious, two things are mostly attractive of message of Lord Buddha. First, this faith is based on rational thought. This is one religion where Lord Buddha himself said "not to accept what I am telling you directly, first test and experience in your life, then only decide whether to accept it or not, like a person who deal with gold test" This is such a powerful message and extremely attractive message in present days. The second most important message is for diplomat like me who are involved in negotiation and compromise and preventing conflict, the message of Middle path is especially important. The message is about not to go for extremes but to find a middle way. It is the way that you achieve through compromise through consensus. As Prime Minister of Nepal had often said in the context of constituent making through give and take. So I think this message of



Downloaded from http://www.dhamma.digital

Buddha is very powerful which states– not to go for extreme points of view but to find a common ground for compromise. This is what democracy is about. It is very interesting all of us think Democracy is western notion or concept. Actually this whole notion or concept of democracy was practiced in Buddhist Sangha where leadership of Sangha was elected. So, messages like these should be spread and this shows contemporary relevance of Buddhist thought to our time, to our society. I am very happy to have opportunity to participate in this important event.

I want to mention here, two of the other things about India Nepal relationship in the context of Buddhism. All of us know about ancient connection of Janaki of Janakpur with India. All of us know great link between India and Nepal forwarded by Lord Buddha. As the previous speaker said Buddha's Janmabhumi was Nepal and karmabhumi was India. So how can we bring these two countries together in this basis is the matter of concern. We have been very much to measure this incident after the visit of Prime Minister Narendra Modi last year. First initiative is to enable all the pilgrimage who visit Bodhgaya also to be able to travel to Lumbini or those pilgrims who visit Lumbini also to travel without any difficulty to Bodhagaya, Kushinagar, Sarnath and other places. What we are trying to do is to integrate between pilgrimage centers in Nepal with those in India and facilitate movement, problem free travel, so that pilgrims who come from all over the world to India can visit Lumbini. In this context Tourism department, Tourism entrepreneurs and others are getting together and we are trying to improve the infrastructure in border area. Those of you who have travel to Lumbini, Sarnath must be aware lot of work is needed. This is the first initiative what we call sister city. Here we have made agreement between city of Lumbini, birth place of Lord Buddha and city of Bodhagaya where he received enlightenment. So we want to bring Lumbini and Bodhgaya together and develop program initiatives to link these two sister cities. I am very happy to hear from Buddhist community of Nepal your ideas on how we can bring these two cities closer. So these are two important initiatives.

Government of India is working with Government of Nepal. I hope in future we would enable much stronger interaction between our two countries through Buddhism. It is not only about religious tourism but much more important is the share of common message of Lord Buddha which I think is critical in present day's trouble world where is so much conflicts and intolerance in many part of the world. People want to focus on the message of the middle path, compromise, of negotiation. The world will be the better. So I want to thank all of you once again for giving me opportunity to share some of thoughts with you. I wish the seminar will be great success. Thank you



Downloaded from http://www.dhamma.digital

# धन्यवाद ज्ञापन

धर्मकीर्ति विहार स्वर्ण महोत्सव- २०७१ मूलसमारोह समिती
संयोजक डा. रीना तुलाधर



नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

श्रद्धेय अश्वघोष भन्ते,

भारतीय राजदूत महामहिम रणजित राय, विशेष अतिथि श्रद्धेय चमेली गुरुमां, विशेष अतिथि धर्मकीर्ति विहार संरक्षण कोषका उपाध्यक्ष द्रव्यमान सिं तुलाधर, गोष्ठी उप-समितिका संयोजक मदन रत्न मानन्धर, गोष्ठी उप-समितिका सदस्य नविन चित्रकार यहाँ उपस्थित विशेष गरी जिल्लादेखि पाल्नुभएका बौद्ध विद्वानज्यूहरु, सबै धर्मप्रेमी साथीहरु सबैलाई हार्दिक अभिवादन र नमस्कार ।

धर्मकीर्ति विहार स्वर्ण महोत्सव २०७२ को उपलक्ष्यमा वर्ष दिनदेखि विभिन्न कार्यक्रम मनाईदै आइरहको उपलक्ष्यमा आजको दिनमा सम्पन्न भइरहेको 'नेपालमा थेरवाद बुद्धधर्मः उपलब्धि र चुनौती' विषयक एक दिवसीय गोष्ठीमा हाम्रो निम्तोलाई स्वीकार गर्नुभई पाल्नु भएका सबै सहभागीलाई हार्दिक धन्यवाद तथा साधुवाद दिन चाहन्छौं ।

विशेष रुपमा यो कार्यक्रमको शुरुदेखि, यो कार्यक्रम आयोजना हुन लागेको कुरा उठे देखि श्रद्धेय भन्तेज्यूहरुले धेरै स्वागत गर्नुभएको थियो । त्यस्तै गुरुमांहरुले पनि स्वागत गर्नुभएको थियो । जसमा हामीलाई धेरै उत्साह बढ्यो । त्यसैले म भन्तेहरुलाई र गुरुमांहरुलाई विशेष साधुवाद तथा कृतज्ञता प्रकट गर्न चाहन्छु । त्यसैगरी आजको दिनमा काठमाडौंसम्म आफ्नो विभिन्न स्थानबाट आफ्नो आवासीय जिल्लाबाट यहाँसम्म पाल्नुभएका सबै आदरणीय बौद्ध जनहरुलाई म भित्री हृदयदेखि धन्यवाद दिन चाहन्छु । 'थेरवाद' भन्ने वित्तिकै यहाँ कुनै साम्प्रदायिक सोच लिएर गर्न लागेको होइन भन्ने कुरा पनि यहाँहरु समक्ष आयोजकको तर्फबाट ज्ञात गराउन चाहन्छु । यो कार्यक्रम नितान्त तथागत सम्यक सम्बुद्धका सद्धर्मलाई



Downloaded from http://www.dhamma.digital

कसरी व्यापक प्रचार गरी बहुजन हिताय बहुजन सुखायको लक्ष्य प्राप्त गर्न सकिन्छ भन्ने सोचमा आयोजना गरिएको हो । सद्धर्मको प्रचारको क्रममा विशुद्धिपनलाई हराई कतै विकृति उम्रिन्छ कि अथवा उब्जियो ! भन्ने हाम्रो चिन्ताको विषय हुन सक्दछ । जहाँ धान उम्रिन्छ त्यहाँ घाँस पनि उम्रिन सक्छ । अतः बेला बखत घाँस उखेलेर फाल्नु पर्ने हुन्छ । सद्धर्मको अध्ययन र अभ्यासमा पनि कहीं कतै विकृति उब्जियो कि, यदि हो भने त्यसलाई हटाउनु हामी सबैको साझा जिम्मेवारी हो । चार परिषद भिक्षु, भिक्षुणी, उपासक, उपासिकाको दायित्व हो । यही सोच लिएर धर्मकीर्ति स्वर्ण महोत्सव मूल समिति अन्तर्गत गोष्ठी उपसमितिको आयोजनामा भइरहेको यस कार्यक्रममा उपस्थित विद्वान वर्गबाट बौद्धिक अभ्यास भई कार्यक्रममा सल्लाह राय सुझाव पनि दिनु हुनेछ भनेर हामीले अपेक्षा गरेका छौं । आज यहाँ उपस्थित भई कार्यक्रमलाई गरिमामय सभापतित्व गरिदिनु भएका अश्वघोष भन्तेलाई म सादर वन्दना गर्दछु । हाम्रो निम्तोलाई स्वीकार गर्नु भई पाल्नुभएका प्रमुख अतिथि महामहिम राजदूत रणजीत राय प्रमुख सबै विद्वानजनलाई भित्रै हृदयदेखि आभार व्यक्त गर्दछु I express my heartfelt gratitude for your gracious presence your excellency. यो कार्यक्रमलाई सम्पन्न गर्नको लागि जस जसले आ-आफ्नो जिम्मेवारी एकदम सक्रिय पूर्वक निभाई राख्नु भएका छन् सबै साथीहरुलाई म धन्यवाद दिन चाहन्छु । Rapporteur को भूमिका निभाउनु भएका प्रीतिवती गुरुमां, दिना कंसाकार, रामेश्वरी महर्जन, अमिता तुलाधरलाई धन्यवाद दिन्छु । अहिले हुन लागेको दोस्रो सत्रमा आ-आफ्नो जिम्मेवारी निभाउनु हुने, अध्यक्षता ग्रहण गर्नुहुने, श्रद्धेय भिक्षु धर्ममूर्ती महास्थवीर र श्रद्धेय भिक्षु कोण्डन्यलाई पनि अग्रिम धन्यवाद दिन्छु । त्यस्तै बडो मेहनतपूर्वक आफ्नो दिमाग खियाई आज कार्यपत्र प्रस्तुत गर्नुहुने त्रिरत्न मानन्धर र सबिता धाख्वाज्यूलाई पनि अग्रिम धन्यवाद दिन चाहन्छु । यो कार्यक्रम सम्पन्न गर्नको लागि सम्पूर्ण आर्थिक व्ययभार बोक्नुभई सहयोग गर्नु भएका दाता द्रव्यमान सिं तुलाधरलाई आयोजक र मेरो व्यक्तिगत तर्फबाट पनि भित्री हृदयदेखि साधुवाद व्यक्त गर्दछु । यस दानको पूण्य फलबाट उहाँलाई स्वास्थ्य र दीर्घायूको लाभ होस् भनी पनि कामना गर्दछु । अन्त्यमा यो कार्यक्रम लाई आफ्नै कार्यक्रम ठानी आत्मीयता देखाउनु भई आज बिहानदेखि पाल्नु भएका सबै बौद्धजनहरुलाई हार्दिक धन्यवाद दिन्छु र साथै कार्यक्रमको अन्त्यसम्ममा बसेर हाम्रो कार्यक्रमको लक्ष्य प्राप्तिको लागि सहयोग गरिदिनु हुनेछ भनेर पनि अपेक्षा गर्दछु । धन्यवाद



Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital



Dhamma.Digital



Downloaded from http://www.dhamma.digital



# पहिलो कार्यपत्र प्रस्तुति

त्रिरत्न मानन्धर

## नेपालमा थेरवाद बुद्धधर्म : उपलब्धि, अवसर र चुनौति

### भुमिका

बुद्ध धर्मको विभिन्न निकाय मध्ये थेरवाद सबमन्दा पुरानो निकायको रुपमा परिचित छन् । बुद्धशिक्षा को सबमन्दा अधिकारीक निकायको रुपमा यसलाई विव्दाहरुले मान्दै आईरहेको छ । नेपालमा बुद्धको समयमा नै बुद्धधर्म प्रचार भैसकेको कारणले शूरु देखीनै थेरवादको अस्तित्व थियो भन्ने कुरामा दुईमत छैन । यसको पुनर्जागरण भएको करिब १०० वर्ष भैसकेको अवस्थामा यसका उपलब्धि, अवसर तथा चुनौतिको बारेमा धर्मकीर्ति अध्ययन गोष्ठीको स्वर्ण महोत्सवको उपलक्ष्यमा हुन गई रहेको यस गोष्ठीमा ती विभिन्न पक्षहरुलाई प्रकाश पार्ने हेतुले यस कार्यपत्र प्रस्तुत गर्न गईरहेको छु । थेरवादको संक्षिप्त परिचय, नेपालमा यसको पुनर्जागरण, यसका उपलब्धि, अवसर तथा चुनौतिका साथै केहि सुझावहरु यस कार्यपत्रमा प्रस्तुत गरिएको छ ।

### थेरवाद बुद्धधर्म एक परिचय

बुद्ध परिनिर्वाणको १०० वर्ष पछि कालाशोक राजाको समयमा दुतिय संगायन हुनुमन्दा अगाडी वैशालीका भिक्षुहरुले १० वटा भिक्षु नियमहरुमा केही खुकुलोपनको अभ्यास गर्न खोजेको थियो । त्यसलाई कौशाम्बिका भिक्षूहरुले विनय अनुकूल नभएको भनेर विरोध गरेको र त्यसैको कारण दुतिय संगायन आयोजना भएको थियो । उक्त संगायनले नियममा केही खुकुलोपन विनय सम्मत नभएको निर्णय गरेको कारणले भिक्षसंघ दुईभागमा विभाजित हुनपुग्यो । नियमलाई कुनै पनि हालतमा छोड्नु हुँदैन भनेर पक्षलिने भिक्षुहरुमा धेरैजसो उमेर नाघिसकेका वरिष्ठ वा थेर भिक्षुहरुको बाहुल्यता थियो, जसलाई थेरवाद भनियो र नियमहरु परिस्थिति अनुसार परिवर्तन गर्नसकिन्छ र सानातिना नियमलाई कट्टरका साथ पालनगर्नु आवश्यक नभएको भन्ने पक्षका भिक्षुहरु संख्यामा केहि बढी थिए र तिनिहरुलाई महासांघिक भनियो । यसरी पाको उमेरका वा वरिष्ठ शव्दबाट थेर र तिनिहरुको विचारधारा वा वादको रुपमा थेरवाद शव्द प्रयोग भएको थियो (भद्ररत्न बज्राचार्य- नेपालमा थेरवादी बौद्ध सम्प्रदाय एक अध्ययन , (काठमाडौं : CNAs, २०५८) ।



Downloaded from http://www.dhamma.digital

## नेपालमा थेरवाद

भगवान बुद्धको परिनिर्वाण हुनु केहि समय अगाडी कोशलका राजा विडुडभको आक्रमणबाट बच्न सफल भएका शाक्यहरु कपिलवस्तु छोडेर तितर वितर भएको थियो । यसै क्रममा केही पुर्वको वैशालीमा पुगेको, केही मगधमा लुकिबसेको र केहि उपत्यकामा प्रवेशगरेको भन्ने इतिहासकार हरुको भनाई छ । यसरी शाक्यहरु संगै नेपालमण्डलमा बुद्धधर्मको प्रवेश भएको भन्ने कुराहरु ईतिहासकारहरु गर्दछन् । भगवान बुद्धका उपस्थापक भिक्षु आनन्द जो शाक्यकूलका थिए, उहाँ नेपालमा आफ्ना नातेदारहरु भेट्न आएको बर्णन मूल सर्वास्तिवाद विनयमा उल्लेख भएको पाउँछौं । यसको साथै बुद्धको जीवमान कालमा भारतका टाढा टाढा ठाउँबाट भिक्षुहुन आउने क्रममा नेपाल मण्डल जस्तो व्यापारीक कार्यकलाप हुने स्थानबाट मानिसहरु भिक्षु हुनआउने सम्भावना धेरै थियो (भिक्षु सुदर्शन - नेपालमा बुद्धधर्म, (काठमाडौं : धर्मरत्न शाक्य, २०५३) पृ ६ । तर कपिलवस्तुका शाक्यहरुको आगमन पछि बुद्धधर्मको प्रचार प्रचारमा बढी गतिलिन सक्ने कुरामा शंकागर्ने ठाउँ छैन । यसरी बुद्धकालमै नेपालमा बुद्धधर्मको अस्तित्व थियो भन्ने कुरालाई स्पष्टरुपमा भन्न सकिने अवस्था छ । व्यापारीक सम्बन्ध र शाक्यहरुको आगमन बाट प्रादुर्भाव भएको त्यस ताकाको बुद्धधर्म प्रारम्भिक बुद्धधर्मको रुपमा लिनुको विकल्प नभएको वा पछिका अन्य निकायहरुले थेरवाद नामदिएको बुद्धधर्म नै त्यसबेला नेपालमा अस्तित्वको रुपमा हुनेकुरामा दुईमत हुन सक्दैन ।

यसबाहेका प्रारम्भकाल देखीनै नेपालमा थेरवाद शासनको अस्तित्व रहेको कुरालाई प्रमाणित गर्ने धेरै महत्वपूर्ण दस्तावेजहरु प्राप्त भएका छन् । नेपालको पुरातत्व विभागमा सुरक्षित रहेको भिक्षुणी विनयको महावग्ग जुन नवौं शताब्दीमा टाडपत्रमा लेखेको सम्बन्धमा सबभन्दा पहिलो जानकारी दिनहुनेु व्यक्ति बुद्धधर्मका अन्वेषक सिसिल बेन्देल हुनुहुन्थ्यो । उहाँले पालिको सर्वाधिक प्राचीन पाण्डुलिपि नेपालको अभिलेखालयमा सुरक्षित रहेको भिक्षुणी विनयको हस्तलिखित ग्रन्थहरु एबाि्नबलगकबवचष्उत को बारेमा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन रोममा हुँदा उजागर गर्नु भएको थियो । यस्तै अन्वेषक हरि प्रसाद शास्त्रिले पनि नेपालमा पालिसाहित्यको एउटा ग्रन्थ भेट्टाएको दाबी गरेका छन् Tri Ratna Manandhar – Paritrana Tradilion in Nepal ( An unpublished thesis : Tribhuvan Universily 2003) pp 16-17 ।

## थेरवादको पुनर्जागरण

नेपाल मण्डलमा थेरवाद बुद्धधर्मको पुनर्जागरणकाल २० औं शताब्दीको प्रारम्भमा भारतको स्वतन्त्रता संग्राम संग संगै भएको थियो । भारतको कलकत्तामा बुद्धधर्मको पुनरुद्धारक मानिएका अनागारिक धर्मपालको संगत पाएका नेपालका जगतमान शाक्यभिक्षु (धर्मादित्य धर्माचार्य) ले वाणिज्यशास्त्र संग संगै बुद्धधर्मको पनि अध्ययन गरेका थिए भिक्षु सुदर्शन - बौद्ध संस्कृति (काठमाडौं : श्री कीर्ति बौद्ध केन्द्र, ई.स १९९८) पृ १३४ । अनागारिका धर्मपालकै प्रेरणामा जगतमान शाक्यले नेपालमा थेरवादको पुनर्जागरण गरेको थिए ।

सन् १९०५ मा आयरल्याण्ड मूलका बर्मामा भिक्षु भएर धेरै समय बिताउनु भएका भिक्षु धम्मालोक चीन, जापान, सिंगापुर थाईलैण्ड र श्रीलंकाका भ्रमण गर्ने क्रममा नेपालमा पुग्नु



Downloaded from http://www.dhamma.digital

धर्मप्रचार गर्नुभएको थियो । उहाँ भिक्षुबाट नेपालमा धर्मप्रचारको लागि गरिएका गतिविधिहरुको सत्य तथ्यको लागि अनुसन्धान गर्न बाकि नै रहेको छ । तथापि यस घटनालाई नेपालको ईतिहासमा जाड्ने हो भने थेरवादको पुनर्जागरणको समय हालको सन् १९२५को समयभन्दा २० वर्ष अगाडी हुनजान्छ त्रिरत्न मानन्धर– भिक्षु धम्मलोकको नेपाल यात्रा, ( पद्म कन्या क्याम्पस बाट प्रकाशित बुद्धज्योति ई.सं २०१३) ।

थेरवाद बुद्धशासनको पुनर्जागरणमा तिब्बतबाट पाल्नु भएका क्यान्छेलामाको पनि भुमिका रहेको थियो । तिब्बतको खामबाट आउनू भएका क्यान्छे लामाले बुद्धशिक्षाको बारेमा दिएको प्रवचनलाई त्यसबेलाका जातिले बौद्ध भनाउँदा काठमाडौंका वासीहरुलाई निक्कै प्रभावित गरको थियो । प्रत्येक दिन पांच, छ हजारको जमघट भएर उहाँको प्रवचन सुन्नेकार्य तत्कालीन नेपालको लागि असाधारण घटनानै थियो पुर्वोक्त पादटिप्पणी द्द पृ १३ । यस घटनाको प्रभावले पाँच जना युवाहरुलाई भिक्षु बन्न प्रेरणादियो । तर ती पांच भिक्षुहरुले शुरु गरेको प्रवजित जीवन र धर्मप्रचारलाई सहन नसक्ने तत्कालीन श्री ३ चन्द्रशमशेरले सर्व प्रथम बुद्ध भूमी नेपालमा रहने अधिकार बाट बन्चित गरी निवार्सित गर्ने जस्तो क्रुर कार्यको शुरुवाट गरियो । पाँच भिक्षुहरुमध्ये सवभन्दा जेष्ठ भिक्षु काठमाडौं चिकंमुगलका प्रेमबहादुर श्रेष्ठ थियो जो भावी नेपालका प्रथम संघनायक संगै सारनाथमा गुरु चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा सन् १९३० सालमा थेरवादी श्रामणेर हुनुभयो पुर्वोक्त पादटिप्पणी द्द,पृ १३५। उहाँहरुनै भिक्षु प्रज्ञानन्द र भिक्षु महाप्रज्ञाको रुपमा आधुनिक नेपालमा पहिलो थेरवादी भिक्षु बन्नपुग्यो । भिक्षु महाप्रज्ञाकै सक्रियतामा भोजपुर टक्सारमा पहिलो थेरवादी विहारको स्थापना भयो र यसै स्थानमा पहिलो पटक बुद्धजयन्ति को कार्यक्रम पनि आयोजना गरियो प्रकाश बज्राचार्य–बौद्ध दर्पण, ( बुद्धजयन्ति समारोह समिति, आनन्दकुटी विहार काठमाडौं ई.सं १९९६) पृ १६५ ।

राणाकालमा बुद्धधर्म प्रचारप्रति बकदृष्टि पटक पटक हुने कममा फेरी २००१ सालमा ८ जना भिक्षुहरु तथा श्रामणेर हरुलाई देशनिकाला गरेको थियो । त्यसमा आधुनिक नेपालका संघनायक भिक्षु प्रज्ञानन्द सहित ८ भिक्षु तथा श्रामणेर सम्मिलित थियो । राणा सरकारबाट भएको विभिन्न किसिमको दमनले धर्मप्रचार शिथिल नभएर झन धर्मप्रचारमा उर्जा भर्ने कामभएको कुरा त्यस पछिका कार्यकलाप र उपलब्धिहरुबाट प्रस्त हुन्छ ।

## थेरवाद बुद्ध धर्मका उपलब्धिहरु

थेरवाद बुद्धधर्मको पुनर्स्थापना पश्चात नेपालमा बुद्धधर्म प्रचार प्रसारमा तीब्रता आएको देखिन्छ । विभिन्न किसिमका कार्यकलापहरुबाट अल्पकालीन र दीर्घकालीन उपलब्धिहरु नेपाली जनमानसलाई यसले दिएको छ ।

### बुद्धपुजा र धर्मदेशना

थेरवाद शासनको प्रादुर्भाव पछि धर्मप्रचार प्रसारलाई तिब्रतादिनेकार्यमा सर्वप्रथम नेपालका विभिन्न ठाउँ ठाउँमा विभिन्न कार्यकलाप हुँदैगयो । पहिलो गतिविधिको रुपमा विभिन्न ठाउँ ठाउँमा, टोल टोलमा बुद्धपुजा र धर्म देशनाको कार्य र त्यस पश्चात धर्मदेशनाको कार्यक्रम



Downloaded from http://www.dhamma.digital

गर्ने कम शूरुभयो । त्यसबेला मानिसहरु बुद्धलाई पुजागर्दा अन्य देवी देवताहरुलाई जसरी अक्षता, फुल, नैवेद्य चढाएर मात्र पुजागर्ने गर्दथे । त्यस परम्परालाई थेरवादी भिक्षुहरुले केही परिवर्तन गरी नौ वटा बुद्धगुण, छ वटा धर्मगुण र नौ वटा संघ गुणलाई वाचन गर्ने, पञ्चशील ग्रहण गर्ने, धर्म देशना सुन्ने र अन्तमा पुण्यानुमोदन र दान प्रदानको कार्यगर्ने एउटा नौलो परंपरा शुरुभयो । मैत्री, करुणा, मुदिता र समताको अभ्यास गर्न प्रेरित गर्ने धर्मदेशनाले बुद्ध, धर्म र संघ प्रति श्रद्धा अभिवृद्धि गर्न महत्वपूर्ण योगदान भयो ।

## विहारहरुको निर्माण र धार्मिक गतिविधिहरुको विकास

युवा भिक्षुहरुको संख्या वृद्धि संगै विहारहरुको उल्लेखनीय वृद्धिहुने कम पनि शुरु भयो किम्डोल र आनन्दकुटीमा मात्र सीमित भिक्षुहरुले उपत्यकाका अन्य ठाउँमा पनि विहारको व्यवस्था गर्दै जानुभयो । प्रारम्भिक दिनमा पुराना बौद्ध स्थल तथा सार्वजनिक ठाउं आदिमा पुराना संरचनाहरुको जिर्णोध्दार गरेर भिक्षुहरु उक्त ठाउँमा बस्ने अनुकूल बनाउने काम भयो । काठमाडौंमा भिक्षु सुदर्शन महास्थविर बाट गणमहाविहारको जिर्णोध्दार गर्नु भयो । भाजुरत्न शाहूको प्रयासबाट काठमाडौंको नघःलमा श्री घःविहार स्थापना भयो । त्यस्तै ललितपुरमा श्री सुमंगल विहार, शाक्यसिंह विहार, मणिमण्डप विहार, भक्तपुरमा समकृत विहार, मुनीविहार, बनेपामा सुदर्शन विहार, चन्द्रकीर्ति विहार आदिमा भिक्षुहरु बस्नु भई दैनिक धार्मिक कार्यकलापमा संलग्न हुनुभयो । उपत्यका बाहिर बुटवल, पनौति, पोखरा, तानसेन, लुम्बिनी, कपिलवस्तु, नारायणघाट, हेटौंडा, बीरगंज, त्रिशुली, भोजपु, चैनपुर, बागलुंग, चत्तरा, धरान, धनगढी, उर्लाबारी, विराटनगर भापा आदि ठाँउमा विहारहरु बन्ने र धार्मिक गतिविधि शूरु हुने कम जारी भयो ।

भिक्षुहरुमात्र नभई नेपालको थेरवाद शासनलाई अभिवृद्धि गर्न विभिन्न स्थानमा विहारहरु निर्माणमा अनागारिका गुरुमाहरुले पनि अग्रणी भूमिका खेल्नु भएको छ । विशेष रुपले अनागारिका धम्मवतिले आफ्नो वाकसिद्धि प्रवचनले उपासक उपासिकाहरुको मन जितेर उपत्यकाको मुटुमै धमकीर्ति विहार निर्माण गर्नुभयो । उहाँले ध्यानकेन्द्रको रुपमा अन्तर्राष्ट्रिय ध्यानकेन्द्र शंखमोल, बनेपाको ध्यानकुटी विहार निमार्णमा पनि विशेष योगदान दिनु भएको थियो । धर्मकीर्ति कै श्रृंखलाको रुपमा, सुलक्षणकीर्ति, बसुन्धरा विहार, लुम्बिनीमा गौतमी विहार आदि विहारहरु निर्माण एवं विभिन्न बौद्ध गतिविधि संचालन गरी युवाहरु तथा उपासक उपासिकाहरुमाफ सर्वाधिक लोकप्रिय गुरुमाको रुपमा उहाँ प्रतिष्ठित हुन सफल हुनु भयो । अन्य गुरुमाहरुमा अनागारीका शुशीला, माधवी आदि गुरुमाहरुले पनि विहार निर्माणमा तत्परता देखाउनु भयो ।

## शैक्षिक क्षेत्रमा योगदान

भिक्षु अमृतानन्द महास्थविर बाट स्कूलको औपचारीक शिक्षाका साथै बुद्धको सन्देश कलिला बालकहरुको ह्रदयमा विजारोपण गर्ने सन् १९५२ मा आनन्दकुटी विहार नजिकै स्वयम्भुको पश्चिममा आनन्दकुटी विद्यापिठ स्थापना गरी शिक्षा क्षेत्रमा पनि जागरण ल्याउने कार्यभयो । जनमानसलाई साक्षर र शिक्षित बनाउन खोलिएको यस स्कूलको स्थापनाको २५ बर्षपछि



Downloaded from http://www.dhamma.digital

सन् १९७७ मा छात्राहरुलाई पनि अध्यापन गर्ने हेतुले आननदकुटी कन्या विद्यापिठ पनि स्थापना भयो । तीर्थनारायण मानन्धर- जिगु लुमन्ति यें दे भिंग: व थों (नेपाल भाषा परिषद, काठमाडौं ई.सं २००७) पृ १२१-१२७

यसै क्रममा अनागारिका माधवी बाट पनि यशोधरा बौद्ध विद्यालयको स्थापना, भिक्षु सुमंगल महास्थविर बाट वि.सं २०३१ सालमा सिद्धार्थ शिशु निकेतन नामको शिक्षणसंस्था, अनागारीका ज्ञाणवति बाट भास्सरा माध्यमिक विद्यालय, धर्मकीर्ति विहारको तर्फबाट धर्मकीर्ति स्कुल तथा पाटनको बौद्धसंस्था YMBA बाट पनि स्कुल स्थापना गरी धर्म तथा शिक्षा प्रचारमा लागिपरेको छ ।

## भिक्षु तालिम केन्द्रको स्थापना

प्रव्रजित बालबालिकाहरुकालागि छुट्टै शिक्षण संस्थाको आवश्यकता महशुस गर्दै सर्वप्रथम काठमाडौंको ढल्को स्थित संघाराम विहारमा भिक्षु अश्वघोष महास्थविरको विशेष पहलमा संघाराम भिक्षु तालिम केन्द्रको स्थापना ई.सं १९८२ सालमा भयो Sarah levina and David N.Gelner –Rebuilding of Buddhism ( London: Harvard University Press, 2005 A.D) P.104 I सन् १९९५ मा विश्वशान्ति विहारका प्रमुख भिक्षु ज्ञानपुर्णिक महास्थविरको पहलमा श्रामणेरहरु बनाई माध्यमिक तथा उच्चशिक्षा दिने कार्यमा विशेष पहल गरियो । पुर्वोक्त पादटिप्पणी 10 पृ १६२

[11] ऐ ऐ पृ १२९ यस्तै आनन्दकुटी विहारबाट पनि श्रामणेर बनाएर उच्चशिक्षा अध्ययनार्थ पठाउने कार्यपनि निरन्तर रुपमा भईरहेको छ । यस्तै भिक्षु विपस्सी धम्मारामोबाट भक्तपुरको ढुनाच्छ स्थित मुनिविहारमा सन् २००३ देखी साना साना बालकहरुलाई श्रामणेर बनाई केहिसमय त्यहि विहारमा तालिम दिई मित्रराष्ट्र थाईलैण्डमा अध्ययनार्थ पठाउने कार्य शुरु गर्नु भयो । विशेष गरेर यसरी श्रामणेर हुनेहरुमा नेपालका विभिन्न गाउँघरका जनजातिहरुको उल्लेखनीय संख्या रहेको छ ।[13] ऐ ऐ पृ १२४

## ज्ञानमाला भजन

ज्ञानमाला भजन खल: सन् १९३७ अर्थात वि.सं १९८४ को राणाकालमै थेरवाद बुद्धधर्मको पुनर्जागरणसंगै स्वयम्भुको सत्तलबाट शुरु भएको थियो । अन्य धर्मको भजन जस्तै भक्ति गीतमा मात्र सीमित नभई यसले समग्र समाजमा भाषिक, सामाजिक र धार्मिक जागरण कार्यगर्ने संस्थाको रुपमा यसले काम शूरुगरेको थियो । हाल नेपालभरी ७० भन्दा बढी ज्ञानमाला संस्थाहरु निर्माण भईसकेको र यसको छाता संस्थाको रुपमा राष्ट्रिय ज्ञानमालाको स्थापना भई प्रत्येक वर्ष सम्मेलन गर्ने कार्यकलापहरु भैरहेको छ । [14] पुर्वोक्त पादटिप्पणी 9 पृ ९९

## विभिन्न बौद्ध उत्सवहरु तथा दिवसहरुको प्रारम्भ

### वैशाक पुर्णिमा वा बुद्ध जयन्ती महोत्सव

सिद्धार्थको जन्म, बुद्धत्वलाभ र बुद्धको महापरिनिर्वाण भएको त्रिसंयोग सम्पन्न दिन वैशाक



Downloaded from http://www.dhamma.digital

पूर्णिमालाई भव्य रुपमा मनाउने चलन नेपालमा भोजपुर बाट शुरु भएको थियो । काठमाडौं उपत्यकामा सार्वजनिक समारोहको रुपमा २०११ सालमा राजा त्रिभुवनको अध्यक्षतामा स्वयम्भूको मुईखेलमा बुद्धजयन्ति मनाउने कार्यको थालनी भएको थियो । पछि यस महत्वपूर्ण समारोहलाई संस्थागत रुपमा मनाउन बुद्ध जयन्ति समारोह समिति गठन भयो । उक्त समारोह समितिले आनन्दकुटी विहारमा विहान देखी बुद्धपूजा, अस्थिधातुको प्रदर्शन र सर्वसाधारणलाई खीर भोजन तथा दिउँसो सार्वजनिक सभागर्ने कार्यको शुरुवाट हुन थाल्यो । प्रत्येक तिन वर्षमा आनन्दकुटीमा भएको अस्थिधातुलाई काठमाडौं शहर परिक्रमा गराउने कार्यपनि निरन्तर रुपमा सम्पन्न भईरहेको छ । यस्तै ललितपुरमा पनि बुद्धजयन्ति Trust कमिटी मार्फत बुद्ध जयन्ति मनाउने चलन शुरुभयो । एवं प्रकारले यो कार्यक्रम देशव्यापी हुन पुग्यो ।

आषाढ पूर्णिमा महोत्सव,

आषाढ पुर्णिमा पनि बौद्धहरुको लागि महत्वपूर्ण पर्वको रुपमा मान्ने चलन विभिन्न बौद्ध देशहरमा रहेको छ । यस दिन भगवान बुद्धको जीवनका महत्वपूर्ण घटना भएको दिनको रुपमा लिन्छ । बोधिसत्वको गर्भ प्रवेश, महाभिनिष्क्रमण, सर्वप्रथम धर्मदेशना वा धर्मचक्रप्रवर्तन, यमक प्रातिहार्य देखाउनु भएको, अभिधर्मको देशना, वर्षावास प्रारम्भ तथा प्रथम संगायनको शूरुवाट भएको महत्वपुर्ण योग भएको उक्त दिनलाई आषाढ महोत्सवको रुपमा नेपालका विभिन्न ठाउँहरुमा धुमधामका साथ मनाउन चलन पनि चल्दै आईरहेको छ ।

शस्त्रपरित्याग दिवस

सम्राट अशोक चण्डाशोक बाट धर्माशोक बनिसकेपछि आफ्नो बाजे चन्द्रगुप्त मौर्यकालीन तलवार लाई आइन्दादेखी अन्यायपूर्ण कार्यमा प्रयोग नगर्ने प्रण गरेर शस्त्रत्यागको गरेको दिनको रुपमा असोज महिनाको दशमी जसलाई विजयदशमी पनि भनिन्छ ,उक्त दिनलाई बौद्धहरुको मान्यता अनुसार शस्त्रपरित्याग परित्याग दिवशको रुपमा लिईन्छ । काठमाडौंमा यस दिवसको शुरुवाट २०५० देखी प्रारम्भ गरेको थियो । युवा बौद्ध समूहबाट संघाराममा उक्तदिनको महत्वलाई प्रचार गर्ने हेतुले एक प्रवचन कार्यक्रम को आयोजना गरिएको थियो । त्यस साल देखी विभिन्न ठाउँ ठाउँमा यो दिवश मनाउने चलन रह्यो ।

आयु संस्कार परित्याग दिवश

भगवान बुद्धले आफ्नो परिनिर्वाणको ठीक तिन महिना अगाडी माघपूर्णिमाको दिन आयु संस्कार परित्याग गर्नुभई अबको तिनमहिनामा ८० वर्षको उमेरमा महापरिनिर्वाण हुने घोषना गर्नुभएको थियो । यसै दिनको सम्भनामा नेपालमा आयुसंस्कार परित्याग दिवसको रुपमा मनाउने परम्परा करीब बि.सं २०५५ तिर बाट शुरु भएको थियो ।

कठीन चीवर दान

थेरवादी परम्परामा आषाढ पुर्णिमा देखी आश्विन पूर्णिमा सम्म वर्षादको महिना हुने भएकोले



Downloaded from http://www.dhamma.digital

भिक्षुहरु यताउता नगईकन तिन महिनासम्म एउटै विहारमा बसेर गुणधर्म पालनगर्ने परम्परालाई वर्षावास भनिन्छ । भिक्षुहरुको वरिष्ठताको मापदण्डको मापन पनि कुनै भिक्षु कतिचोटी वर्षावास बसेको छ त्यसको आधारमा गरीन्छ । भगवान बुद्धको समय देखी चलन चलिआएको यो विनय नियमलाई प्रत्येक थेरवादी देशहरुमा अद्यापि निरन्तरता भईरहेको छ । वर्षावासको समाप्तिपछि चीवर दान दिने उत्सवलाई कठिन उत्सव भनिन्छ । नेपालमा पनि यस परम्पराको शुरुवाट थेरवादी भिक्षुहरुको प्रादुर्भावदेखी निरन्तर रुपमा भईरहेको छ ।

## महापरित्राण

थेरवाद पुनर्जागरणपछि महापरित्राण पाठ गर्ने चलन सबभन्दा पहिला भिक्षु अमृतानन्द महास्थविरको नेतृत्वमा वि.सं १९९८ मा स्वयम्भू पर्वस्थानमा भएको थियो भिक्षु सुदर्शन- महा परित्राण –काठमाडौं, सानुमैया कंसाकार, ई.सं १९९५) पृ ५ । बुद्धव्दारा देसित सुत्रहरुको वाचनहुने यस कार्यक्रम छोटो समयमानै लोकप्रिय भयो र प्रत्येक थेरवादी बौद्धहरु विभिन्न निमित्तमा परित्राण गर्न श्रद्धा उत्पन्न गर्न थाले । राणा कालमा बुद्धधर्म मन्नासाथ देखी नसहने प्रशासन पतन भएको लगत्तै त्रिभुवन राजाको पालामै तत्कालीन राजपरिवारहरुको आयोजना तथा भिक्षु अमृतानन्दको पहलमा नारायणहिटी राजदरबारमा समेत महापरित्राण पाठ भएको थियो पुर्वोक्त पादटिप्पणी 3 पृ ७७ । तत्पश्चात प्रत्येक राजाको जन्मदिनमा आनन्दकुटी विहारमा परित्राण पाठ गर्ने चलन नेपालमा राजतन्त्र कायम रहेसम्म अनवरत रुपले भईरहेको थियो ।

## बौद्ध तीर्थयात्राको आरम्भ

भगवान बुद्धले आफ्नो जीवनमान कालका चारस्थानहरु लुम्बिनी, बुद्धगया, सारनाथ तथा कुशीनगरलाई लाई चार संवेजनिय स्थल भनेर घोषणा गर्नु भएको थियो । श्रद्धालुहरु उक्त पवित्र स्थानहरुमा गएर धर्मप्रति श्रद्धा तथा धर्म अभ्यासमा प्रेरणा जगाउन सक्ने ठाउँको रुपमा भगवान बुद्धले यसलायई दर्शनीय स्थलको रुपमा लिनुभएको थियो । यसै कुरालाई हृदयंगम गरी थेरवाद शासनको शुरुवाट संगै नेपालका उपासक उपासिकहरुलाई ती विभिन्न स्थानहरुमा सामुहिक रुपमा तीर्थयात्रा लैजाने परम्पराको शुरुवाट भयो । यसमा अग्रणी भूमिका खेल्नु हुनेहरुमा भिक्षुहरु तथा उपासकहरुनै थिए । विशेष रुपले स्वयम्भु ज्ञानमाला भजनखल:का सदस्यहरुको पहलमा पहिलो ऐतिहासिक तीर्थयात्रा २०२३ सालमा सम्पन्न भयो । तीर्थयात्राको यस परम्पराको निरन्तरता पछिका दिनमा पनि थेरवादी भिक्षु तथा अनागारिकाहरको नेतृत्वमा संचालन हुँदैगईरहेको र हाल आएर भारत बाहेक अन्य बौद्ध देशहरु, श्रीलंका, थाइलैण्ड, म्यानमार आदि ठाउँमा पनि निरन्तर तिर्थयात्राको आयोजना हुँदै गईरहेको छ जसबाट नेपाल र अन्य बौद्धदेशहरु संग सम्बन्ध राम्रो बन्न सघाईरहेको छ पुर्वोक्त पादटिप्पणी 9 पृ ७३-७८ ।

## बौद्ध पत्रपत्रिकाको प्रकाशन

थेरवाद बुद्धशासनको पुनर्जागरण संग संगै बौद्ध पत्रिका प्रकाशन गर्ने कार्यपनि शुरु भएको थियो । नेपालमा त्यति धेरै प्रेस नभएको र छाप्ने वातावरण नभएको अनुकूल परिस्थितिमा पनि धर्म र भाषा प्रति श्रद्धालुहरुबाट पत्रपत्रिकाको प्रकाशनकार्य शुरु गरेको थियो । यसै



Downloaded from http://www.dhamma.digital

क्रममा जगतमान वा धर्मादित्य धर्माचार्य कलकत्ता मा अध्ययनार्थ जानुहुँदा त्यहाँ प्रकाशन हुने धर्मदुत पत्रिकाबाट प्रभावित भएर सन् १९२६मा "बुद्धधर्म र नेपालभाषा" नामक पत्रिकाको प्रकाशन भएको थियो ऐ ऐ, पृ १६३। नेपालभाषा र बुद्धधर्म प्रति श्रद्धालुहरुको लागि त्यसबेला कलकत्ताको महाबोधि सोसाईटीले प्रकाशन गर्ने हिन्दी भाषाको धर्मदुत पत्रिकामा समेत नेपालभाषाबाट पनि धर्म सम्बन्धि लेख छापिने क्रम शूरुभएको थियो । त्यसैक्रममा धर्मोदय सभाको प्रकाशनमा धर्मोदय नामक पत्रिका निकाल्ने कार्य शूरुभयो । वि.सं २०२९ सालमा आनन्दकुटी विहारगुठि बाट आनन्दभूमी पत्रिका प्रकाशन गर्ने कार्य भयो । ऐ ऐ, पृ ८२-८३ आनन्दभूमी पत्रिका प्रकाशन भएको केहि समय पश्चात बिसं मा धर्मकीर्ति अध्ययन गोष्ठी बाट भिक्षु अश्वघोष महास्थविरकै सम्पादकत्वमा धर्मकीर्ति पत्रिका पनि बौद्ध मासिकको रुपमा प्रकाशन गर्ने कार्य भयो । प्रकाश बज्राचार्य– बौद्ध दर्पण, ( बुद्धजयन्ति समारोह समिति, आनन्दकुटी विहार काठमाडौं ई.सं १९९६),पृ १६४

उपत्यकामा यी दुई बौद्ध मासिक प्रकाशन भईरहनेक्रममा पोखराको धर्मशीला बुद्ध विहारबाट पनि मासिकरुपमा धर्मचक्षु नामको पत्रिका निस्कन थाले । वि.सं २०६२ मा उपत्यकामा अमृतोपदेश नामक नयाँ मासिक पत्रिका आनन्दभुवन विहारबाट भिक्षु संघरक्षितको सम्पादकत्वमा प्रकाशन शूरुभयो ।

मासिक बाहेक बुद्धजयन्तीको शुभ अवसरमा बुद्धजयन्ति समारोह समितिबाट स्मारिका, संघाराम विहार बाट संघाराम, महिलाबौद्ध बाट धर्मचक्र, युवाबौद्धसमूह बाट धर्मभूमि, विश्वशान्ति पुस्तकालयबाट विश्वशान्ति आदि वार्षिकरुपमा निस्कने पत्रिकाहरु निस्कने क्रम पनि थपिएको छ ।

परियत्तिको विकास

थेरवादको पुनर्जागरण पश्चात बुद्ध शिक्षाको अध्ययनमा संस्थागत प्रयासको शूरुवाट भयो । सर्व साधारणलाई बुद्धको अमृतमय शिक्षालाई औपचारीक रुपमा दिनेकार्यको शुभारम्भ वि. सं २०१९ पुर्वोक्त पादटिप्पणी 20 पृ १६८ सालमा परियत्ति शिक्षा संगै शुरु भयो । भिक्षु बुद्धघोष महास्थविर, अनागारिका शुशिला तथा धर्मरत्न शाक्यको प्रयासमा शुरुवाट भएको र अखिल नेपाल भिक्षु महासंघको संरक्षकत्वमा २०२० बाट संस्थागतरुपमा संचालित यस शिक्षणसंस्थामा स्थापनाकाल देखी भिक्षु बुद्धघोषमहास्थविर परीक्षा नियन्त्रक भएर कार्यहरु गर्नु भएको थियो सुवर्ण शाक्य तथा अन्य (सं) -नेपाल बौद्ध परयत्ति शिक्षा रजत जयन्ती स्मारिका (ललितपुर, नेपाल बौद्ध परियत्ति शिक्षा, ई.सं १९८९) पृ ३८

। १० वर्ष सम्मको पढाई हुने यस शैक्षिक कार्यक्रममा सातौ वर्षको अध्ययन पश्चात "परियत्ति सद्धम्मपालक" र दशवर्षसम्मको अध्ययन पश्चात "परियत्ति सद्धम्म कोविद" उपाधि दिने चलन रहेको छ । यस शिक्षाले क्रमशः हांगाबिंगा बढाउँदै अहिले सम्ममा ८० भन्दा बढी स्थानमा यस शिक्षण केन्द्र स्थापना भैसकेको छ । प्रत्येक वर्ष करिब ३००० को हाराहारीमा विद्यार्थीहरुले परीक्षा दिईरहेका छन् । काठमाडौं उपत्यकाका विभिन्न विहारहरुका साथै पूर्वमा धरान, मध्यमाञ्चलमा काभ्रे,पश्चिममा तानसेन र लुम्बिनीका साथै सुदुर पश्चिममा समेत



Downloaded from http://www.dhamma.digital

यस शिक्षाले प्रवेश पाई सकेको छ। परियत्तिले उत्पादन गरेका जनशक्तिहरुले विभिन्न नयाँ बौद्ध गतिविधिलाई शुरु गर्नुका साथै बुद्धशिक्षालाई संस्थागत गर्न गरेको प्रयास स्वरुप नै आज नेपालमा बुद्धशिक्षाका विभिन्न विधाहरुमा उच्चशिक्षा संचालनमा आइसकेका छन्। यसकारण बौद्धशिक्षा अध्ययन गर्ने अवसर नेपाली जनताहरुले प्राप्त गर्न सक्नुमा परियत्तिको पनि महत्वपूर्ण भूमिका रहेको स्पष्ट हुन्छ।

थेरवादी बौद्ध संघसंस्थाहरुको स्थापना

देशनिकाला गरिएका थेरवादी भिक्षुहरुले भारतीय भूमिमा सन् १९४४ मा स्थापना गरेको धर्मोदय समाले थेरवाद पुनर्जागरण कालमा महत्वभूमिका निर्वाह गरेको थियो। धर्मोदय संस्था थेरवाद बुद्धजागरणको प्रारम्भकालमा थेरवादी भिक्षुहरुसंग सम्बन्धित भएपनि हाल आएर नेपालका थेरवाद, महायान र बज्रयान तिनै यानलाई समेटेर बुद्धधर्म प्रचार प्रसारमा संलग्न छन्। थेरवादी भिक्षुहरुको संघ अखिल नेपाल भिक्षु संघको स्थापना सन १९५१ मा भएपछि यस संस्था केहि समय सम्म निष्क्रिय बन्न पुगेको थियो।

युवाहरुलाई धर्मप्रचारमा सक्रिय गराएर उपत्यकाका गाउँ गाउँमा र शहरका विभिन्न टोलटोलमा धर्मको जागरण जगाउने कार्यको थालनी वर्तमान संघनायक भिक्षु अश्वघोष महास्थविरबाट शुरुवाट गर्नु भएको थियो। नेपाल बौद्ध परिषद नामको संस्था गठन गर्नु भै धर्मको व्यावहारीक ज्ञान युवामाफ परिचित गर्ने उहाँको कार्यले वि.सं को ३० औं दशकमा महत्वपूर्ण भूमिका खेलेको थियो।

यसैको निरन्तरता स्वरुप १९७१ मा धर्मकीर्ति अध्ययन गोष्ठीको शुभारम्भ भयो पुर्वोक्त पादटिप्पणी 20 पृ १६८। अनागारिका धम्मवतिको नेतृत्वमा स्थापित उक्त अध्ययन गोष्ठिबाट युवाहरुलाई शिलशिलाबद्ध रुपमा धर्मप्रति श्रद्धा जगाउने र अध्ययन अध्यापनमा जोडदिने कार्य भयो जसको फल स्वरुप धर्मप्रति दत्तचित भएर लाग्ने मात्र होईन धर्मप्रचार प्रसारमा लाग्न सक्षम युवाहरुको पनि उत्पादन हुने काम भयो। अनागारिका धम्मवतीबाट सरल तथा सहज भाषामा बुद्ध धर्मका विभिन्न पक्षहरुको सम्बन्धमा पुस्तकलेख्ने र प्रकाशन गर्ने कार्यको साथ साथै युवाहरुको हातबाट महत्वपूण् पुस्तकको लेखन र प्रकाशनमा पनि यस अध्ययन गोष्ठिले महत्वपूर्ण मुमिका निर्वाह गरे। यसै क्रममा विश्वबौद्ध भातृत्व संघको युवाहरुको संघको रुपमा युवक बौद्धमण्डल नेपालको स्थापना स्थानिय ललितपुरका युवाहरुले सन् १९७०मा गरको थियो। यसका विभिन्न संघसंस्थाहरु अहिले नेपालका विभिन्न ठाउँ ठाउँमा छरिएर रहेको छ। धर्मोदयको भगिनी संस्थाको रुपमा यसले आफ्नो कार्यकलापहरु अगाडी बढाउदै छन्११। महिलाहरु पनि संगठित भएर धर्म प्रचारमा लाग्नुपर्ने आवश्यकतालाई महशुस गर्दै १९८१ ११

'११मा नेपाल बौद्ध महिला संघ स्थापना भयो। बौद्ध महिला संघ पछि गएर दुईवटा संस्थामा परिणत भयो र हाल सक्रिय भईरहेका बौद्ध महिला संघ नेपालले महिलाहरुलाई धर्ममा जागृतपार्ने, परियत्तिको प्रवर्धनकार्यमा सहयोग गर्ने तथा विपश्यना ध्यानलाई प्रचार गर्ने कार्यमा समर्पित भएरहेका छन्।



Downloaded from http://www.dhamma.digital

यसैकममा १९७२[??] मा स्थापना भएकोगणमहाविहार का परियत्ति विद्यार्थी तथा शिक्षकहरुले धर्मप्रचार प्रसारलाई प्रभावकारी तुल्याउन लगनका युवाहरु संग सहकार्य गरी गोष्ठी, पंचशील अभियान, प्रवचनकार्यकमहरुको शुरुवाट गर्ने कार्य भयो । १९८२ मा विधिवत युवा बौद्ध समूहको नाउँमा स्थापना भईसकेपछि विभिन्न विहारलाई केन्द्रविन्दु बनाएर धर्मजागरणका महत्वपूर्ण कार्य हुँद गयो । भिक्षु अश्वघोष महास्थविर तथा भिक्षु सुदर्शन महास्थविरको नेतृत्वमा जनजातिहरुलाई जागरण गर्ने कार्यकम शुरु गरी कीर्तिपुरमा बौद्ध जागरण तथा नेतृत्वविकास शिविरहरु संचालन हुँदै गए । तत्पश्चात युवा बौद्ध समूहको आयोजनामा उपत्यका बाहिर पूर्वमा संखुवासमा खाँदबारी देखी पश्चिममा सुर्खेत तथा धनगढि सम्म बुद्धधर्मको परिचय दिने बौद्धजागरण कार्यकम संचालन गर्ने कार्यभएको थियो वैवरंजित तथा अन्य (सं)-युवा बौद्ध समूहको रजत वर्षको स्मारिका ( काठमाडौं, युवा बौद्ध समूह, ई.सं २००७) पृ १८-२२ ।

यस्तै सन् १९९६ मा भिक्षु सुदर्शन महास्थविरको पहलमा धर्ममा कट्टरता नभएका बौद्धहरुलाई जनगणना कालदेखी संख्यामा कमदेखाउने राज्यस्तरीय षडयन्त्रलाई चिर्नको लागि २०४८ सालदेखी प्रारम्भगरेको जनगणना जागरण कार्यकमले त्यसबर्ष बौद्ध जनसंख्या ७ प्रतिशतमा र यसैकार्यको निरन्तरता बाट २०५८ सालमा बौद्ध जनसंख्या ११ दशमलबसम्म पुगैको थियो । २०३८ सालमा ५ प्रतिशतमात्र बौद्ध जनसंख्या देखाएको मा २० बर्षपछि यसरी बढ्नुलाई जनगणना संचेतनकार्यकमको सकारात्मक परिणामको रुपमा लिनु पर्ने हुन्छ पृ २१-२२ । यस्तै भिक्षु सुमंगल महास्थविरको विशेष पहलमा वि.सं २०५४ मा बनेपाको ध्यानकुटी विहारसंगै बौद्ध वृद्धाश्रम संचालनमा ल्याउने कार्यभयो। यस बाहेक ज्योतिदय संघ, अनागारिका संघ, सुखीहोतु नेपाल, चारुमती बुद्धिष्ट मिसन नेपाल मेत्तासेन्टर, धर्मविजय पदनम आदि बौद्ध संस्थाहरुले थेरवाद शासन सुदृढको लागि सक्दो कार्यकलाप अगाडी बढाई रहेको छ ।

भक्तपुरमा युवा बौद्धपुचः, मैत्रेय युवासंघले पनि युवाहरुलाई जागरण ल्याउन सकिय भईरहेको छ । यस्तै उपत्यका बाहिरका विहारहरु संग सम्बन्धित बौद्ध संस्थाहरुले पनि थेरवाद बुद्धधर्म प्रचार प्रसारमा सहयोगी भएर कार्यहरु गरिरहेका छन । विशेष गरी धरानमा युवा बौद्ध साथी, पोखरामा युवा बौद्ध संघ, तानसेन, बुटवल, बाग्लुङ, म्याग्दी आदि ठाउँमा पनि विभिन्न संघहरु थेरवाद बुद्धधर्म प्रचार प्रसारमा सकिय छन् ।

थेरवादको महत्वपूर्ण उपलब्धिको रुपमा नेपाल मण्डल भित्र रहेका विभिन्न जातिहरुमा पनि बौद्ध जागरण अभिवृद्धि भएको प्रत्यक्ष महसुस गर्न सकिन्छ । बज्राचार्य, शाक्य बाहेक तुलाधर, मानन्धर, महर्जन, चित्रकार आदि जातिहरु विहार जाने प्रवृत्ति संगै धर्मका अन्तर्निहित शिक्षाहरु सहज रुपमा प्राप्त गर्न सफल भएका छन् । थेरवाद बुद्ध शासनको पुनर्जागरणको अभावमा ती जातीहरु विशेष गरेर महर्जन, मानन्धर, चित्रकार, रंजित आदि जातिहरु धर्मान्तरणको चपेटामा आउन सक्ने सम्भावना तार्नुमा थेरवादको पुनर्जागरण एक महत्वपूर्ण कारकको रुपमा लिन सकिन्छ ।



Downloaded from http://www.dhamma.digital

## ध्यानकेन्द्रहरुको स्थापना

बुद्धधर्ममा ध्यानभावनालाई ह्रदय स्थानमा राखेको छ । शुरुमा भिक्षु महाप्रज्ञा तथा भिक्षु प्रज्ञानन्द महास्थविरबाट विहारमा आउनु हुने उपासक उपासिकाहरुलाई ध्यानभावना सिकाउने कार्य गराउँदै आईरहनु भएको थियो । वि.सं १९९७ मा भिक्षु प्रज्ञानन्द महास्थविरबाट किम्डोल, मातातीर्थ आदि ठाउँमा विपश्यना ध्यान सिकाउनु भयो । बर्माबाट अध्ययनपश्चात फर्कनु भएका भिक्षु बुद्धघोष महास्थविरबाट पनि ध्यानभावनाको महत्वलाई प्रकाश पार्दै पुस्तक लेखन र अभ्यासगराउने कार्य भैरहेको थियो । भिक्षु ज्ञानपुर्णिक ''धम्माचरिय '' र अनागारीका धम्मवति ''धम्माचरिय '' हरु बर्मामा अध्ययन पश्चात फर्कनु भएपछि ध्यानभावनाको सम्बन्धमा दिनु भएका प्रवचनल आदिले पनि ध्यानभावनाको बारेमा जिज्ञासा बढ्न गएको थियो । यसै बिचमा १९७९मा म्यानमार बाट अनागारीका दो पञ्चाचारीको आगमन भयो र बनेपाको ध्यानकुटीमा एक सप्ताहको ध्यान शिविर संचालन गर्नुभयो । यो शिविर नै थेरवाद पुनर्जागरण पश्चात औपचारीक रुपमा आयोजना गरिएको प्रथम विपश्यना शिविरको रुपमा लिन सकिन्छ । उक्त शिविरमा बर्मा भाषामा दो पञ्चाचारी गुरुमाले दिनुहुने ध्यानको निर्देशनलाई अनागारीका धम्मवतिले अनुवाद गर्नु हुन्थ्योSarah levin and David Gelner- *Re-Building Buddhism,* London: Harvard University press, 2005,pp211-212 ।

ध्यान भावना को अभ्यासमा फड्को मार्ने कार्य विपश्यना आचार्य सत्यनारायण गोयन्काको नेपालमा आगमन पश्चात भएको थियो । उहाँबाट सन् १९८१ मा सर्वप्रथम आनन्दकुटीमा दश दिवशीय ध्यानशिविरको आयोजना गर्नुभएको थियो । ऊ बा खीनको परम्परा लाई अनुकरण गरी गोयन्का गूरुको निर्देशनमा ध्यानशिविर संचालनको संग संगै म्यानमारका प्रसिद्ध ध्यानगुरु तथा छट्ठसंगयायनका प्रश्नकर्ता महाशिसयादो व्दारा निर्देशन दिने पद्धतिको सतिपट्ठान ध्यान पनि नेपालमा शूरुवाट भयो । बर्माका ध्यानगुरु उ.पण्डिताविभंसको वि.सं २०४१ मा नेपालमा आगमन पश्चात उपासिक चैत्यमाय शाक्यबाट प्रदान गरिएको शंखमोल स्थित बागमती नदीकोकिनारको आठरोपनी जग्गामा ध्यानकेन्द्र निर्माणको लागि दानदिने कार्य भयो र यही जग्गामा अन्तर्राष्ट्रिय ध्यान केन्द्रको निमार्ण कार्य शूरुभई वि.सं २०४४ देखी नियमित रुपमा ध्यानशिविर संचालन भयो कुमार रञ्जित- धम्मदूत, काठमाडौं: श्री कीर्ति बौद्ध केन्द्र ई.सं २००८) पृ ५१-५३। ध्यानगुरु ऊ सुन्दर वाट पनि ध्यान निर्देशन गर्नुभएको उक्त ध्यानकेन्द्रले ललितपुरकोपूर्वी पहाडमा अवस्थित लाकुरे भन्ज्यांगमा पनि ध्यानकेन्द्र विस्तार गरिंदै छ ।

## जनजातीहरुको धर्म प्रति जागरण

थेरवाद बुद्ध धर्म नेपालमा पुनर्जागण पश्चात महत्वपूर्णउपलब्धिमा नेपालका विभिन्न जनजातीहरु जोा शुरु देखीनै बुद्ध धर्मावलम्बि थिए, उनीहरुमा धर्मप्रति श्रद्धा र अध्ययन गर्ने परम्परा बृद्धि भएको पाईन्छ । नेपालका विभिन्न जनजातीहरु विशेष गरेर तामाङ, गुरुङ, शेर्पा, मगर, थारुहरुमा बुद्धधर्म प्रतिको जागरण कार्यपनि थेरवादको पुनर्जागरण पछि भएको थियो । थेरवाद बुद्धशासन अन्तर्गतका विभिन्न संस्थाहरुले समय समयमा गरेको बौद्ध जागरण कार्यक्रमले उनीहरुले विर्सीसकेका बौद्ध संस्कारहरुलाई फेरी एकपटक आत्मसात गर्ने अवसर प्राप्त गर्‍यो ।


Downloaded from http://www.dhamma.digital

त्यस्तै २०४६ असोज १३ गते बुद्धविहार भृकुटी मण्डपमा युवा बौद्ध समूह को आयोजनामा बुद्धधर्म र थारुसमाज विष्यक एक प्रवचन कार्यक्रम भएको थियो। भिक्षु अमृतानन्द महास्थविरको उपस्थितिमा भएको उक्त कार्यक्रममा पुर्व महान्यायाधीवक्ता रमानन्द प्रसाद सिंहबाट थेर शव्दबाट थारु भएको र थारुहरु बौद्धधर्म मान्ने जाति हो भन्ने कुराको सगौरव घोषणा गर्ने कार्यभयो वेवरजित तथा अन्य (सं) -युवा बौद्ध समूहको रजत वर्षको स्मारिका, काठमाडौं :युवा बौद्ध समूह, ई.सं २००७) पृ ६। थारुहरुको प्रमुख वस्ति रहेको सप्तरीको मटिगौडामा एक चैत्य निर्माणको कार्य युवा बौद्ध समूहको पहलमा भिक्षु अश्वघोष महास्थविर बाट २०४९ पौष २४ गते शिलान्यास र वि.सं २०५० चैत्र २४ गते भिक्षु कोण्डण्य बाट उद्घाटन १ १ पृ ७गरेपश्चात त्यसै ठाउँमा महान्यायाधीवक्ता रमानन्द प्रसाद सिंह व्दारा विहार निर्माण कार्य भयो ।

बौद्ध जागरण कार्यक्रमको शुरुबाट काठमाडौंको युवा बौद्ध समूह बाट वि.सं २०४७ सालबाट व्यवस्थित रुपमा शुरुगर्ने कार्यभयो। त्यस कार्यका लागि विशेष गरेर दिवंगत भिक्षु सुदर्शन महास्थविर, भिक्षु अश्वघोष महास्थविर बाट प्रमुख भूमीका खेल्नु भएको थियो। युवा बौद्ध समूहले शुरु गरिएको यस जागरण कार्यमा पछि अन्य बौद्ध संस्थाहरुले पनि यस्ता महत्वपूर्ण कार्यसम्पादन गर्ने कार्य भयो १ १ पृ १८-२२ जनजातिहरु माफ बुद्धधर्म प्रति चेतना जगाउने महत्वपूर्ण कार्यहरुमा वि.सं २०४७ तिर नेपालका छ जना जनजाती का कुलपुत्रहरुलाई प्रव्रजित गराई बौद्धदेश थाईलैण्डमा अध्यनार्थ पठाउने महत्वपूर्ण कार्य भिक्षु सुदर्शनको नेतृत्वमा सम्पन्न भयो। उक्त पांच समूहमा, तामाङ, थारु, मगर जातीका बालकहरुलाई श्रामणेरको दीक्षा दिई अध्ययनार्थ थाईलैण्डमा छात्रवृत्तिको व्यवस्था भएको थियो १ १ पृ ५।

त्यस्तै लुम्बीनिको उत्तरतिर रहेको रुपन्देह जिल्लाका मगर जातिहरुमा पनि बौद्ध जागरण कार्यक्रम बाट आफुहरु बौद्ध हौं भन्ने जागृत भयो। गोरे बहादुर खपांगि र एम.एस थापा मगरहरुको विशेष पहलमा मगरहरुमा बौद्ध जागरण कार्यक्रम हुँदैगयो। त्यसको नतीजा स्वरुप वि.सं २०५५आश्विन ३ गते विर्तामोडमा आयोजना भएको केन्द्रिय मगर संघको सम्मेलनमा मगरहरु बौद्ध भन्ने घोषणा गरियो १ १ पृ १२। बौद्ध जागरणको कार्यक्रम पछि मगरहरुले बौद्धसंस्कार नै मगरहरुको संस्कार हो भन्ने सन्देश दिने कार्यभयो। यस अभिप्रायको सन्देश मगरहरुको पत्रिका ''लाफा '' मार्फत प्रचार प्रसार गर्ने कार्यभयो।

## अवसरहरु

थेरवाद प्रचार प्रसारको लागि अहिलेको समय विभिन्न अवसरहरुले युक्त समयको रुपमा लिन सकिन्छ। थेरवाद बुद्धशासनको पुनर्जागरण पश्चात भएका विभिन्न गतिविधिहरुले नेपालमा बुद्धधर्म प्रचार प्रसारको लागि नयाँ पुर्वाधारहरु खडागर्ने कार्य भएको छ। विशेष रुपले परियत्तिको स्थापना, बौद्ध संघ संस्थाहरुको स्थापना, बुद्ध शिक्षामा उच्च अध्ययनको लागि विश्वविद्यालयहरुको स्थापना, ध्यानकेन्द्रहरुको विस्तार, जनजातीहरुबाट धर्म प्रति देखाएको लगाव, संचार माध्यम, इन्टरनेटमा भएको सहजता आदि लाई थेरवाद प्रचार प्रसारको लागि महत्वपूर्ण अवसरको रुपमा लिन सकिन्छ।


Downloaded from http://www.dhamma.digital

धर्मको बारेमा जानकारी प्राप्त गर्न तथा गहन अध्ययनको लागि भिक्षु, अनागारिका, उपासक तथा उपासिकाहरु व्दारा अनुवाद गरिएका मूल पालिका साहित्यहरु नेपाली तथा नेपालभाषा बाट निरन्तर रुपमा प्रकाशन भईरहेका छन्। भिक्षुहरुव्दारा शुरुगरिएको पालि साहित्य सम्बन्धि पुस्तकहरुको अनुवाद र लेखनको परम्परा हाल विव्दान गृहस्थहरुबाट पनि सम्पन्न भईरहेको छ। भिक्षु प्रज्ञानन्द, भिक्षु अमृतानन्द, भिक्षु अश्वघोष, भिक्षु सुदर्शन, भिक्षु ज्ञानपूर्णिक, अनागारिका धम्मवति, अनागारिका अग्गञाणि, धर्मरत्न शाक्य, दुण्डबहादुर बज्राचार्य, नानी मैंया मानन्धर, रत्नसुन्दर शाक्य, दोलेन्द रत्न शाक्य, आदिहरु व्दारा लेखिएका, सम्पादन गरिएका र अनुवाद गरिएका पालि साहित्य सम्बन्धि ग्रन्थहरु धर्म प्रचारका लागि महत्वपूर्ण श्रोत तथा सामग्रीको रुपमा लिन सकिन्छ।

छिमेकी देश भारतका विभिन्न प्रकाशन संस्थाबाट पनि पालि साहित्यका पुस्तकहरु नियमित रुपमा प्रकाशन भैरहेको छ जसलाई धर्म अध्ययन र प्रचारको लागि महत्वपूर्ण अवसरको रुपमा लिन सकिन्छ। भारतको इगतपुरीको विपस्सना विशोधन विन्यासबाट सम्पूर्ण पालिसाहित्य ( पिटक र अर्थकथा समेत) देवनागरीक लिपि र पालि भाषामा प्रकाशित भईसकेको छ। यसलाई आधार मानेर पालि साहित्यमा अनुदित नभएका ग्रन्थहरु नेपालको विभिन्न भाषामा अनुवाद गरी धर्म प्रचार गर्ने महत्वपूर्ण अवसर अहिले हाम्रो अगाडी विद्यमान छ।

थेरवाद साहित्य अध्ययनको लागि हाल नेपाल बौद्ध परियत्ति संस्था सकिय रुपमा रहेको छ भने त्रिभुवन विश्वविद्यालय अन्तर्गत केन्द्रिय बौद्ध अध्ययन विभाग, लुम्बिनी बौद्ध विश्वविद्यालय अन्तर्गत सम्बन्धन प्राप्त छ वटा संकाय र एक आंगिक क्याम्पस संचालनमा रहेको छ। त्यसमध्ये विश्वशान्ति विहारमा थेरवाद बौद्ध एकेडेमी सञ्चालन भैरहेको छ।

लेख रचनाबाट पनि बुद्धधर्म प्रचार प्रसार गर्ने महत्वपूर्ण माध्यम हो। हाल नेपालमा दैनिक, साप्ताहिक,पाक्षिक, मासिक तथा वार्षिक रुपमा निस्कने विभिन्न पत्रपत्रिकाहरु छन्। विद्युतिय सञ्चार माध्यम जस्तै रेडियो, एफ.एम तथा टिभी का विभिन्न च्यानलहरु मार्फत सामाजिक, आर्थिक, राजनैतिक आदि समस्या समाधान बुद्धधर्मको शिक्षाबाट सम्भव छन् भन्ने सन्देश प्रवाह गरी धर्म प्रचारमा तिव्रता ल्याउने अवसरहरु प्रशस्त छन्। बुद्धको शिक्षा समकालीन विविध समस्याहरु समाधान गर्न सक्षम छन् भन्ने सन्देशहरु विभिन्न दिवस जस्तै पर्यायवरण दिवस, अपांग दिवस, नारी दिवस, श्रमिक दिवस आदि विभिन्न सन्दर्भमा प्रभावकारी रुपले लेखरचनाको माध्यमबाट संप्रेषन गरी जनमानसमा प्रचार गर्न सकिन्छ।

धर्मलाई जीवन्त राख्नको लागि सैद्धान्तिक ज्ञानमात्र अपरिपूर्ण हुने कुरा बुद्धले विभिन्न सुत्रहरु मार्फत व्यक्त गर्नु भएको छ। हाल नेपालमा सतिपट्ठान सुत्र अन्तर्गतको विपस्सना ध्यानको लागि बुढानिलकण्ठको धर्मश्रृंग र शंखमोलको अन्तराष्ट्रिय बौद्ध भावना केन्द्रले निरन्तर रुपमा शिविर संचालन गर्दै आईरहका छन्। सर्वसाधारणलाई धर्मको गम्भिर अभ्यासमा लाग्नको लागि यो महत्वपूर्ण अवसर हो।

यी विभिन्न माध्यमहरुबाट बुद्धधर्म प्रचारगरी समाजमा विद्यमान विभिन्न सामाजिक, आर्थिक तथा राजनैतिक समस्याहरु समाधान गर्ने कुरामा महत्वपूर्ण योगदान दिने कुरामा दुईमत


Downloaded from http://www.dhamma.digital

छैन । धर्मका सरल शिक्षाहरुको जागरणबाट विद्यमान सामाजिक समस्याहरु जस्तै पारिवारिक कलह, छुवाछुत र लैंगिक भेदभावको अन्त्य गर्न, समाजको शान्तिलाई खलल गर्ने हिंसा, चोरी, व्यभिचार, भ्रष्टाचार र मादक पदार्थ सेवनवाट विरत रहने पञ्चशीलको शिक्षाले व्यक्तिको मन र तन स्वस्थमै स्वस्थ समाजको श्रृजनाहुने र यस्ता सकारात्मक कुराहरुको कारणले धर्मप्रचारको अवसर सहज गर्न सकिन्छ ।

धार्मिकपुर्वक जीवन जिउन सके विभिन्न आर्थिक समस्या पनि समाधान हुने कुरामा पनि विश्वस्त हुन सकिन्छ । लागु पदार्थको सेवन बाट टाढा रहने विलासी जीवन छोडेर कम भौतिक बस्तुमा सन्तोष हुने अप्रमाद हुने र वीर्य तथा उत्साह वृद्धि हुने गुणहरुको विकासले आर्थिक रुपमा पनि मानिसहरुलाई सबल बनाउनसक्ने छ ।

त्यस्तै संक्रमणमा गुज्रिरहेको नेपालको राजनीतिलाई सही दिशा र स्थायित्व दिने शिक्षाको नितान्त आवश्यक भईरहेको छ । बुद्धले आफ्नो जीवमानकालमा तत्कालीन राजाहरु जस्तै प्रशेनजीत कोशल, बिम्बिसार, उदेन आदि लाई राजकाज सम्बन्धि उपदेशहरु दिनु भएको थियो । पालि साहित्यमा विद्यमान बुद्धका ती शिक्षाहरु राजनीतिलाई पनि सहि दिशा निर्देश दिनको लागि सक्षम छन् । यसरी थेरवाद प्रचारको लागि विभिन्न अवसरहरु पनि विद्यमान छन् भने यस बाट सामाजिक, आर्थिक तथा राजनैतिक समस्या समाधानका अवसरहरु पनि प्रशस्त दिन समर्थ हुन सक्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

## चुनौतिहरु

बुद्ध नेपालमा जन्मनु भयो । तर बुद्ध धर्मको प्रचारमा विगत १०० वर्षको ईतिहासमा धेरै चुनौतिहरुको सामना गर्नुपर्ने परिस्थिति आएको प्रत्यक्ष प्रमाणहरु छन् । त्यस्ता चुनौतिहरु हालसम्म पनि विद्यमान नै रहेका छन् । त्यसलाई उचित रुपमा व्यवस्थापन गर्नु बुद्धका अनुयायीहरुको अहिलेको महत्वपूर्ण कर्तव्य हुन गईरहेको छ ।

सरकारी उदासीनता

लिच्छवीकालमा बुद्धधर्मको लागि राज्यसत्ताबाट विभिन्न किसिमका महत्वपूर्ण कार्यहरु भएको ऐतिहासिक साक्षिहरु छन् । तर मल्लकाल र त्यसपछि बुद्धधर्म तथा बौद्ध धर्मावलम्वी प्रति भेदभावको नीति तथा दमनको नीति अपनाएको ईतिहास छ । प्रजातन्त्र र गणतन्त्रको अवस्था आईसकेपछि पनि सरकारी नीति निर्माणमा बुद्धधर्म प्रवर्धन हुनेखालको कार्यक्रम लाई कम महत्व दिने प्रवृत्तिको निरन्तरता भईरहेको छ । सरकारी तथा गैर सरकारी संस्थामा बौद्ध भावना भएकाहरुको कमी छन् । यदाकदा बाध्यभएर बुद्धधर्मप्रति श्रद्धा राख्नेहरुलाई बौद्ध संस्थामा नियुक्ति दिईएता पनि बुद्धधर्म संग सम्बन्धित सरकारी र अर्ध सरकारी संस्थाहरुमा चाकरीको बलमा नियुक्ति गरेर धर्म प्रति श्रद्धा नभएका व्यक्तिहरुको हातमा ती संस्थाहरु संचालन गरी राजनैतिक स्वार्थ सिद्ध गर्ने कार्य चुनौतिको रुपमा अहिले पनि विद्यमान छन् ।

बौद्ध स्थलहरुको विकासमा ध्यान नदिने मात्र होईन त्यस्ता स्थलहरुलाई आफ्नो अनुकूल



Downloaded from http://www.dhamma.digital

व्याख्या गरेर गैर बौद्ध स्थलको रुपमा समेत परिवर्तन गर्ने कार्यमा लाग्नेहरुप्रति सरकार मुकदर्शक भईरहनु पनि बौद्धहरुको लागि ठुलो चुनौतीको रुपमा भईरहेको छ। हाल हुन गईरहेको ल्हासापाक्षको मञ्जूश्री लाई जबरजस्ती सरस्वति मन्दिरको रुपमा परिणतगर्न कोशिस गर्नु र त्यसमा सरकारी मौनता प्रदर्शन गर्नु तर सुर्खेतको काकेविहार जस्तो बौद्ध स्थलमा बुद्धमुर्ति स्थापना हुनलाग्दा बुद्धको मुर्तिलाई नै अपमान हुने किसिमले कानून र ऐनको प्रसंग जोडेर दमन गर्न खोज्नु यसका उदाहरणको रुपमा लिन सकिन्छ।

समग्रमा अधिकांस शासनगर्ने तथा सत्तामा बस्नेहरु बहुसंस्कृति देश नेपाललाई एकल संस्कृतिको मात्र हालिमुहालि गरी विद्यमान अरु संस्कृतिप्रति असहिष्णु हुने प्रवृत्ति छन्। एउटा संस्कृतिलाई मात्र विभिन्न संचारमाध्यमबाट प्रचार प्रसार गरि अरु संस्कृतिका समुदायहरुलाई पनि ती संस्कृतिमा ढाल्ने मनसायले सरकारी सयन्त्र प्रयोग गरीरहेको कुरा ज्वलन्त देखापरिरहेको छ। पञ्चायतकालदेखी शुरुभएका यस्ता नीतिहरुको अहिले पनि निरन्तरता भईरहेको छ। बौद्ध उत्सव तथा पर्वमा संचार माध्यम थाहा नपाएजस्तो बस्नु तर गैरबौद्ध पर्वहरु जस्तै बडा दसैं, तीज आदि विभिन्न चाँडपर्व हरुको बारेमा ध्यांग फुक्ने किसिमले प्रचार प्रसार हुनुले बुद्धका अनुयायीहरुमा मनोवैज्ञानिक प्रभावले विस्तारै देखासिखीमा त्यस्ता कियाकलापमा शरीक हुने प्रवृत्ति बढ्दै गई रहेको छ।

**संचार माध्यमको असहिष्णुता**

नेपालमा अहिले संचारको विकास भईरहेको छ। तर सरकारी तथा गैरु सहकारी संचार माध्यममा बौद्धहरुको न्युन उपस्थिति भएकोले आफ्नो अनुकूलको हिसाबले धर्मको सन्देश प्रवाहित गर्न सकिरहेको छैन। बुद्ध जन्मेको विषयलाई देशको गौरवको विषय बनाउनु भन्दा पनि बुद्धको शिक्षालाई कम महत्वदिने, तोडमरोड गर्ने, असहिष्णु भई बौद्ध धर्मावलम्बीहरुलाई होच्याउन खालको तथा धर्मको तेजोवध गर्ने सामाग्रीहरु पनि संचार माध्यमको विषयवस्तु बनिरहेको छ जसलाई धर्मप्रचारको चुनौतिको रुपमा लिन सकिन्छ। बुद्धका मूल शिक्षाहरु पनि आफ्नो अनुकूल नभएमा सेन्सर गर्ने गरिन्थ्यो। हाल सम्मपनि बुद्धधर्मका प्राविधिक शव्दहरु जस्तै अनिश्वरवादी, अनात्मवादी तथा बुद्धशासन जस्तो शव्दलाई सरकारी माध्यम बाट सेन्सर गर्ने वा त्यस्ता शव्दहरुको प्रयोगलाई निरुत्साहित गरी धर्मको मर्मलाई नै प्रभावहीन बनाउने कार्य भैरहेको छ।

विभिन्न सरकारी तथा गैर सरकारी च्यानलहरुमा धार्मिक कार्यकमको नाउँमा प्रसारण हुने कार्यकममा बौद्ध सन्देश, भजन, प्रवचनहरु झन झन न्युन हुँदै गईरहेको अवस्थाको बारेमा बौद्धहरुले आवश्यक पाईला चाल्नु आवश्यक भएको छ। केहि समय अगाडी बिहानको समयमा भारतीय च्यानलबाट गोयन्का गुरुको प्रवचन प्रवाहित भैरहेकोमा अहिले गुरुजीको निधन संगै प्रसारण रोकिएको छ जसको अभाव धेरैलाई खट्किरहेको छ।

नेपाललाई अन्तरीम संविधानले धर्मनिरपेक्ष भनेर घोषणा गरेको छ। तर धर्म निरपेक्षको संग संगै संचारमाध्यमहरुमा बुद्धधर्मको कार्यकमहरु न्युन हुन पुगेको आभाष भईरहेको छ। अझ अहिले त धर्म निरपेक्ष लाई चुनौति आईरहेको छ। एकभाषा, एकधर्म र एकजाति लाई



Downloaded from http://www.dhamma.digital

काखी च्याप्ने पुरानै प्रवृत्तिहरु राजनीतिका अगुवाहरुमा देखा परेका छन् । नेपालका सबै भाषा, सबै धर्म तथा सबै जातीहरुलाई समेट्ने संविधान आउने कममा बाधा व्यवधान उत्पन्न भईरहेको छ ।

## गैर बौद्ध संस्कृतिको प्रभाव

नेपाल बुद्ध जन्मेको देश भएतापनि हाल यहाँ गैर बौद्धसंस्कृतिको बाहुल्यता छ । एकातिर गैर बौद्ध परम्परा र संस्कृतिको प्रभावले बौद्धहरुलाई धर्मानुकुल हुन कमजोर पारिरहेको छ भने अर्कोतिर पश्चिमी देशहरुको विभिन्न आर्थिक र अरु सुविधाहरुको प्रलोभनमा गरीब बौद्धजनताहरु अरुको देखासिखीमा अन्य धर्ममा लाग्ने कम बढ्दो छ । यी विभिन्न चुनौतिहरुको सामना गर्नु आजका बौद्धहरुको कर्तव्य हुनगईरहेको छ ।

## सुझावहरु

चुनौतीहरुको व्यवस्थापन गर्नुको साथ साथै आन्तरीक कमीकमजोरी लाई पनि सुधार गर्दै लैजानु नितान्त आवश्यक छ । बुद्धको शिक्षाको विशेषता भनेको सांदृष्टिक, अकालिको र एहिपस्सिको विशेषताले पूर्णशिक्षा हो । यस विशेषतालाई पूर्ण उजागर गर्नेकार्यमा भैरहेको कमीका कारणले पनि बुद्धको लोक कल्याणकारी शिक्षालाई प्रचारगर्न पछि परेको हुनुको कुरालाई पनि सोच्नु आवश्यक छ ।

यसकोलागि धर्मलाई जीवन्त बनाउनु आवश्यक छ । सैद्धान्तिक, बुद्धिविलास र उत्सवको रुपमा मात्र धर्मलाई ग्रहण नगरी यसलाई दैनिक जीवनमा अभ्यासको विषय बनाउनु.नितान्त आवश्यक हुन्छ । अभ्यास विना सतहमा मात्र धर्मलाई ग्रहण गरेर लाभान्वित हुन नसक्ने र यसको प्रचार प्रसारपनि राम्ररी हुन सक्दैन ।

नेपालमा बुद्धधर्मका तिनै निकायहरु विद्यमान छन् यसलाई एउटा राम्रो विशेषताको रुपमा लिन सकिन्छ । तिनै यानको विचमा सहिष्णुता वृद्धि गरी यसलाई एक अर्काको पूरकको रुपमा प्रस्तुत हुन सके तिनै यानको धर्मलाई प्रभावकारी रुपमा प्रचार प्रसार गर्न सकिने कुरामा सम्बन्धित पक्षले चासोलिनु आवश्यक छ ।

बुद्ध धर्म सार्वजनीन धर्म हो भन्ने विश्वास दिलाउन जनजातीहरु, दलितहरु का साथै अन्य समुदायहरु प्रति लक्षितगरेर पनि जागरण कार्यकम संचालन गर्नु आवश्यक छन् । किनभने विवेकशील प्राणीहरुको नाताले मानिसहरु सही कुरा लाई देरसबेर मान्ने गर्छन ।

विभिन्न दैनिक पत्र पत्रिकामा धर्मको बारेमा लेख रचनाहरु छाप्ने कार्यमा बौद्ध लेखकहरुलाई प्रेरीत गर्नु र पत्रपत्रिकामा विभिन्न समयमा आईरहने धर्म सम्बन्धि भ्रमपूर्ण समाचार र धर्मानुकुल नभएका कुराहरु लाई समयमै जवाफ दिनको लागि पनि लेखकहरु लाई प्रेरित गर्नु आवश्यक छ । धर्म प्रतिगरिने कुतर्कहरु लाई समयमै जवाफ दिन नसक्नुले जनमानसमा नकारात्मक प्रभाव पर्न सक्ने भएकोले संचार माध्यमबाट आउने धर्म सम्बन्धि तोडमडोकका कुराहरुलाई समयमै सम्बोधन हुनु आवश्यक छ ।



Downloaded from http://www.dhamma.digital

## उपसंहार

नेपालमा थेरवादको पुनर्जागरणले धर्मप्रचारमा नयाँ सक्ति संचार भएको छ । सय वर्षको दौरानमा महत्वपूर्ण उपलब्धि यसबाट भएको छ । यसले नेपालका विभिन्न समुदायका मानिसहरुलाई धर्मश्रवण, अध्ययन, धर्मग्रहण र अभ्यासकोलागि महत्वपूर्ण अवसरहरु दिएका छन् । यसलाई निरन्तरता दिनु अतिनै आवश्यक कार्य हो भन्ने सबैको मनमा हुनु आवश्यक छ । धर्म प्रचारको कममा विभिन्न समय समयमा चुनौतिहरु पनि थपिन आएको छ । त्यसलाई सामना गर्ने वा व्यवस्थापन कसरी गर्ने भन्ने कुरामा सचेत हुनु आवश्यक छ । बुद्ध जन्मेको नेपालमा धर्मको प्रचारलाई शसक्त पार्न तथा धर्मको संस्थागत विकासको लागि र विभिन्न चुनौतिहरु लाई सामना गर्न दीर्घकालीन गुरु योजना तयार गर्नुपर्ने महशुस धेरैले गरेका छन् । भिक्षुहरु, अनागारिकाहरु, उपासक तथा उपासिकाहरुको सामुहिक प्रयास पोखिने त्यस गुरुयोजनाको माघ्यमबाट थेरवादको भावीयोजना, समग्र विकासका कार्यकमहरुको तर्जुमा तथा कार्यान्वयन गर्नसकेमा थेरवादको भविष्य उज्ज्वल हुने कुरामा कुनै शंका रहँदैन ।

### सन्दर्भ ग्रन्थहरू :


वज्राचार्य, प्रकाश, बौद्ध दर्पण, काठमाडौं :बुद्धजयन्ति समारोह समिति, आनन्दकुटी विहार काठमाडौं ई.सं १९९६

वज्राचार्य, भद्ररत्न, नेपालमा थेरवादी बौद्ध सम्प्रदाय एक अध्ययन , काठमाडौं: स्वत्ल्क, वि.सं २०५८

धाख्वा, अमिता, अन्तराष्ट्रिय बौद्ध भावना रजत महोत्सव स्मारिका, काठमाडौं : अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र शंखमोल, २०६९

महास्थविर, सुदर्शन ,बौद्ध संस्कृति, काठमाडौं: श्री कीर्ति बौद्ध केन्द्र, ई.सं १९९८

महास्थविर, सुदर्शन, महा परित्राण , काठमाडौं : सानुमैंया कंसाकार, ई.सं १९९५

महास्थविर, सुदर्शन, नेपालमा बुद्धधर्म, काठमाडौं : धर्मरत्न शाक्य, वि.सं २०५३

मानन्धर, त्रिरत्न, भिक्षु धम्मलोकको नेपाल यात्रा, काठमाडौं : पद्म कन्या क्याम्पस बाट प्रकाशित बुद्धज्योति ई.सं २०१३)

:वलबलमजवच,त्वरु क्षतलव, एवचक्तचबलब त्वबमक्तष्यल च्ल ल्मउबर् ९ ब्ल गलउगदष्किजभम तजमकष्क स त्वष्धजगखबल ग्लष्खभचकक्तय ट्टण्ण्ढ०

मानन्धर,तीर्थनारायण, जिगु लुमन्ति यें दे म्हिगः व थौं , काठमाडौं : नेपाल भाषा परिषद, काठमाडौं ई.सं २००७

रंजित, देव तथा अन्य (सं),(युवा बौद्ध समूहको रजत वर्षको स्मारिका, काठमाडौं : युवा बौद्ध समूह, ई.सं २००७

रञ्जित, कुमार, धम्मदूत, काठमाडौं : श्री कीर्ति बौद्ध केन्द्र ई.सं २००८

भिक्ष्ल्लब, क्षचबज बलम म्बक्ष्म लन्मलिमच, च्थदगधभिष्लन या बगममजष्क,ियलमयलस ज्वचक्षबचम ग्लष्खभचकक्तय एचभकक, ट्टण्ण्छ बम

शाक्य, सुवर्ण तथा अन्य (सं), नेपाल बौद्ध परयत्ति शिक्षा रजत जयन्ती स्मारिका, ललितपुरः नेपाल बोद्ध परियत्ति शिक्षा, ई.सं १९८९




Downloaded from http://www.dhamma.digital

# अध्यक्षको मन्तव्य



Dhamma.Digital



Downloaded from http://www.dhamma.digital




# 'नेपालमा थेरवाद बुद्धधर्म: कमजोरी र सामर्थ्य'

## पृष्ठभूमि

बुद्ध जन्मभूमिनेपालमाप्राचीनकालदेखि नै बुद्धधर्म राम्रोसंग प्रचार प्रसार भएको कुरा ईतिहासबाट स्पष्ट हुन्छ । यहां प्राचीन युगमा मौखिक रूपमा धर्म प्रचार प्रसार भएको देखिन्छ भने लिच्छविकालमा आएर बुद्धधर्म, बौद्ध दर्शन र बौद्ध कलाको अध्ययन अध्यापन केन्द्र भएको थियो । मल्लकालमा पनि धेरै बौद्ध विहारहरू,बौद्ध अध्ययन केन्दहरू थिए, तर मल्लकालको अन्त्यतिर राजा जयस्थिति मल्लको समयमा (सन् १८३२) बुद्धधर्ममा ठूलो ह्रास भएको देखिन्छ । जयस्थिति मल्लले त्यति बेलाको समाजमा हिन्दु वर्ण व्यवस्था लादी प्रवजितहरुलाई पनि जबरजस्ती गृहस्थी हुन बाध्य गराईएको थियो । यसरी मल्लकालको उत्तरार्द्धमा आएर स्थविरवाद बुद्धधर्ममा ह्रास आयो । राणाकालमा पनि यो स्थिति कायम नै रह्यो र प्रवजित भिक्षुहरुलाई बुद्धजन्मभूमिबाट निष्कासन समेत गरिएको थियो । तर राणाकालको अन्त्यतिर बुद्धजन्मभूमि नेपाल मुलुकमा स्थविरवाद बुद्धधर्मको पुनर्जागरण जहाँनिया राणाशासनको अन्त्यसंगै उत्थान भएको थियो । सन् १९२८ मा नेपालको इतिहासमा पुनर्जागरित थेरवाद बुद्धधर्ममा पहिलो प्रवजित श्रमणका रूपमा भिक्षु महाप्रज्ञाको उदयसंगै सन् १९३० मा भिक्षु प्रज्ञानन्द देखापरे । दुवैजना भारतको कुशीनगरमा म्यानमारका ऊ चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा श्रामणेर दीक्षा प्राप्त गरेका थिए । त्यसपछि प्रवजित भिक्षु एवं अनागारिकाहरूको संख्या क्रमश: वृद्धि हुँदै आयो ।

नेपालमा प्रजातन्त्र आएपछि वि.सं २००८ सालमा अखिल नेपाल भिक्षु महासंघको स्थापना भयो । भिक्षु महासंघको स्थापना भएदेखि स्थविरवाद बुद्धधर्म बिस्तारै प्रचार प्रसार हुँदै आयो ।स्थविरवाद बुद्धधर्म पुनर्जागरणपछि केहि प्रभावहरु देखा परिसकेको छ:परियत्ति शिक्षाको स्थापना (वि सं २०१९), काठमाण्डौ उपत्यका एवं उपत्यका बाहिर बिभिन्न जिल्लामा विहारहरु एवं परियत्ति केन्द्रको स्थापना, अनागारिका संघको स्थापना(वि.सं.२०४०)मा भयो,ध्यान केन्द्रहरुको स्थापना, चार परिषद् (भिक्षु, भिक्षुणी/अनागारिका उपासक उपासिका) भित्र सक्षम जनशक्तिको



Downloaded from http://www.dhamma.digital

विकास, बुद्धवचन त्रिपिटकको अनुवाद थालनी, बुद्धधर्म सम्बन्धि पुस्तक पत्रपत्रिका प्रकाशन,ज्ञानमाला भजन संघ स्थापना, विभिन्न धार्मिक संघ संस्थाको स्थापना, जनजातिहरुमा बुद्धधर्मप्रचार एवंप्रसार जस्ता कामहरूस्थविरवाद बुद्धधर्मको प्रचारको प्रमुख उपलब्धिको रुपमा लिन सकिन्छ । तर बेलाबखतमा यसका सामर्थ्यता वा सबल पक्ष र कमजोरी पक्षहरूको विश्लेषण एवं मूल्यांकन भने गर्नु आवश्यक छ । कमजोरी पक्षहरुलाई सुधार्नु पर्दछ भने सबल पक्षलाई भन बढाउनु पर्ने हुन्छ । जसरी खेतमा धान रोप्दा धान संगसंगै घाँस पनि उम्रिन्छ । समयमै घाँसलाई उखेल्न सकेन भने धान राम्रोसंग फलाउन सकिंदैन। त्यसरी नै कमजोरी पक्षलाई कमजोरी भनी समयमै चिन्नु पर्ने र सुधार गर्नको लागि प्रयत्न गर्नुपर्ने हुन्छ, जुन सम्यक व्यायामको अभ्यास पनि हो । वर्तमान स्थविरवाद बुद्धशासनलाई उत्थान गर्नको लागि चारै परिषद्को आ-आफ्नो भूमिका एवं दायित्वनिभाउन आवश्यक देखिन्छ ।

वर्तमान नेपालमा थेरवाद बुद्धशासन विकासमा पनि केहि कमी कमजोरीहरूदेखिएका छन् जुन सामयिक सुधार गर्नाले बुद्धधर्म व्यापक रूपमा प्रचार प्रसार हुने देखिन्छ । ती कमजोरीहरूलाई पहिचान गरी सुधार गर्नुपर्ने पक्षहरूनिम्न बुंदामा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

बुद्धशासन उन्नतिको लागि बृहत योजना एवं नीतिको आवश्यकता

कुनै पनि काम सुव्यवस्थित ढंगले सुचारु रूपमा संचालन गर्नाका लागि बृहत योजना एवं नीति हुनु अति आवश्यक छ, जस्को अहिले अभाव छ । नेपालमा थेरवाद बुद्धशासन समग्र उत्थान गर्नको लागि बृहत् लक्ष, समग्र दृष्टिकोण र सामूहिक प्रयास हुनु आवश्यक देखिन्छ ।धम्माचरिय अग्गञाणी गुरूमां प्रव्रजित भएको २५ बर्ष पूरा भएको रजत महोत्सवको उपलक्ष्यमा –

"वर्तमान नेपालमा बुद्धधर्म प्रचार प्रसारमा प्रव्रजितहरूको भूमिका" विषयक दुई दिने गोष्ठीमा गुरुमांहरूलेनेपालमा बुद्धशासनको उन्नत अवस्थाको परिकल्पना(Vision of Buddhism in Nepal by B.S. 2090) गरेका कुराहरू यहाँ उल्लेख गर्न सान्दर्भिक छ । जस्तैआज भन्दा बीस वर्षपछि अर्थात् वि.सं२०९०सम्ममा नेपालमाबुद्धशासनकोअवस्था कस्तो देख्न चाहनु हुन्छ ? यस विषयमा गहन छलफल गर्दा गोष्ठीमा सहभागीकरिब ३० जना गुरुमांहरूले प्रस्तुत गर्नु भएकापरिकल्पनामनन योग्य देखिन्छ:

- नेपाल अधिराज्यको कम्तीमा ५० जिल्लाहरूमा बुद्धधर्म प्रचार प्रसार भएको
- भन्ते तथा गुरुमांहरूको संगठन सुदृढ वा मजबूत भएको
- सक्रियरूपमा कार्यरत बौद्ध संघसंस्थाहरू (Functioning Buddhist Organizations) धेरै भएको
- कम्तिमा १००० (एकहजार) जना भन्तेहरू तथा गुरुमांहरू भएको
- विभिन्न क्षेत्रमा क्षमतावान् भन्तेहरू तथा गुरुमांहरू एवं उपासक उपासिकाहरु (चतुपरिषद्) भएको



Downloaded from http://www.dhamma.digital

- चारवटै परिषद्हरू परियत्ति,पटिपत्ति र पटिवेध शासनमा लागेको
- परियत्ति शिक्षाको व्यापक प्रचारप्रसार भएको
- सम्पूर्ण त्रिपिटक नेपाल भाषा र नेपाली भाषामा उपलब्ध भएको
- बौद्ध विश्वविद्यालयहरू तथा परियत्ति अध्ययन केन्द्रहरूको व्यापक विस्तार भएको
- धेरै संख्यामा ध्यानकेन्द्रहरू र स्वदेशमै अध्ययन गरेका ध्यानगुरुहरू तथा गुरुमांहरू भएको
- चतुपरिषद सम्मिलित भई बहुजनहिताय बहुजनसुखायको बाटोमा लागेको
- बौद्धहरूको जनसंख्यामा उल्लेखनीय अभिवृद्धि
- प्रत्येक स्कूल, कलेजमा बुद्धशिक्षालाई नैतिक शिक्षाको रूपमा लागू गरेको
- नेताहरूमा बुद्धशिक्षाप्रति चासो बढेको
- गृही विनय (Happy Home)को सन्देश व्यापक भएको
- बुद्धशिक्षा माध्यमबाट समग्र समाजको उत्थान
- सरकारमा बौद्धहरूको बाहुल्यता भएको
- विभिन्न मिडिया मार्फत् बुद्धधर्म प्रचारप्रसार भएको
- पञ्चशीलको माध्यमबाट अपराध एवं भयमुक्त समाजको सृजना ।

यी परिकल्पनाका उदाहरण वास्तविकतामा परिणत हुन के अहिले भईरहेका,गरिरहेका बुद्ध शासनिक कामले साकार हुन्छ त ?हाम्रो सामु चुनौतिपूर्ण प्रश्न चिन्ह खडाछ । बृहत लक्ष्य लिई सामूहिक प्रयासबाट बुद्धधर्म उत्थानमा समय,श्रम र स्रोत दिन नसक्नुमा प्रव्रजित वर्ग एवं दाता वर्गको कमजोरीदेखिन्छ । यसरी बुद्धशासन उन्नति अभिवृद्धिका लागि वृहत् सोच बनाई चारै परिषदलाई योजनाबद्धरूपमा समेटी लानुपर्ने बेला आएको छ । हाल प्रव्रजित वर्ग (भन्ते गुरुमांहरू)ले धार्मिक गतिविधिहरू आ-आफ्नो विहारमा गरिरहेका छन्, जुन राम्रो कुरा हो, तथापि यो विहारमा मात्र सीमित भएको छ । समग्र बुद्धशासन विकास र उत्थानको लागि सीमित कार्यले मात्र सम्भव छैन । हाल लुम्बिनीमा थेरवाद विहार बनाउनको लागि भिक्षु महासंघको सकृयतामा चारै परिषद्को संलग्नतामा जुन प्रयास भईरहेको छ त्यसलाई केहि सबल पक्ष मान्न सकिन्छ । यसरी नैप्रत्येक क्षेत्रमा आगामी दिनहरुमा यस्तो सामूहिक प्रयासहुनु आवश्यकदेखिन्छ ।

वर्तमान अवस्थामा थेरवाद बौद्धहरूमा अन्य सिद्धान्त एवं वादले प्रभावित गरिरहेको अवस्थामा हामी बौद्धहरू यस्तो वादमा सीमित हुने सम्भावना बढिरहेको छ । सहि धर्मको पहिचान गरी धर्मबाट लाभ हुनुको सट्टा धर्मबाट बन्चित हुनु परेकोले प्रत्येकव्यक्ति, परिवार र समाज विकासमा ठूलो बाधा भइरहेको देखिन्छ ।


Downloaded from http://www.dhamma.digital

सुझावहरू:

- वर्तमान नेपालमा थेरवाद बुद्धशासन विकासको लागि बृहत् लक्ष्य सामूहिक दृष्टिकोण, सामूहिक प्रयास अति आवश्यक हुँदा थेरवाद सासनको उत्थानका लागि वृहत योजना एवं नीति बनाई कार्यक्रमहरू तय गरी अगाडि बढ्नु आवश्यक छ। कार्यक्रमहरूले चारै परिषद्लाई संग्रह गर्नु आवश्यक छ। यसमा भिक्षु महासंघ र अनागारिका संघले प्रमुख भूमिका निर्वाह गर्नुपर्दछ। पाको अनुभवी प्रव्रजित वर्गको निर्देशन पनि आवश्यक हुन्छ।
- बुद्धधर्म प्रचारप्रसार गर्नका लागि सामूहिक कोष खडा गर्नु पर्दछ। यस्मा दाता वर्ग एवं प्रव्रजित वर्गबाट पनि योगदान हुनु आवश्यक छ।

**बुद्धधर्म उत्थानको लागि नेतृत्व वर्गको भूमिका**

वर्तमान नेपालको थेरवाद बुद्धशासन राष्ट्रियस्तरमा उत्थान गर्नको लागि सक्षम नेतृत्व प्रदान गर्न सक्ने व्यक्ति वा संस्थाको अभाव छ। अर्थात् बुद्धशासन उन्नतिका लागि विभिन्न गतिविधि र भइरहेका प्रयासहरूलाई समेटेर समग्र थेरवाद बुद्धशासन उत्थान तर्फ डोऱ्याउन सक्ने नेतृत्व वर्गको अभाव देखिन्छ, जसलाई हटाउनअत्यन्त आवश्यक छ। अर्कोतिर छरिरहेका विभिन्न संघसंस्था, समूहमा पनि नेतृत्व दिन सक्ने व्यक्तिहरूको अभाव छ। जसले गर्दा ती संस्थाहरूमा गरिरहेका कार्यकलापहरूबाट आशातीत नतिजा प्राप्त नभएकोदेखिन्छ।

**बहुजनहिताय बहुजनसुखायको अवधारणा अवलम्बन**

चरथ भिक्खवे चारिकंबहुजनहिताय बहुजनसुखायअर्थात् बहुजन हित र बहुजन सुखका लागि चारिका गर्नू भनीभगवान् बुद्धले आफूसहित ६१ जना अर्हत भिक्षु भईसकेपछि ती भिक्षुहरूलाई निर्देशन दिनु भएको हो।बहुजन हित र सुखको लागि बुद्धको उपदेशलाई नेपालका विभिन्न भूभागमा फैलाउनु आवश्यक छ। वर्तमान परिप्रेक्षमा थेरवाद बुद्धधर्म काठमाण्डौं उपत्यकामा मात्र सीमितछ। काठमाण्डौं उपत्यका बाहिर बुद्धधर्म प्रचारप्रसारको लागि भएको प्रयास निकै कम देखिन्छ। त्यसैले उपत्यका बाहिरका श्रद्धावान व्यक्तिहरू एवं अन्य जाति जनजातिहरूले बुद्धशिक्षाबाट लाभ लिन सकिरहेको अवस्था छैन। यो दुःखद कुरा हो। काठमाण्डौंलाई मूल केन्द्र मानी यहाँबाट अरू जिल्लाहरूमा जाति जनजातिहरू मार्फ धर्मको सन्देश पुग्नु अति आवश्यक छ। यस कार्यमा समय मै शीघ्र ध्यान दिन सकेन भनेसम्भावित बौद्ध जनजातिहरू अरू धर्ममा परिणत हुने धेरै सम्भावनादेखिन्छ। अन्य धर्ममा गईसकेपछि पुनः फर्काउन निकै ठूलो समय, साधन र स्रोत वा ठूलो सामाजिक परिचालन गर्नुपर्ने हुन्छ जुन हामी बौद्धहरूको क्षमताभन्दा बाहिर हुनेछ। अहिले बुद्धधर्म प्रचारको लागि जिल्ला जिल्लाबाट माग भईरहेको


Downloaded from http://www.dhamma.digital

सुझावहरू:

- बुद्धशासन उत्थानको लागि नेतृत्व लिन सक्ने व्यक्ति / संस्थाको आवश्यक छ । यसको अभाव पूर्तिको लागि भिक्षुमहासंघ, अनागारिका संघले ध्यान दिनुपर्दछ ।
- संघसंस्थामा पनि गरिरहेको काममा प्रभावकारीता ल्याउन अगुवाइ गरिरहेका व्यक्तिहरूको नेतृत्व सम्बन्धी क्षमता विकास गर्नुपर्ने देखिन्छ । क्षमता विकास सम्बन्धी तालिम प्रभावकारी हुन सक्छ ।

अवस्था छ । यी श्रद्धाका आवाजहरुलाई सम्मानपूर्वक करुणाको दृष्टिले हेर्ने र व्यवहार गर्नेको यहाँ कमी छ । बेलैमा यसतर्फ ध्यान दिनु पर्दछ ।

नेपालमा बुद्धधर्मको स्थिति र भविष्य युवा भिक्षु र अनागारिकाहरूको हातमा आएको छ । पहिलेका पुस्ताका प्रव्रजित वर्गहरूको योगदानबाट नेपालमा थेरवाद बुद्धधर्म प्रतिस्थापन भएको हो । दोस्रो पुस्ताका भन्ते एवं गुरुमांहरुले पनि बुद्धधर्मको प्रचारप्रसारमा कोसे ढुंगा थपेको देखिन्छ । आज बुद्धधर्मको उत्थान तेस्रो पुस्ता एवं युवा प्रव्रजितहरूको हातमा आएको छ । सोच्नुपर्ने बेला आएको छ कि के मैले पहिलो, दोस्रो पुस्ताको प्रव्रजितहरूले जस्तो योगदान दिएको छु ? बहुजनहिताय बहुजन सुखायको लागि मैले के काम गरिरहेको छु ? यो कुरामा प्रत्येक युवा प्रवजितले सोच्ने बेला आएको छ ।
बुद्धशासनको उत्थानको जिम्मा आजको युवा पुस्ताको काँधमा चुनौतिको रूपमा आएको छ । युवाहरूमा युवा जागरण, युवा शक्ति, उद्योग बल, प्रयास हुने हुँदा युवा पुस्ता नै धर्म प्रचारको दृष्टिले सक्षम वर्ग हो । स्वयं भगवान् बुद्धले धर्म प्रचार शुरु गर्नुहुँदा युवा अवस्थाका थिए ।

सुझावहरु:

- बुद्धधर्म प्रचार गर्नका लागि काठमाण्डौंलाई केन्द्र मानी भन्ते गुरुमांहरूलाई निश्चित जिल्ला निर्धारण गरी जिम्मेवारी दिई कार्य विभाजन गरेमा जिल्ला जिल्लामा बुद्धधर्म प्रचार प्रसार हुनजान्छ । यसमा सक्षम उपासक उपासिका तथा दाता वर्गहरूको पनि सहयोग लिन सकिन्छ ।
- कामको सहि मूल्यांकन गरी जिल्ला जिल्लामा धर्मप्रचार गर्ने प्रव्रजित वर्गलाई सन्मान दिनुपर्दछ, जसले गर्दा अरूलाई राम्रो कार्य गर्न प्रोत्साहन मिल्दछ ।


Downloaded from http://www.dhamma.digital

• बुद्धधर्म प्रचारमा लाग्ने प्रव्रजित वर्गलाई, उपासक उपासिकाहरूलाई संग्रह गर्न, जनसमूह परिचालन गर्नको लागि सामाजिक परिचालन सम्बन्धी क्षमता विकास हुनुपर्दछ । यसका लागि धर्मदूत तालिम (Dhammadut Missionary Trainning) दिनुपर्ने हुन्छ ।

दान र यसको सहीउपयोग

प्रव्रजित पक्षलाई चतुप्रत्यय (भोजन, वस्त्र, आवास, औषधी)द्वारा सेवा गर्नु गृहस्थी पक्ष ( उपासक, उपासिकाहरू)को दायित्व हो । गृहस्थीहरूबाट प्रव्रजितहरूलाई यस्तो दान दिई राम्रो संग्रह गर्न सक्यो भने प्रव्रजितहरूको जीवन सुव्यवस्थित रूपले अगाडि बढ्छ । यसरी उपासक उपासिकाहरूद्वारा सेवा गर्न नसक्दा प्रव्रजितहरू आ-आफ्नो भविष्यको सुरक्षाको लागि व्यक्तिगत संचित गर्नुपर्ने हुन्छ, बिरामी पर्दा, आपद् विपदको लागि जगेर्ना गर्नुपर्छ भन्ने मनस्थितिले गर्दा दानबाट आएको वस्तु, पैसा व्यक्तिगत संकलन गर्ने प्रवृति बढेको देखिन्छ । यहाँ बर्मा, थाइलैण्ड, श्रीलंका आदि देशमा जस्तो प्रव्रजित वर्गलाई सुरक्षण दिन सकेको अवस्था छैन ।

वर्तमान थेरवाद बुद्धशासनमा दान दिनसक्ने दाताहरू बढेको राम्रो पक्ष हो । तर कुन क्षेत्रमा दान दिंदा महत्फल हुन्छ ? त्यसमा दाताहरूले विचार पुऱ्याउनु आवश्यक छ । हुनत दान भनेको जहाँ, जसलाई दिए पनि हुन्छ तर पनि कस्तो क्षेत्रमा दान दिंदा धेरैलाई हित, सुख, कल्याण हुन्छ छुट्याउने क्षमता दाता पक्षमा हुनैपर्छ जसबाट दानको सदुपयोग हुन्छ ।क्षमतावान, विनयशील, गुणवान होस् वा नहोस् पहेंलो वस्त्र पहिरन गर्ने जो कोहीलाई पनि दाताहरूबाट दान पाउने प्रवृत्तिले गर्दा विनयशील नभएका, बुद्धशासनमा योगदान नभएका व्यक्तिहरूदानबाट लाभान्वित भई शिर ठाडो गरी हिंडिरहेका देखिन्छन् । यस्तो प्रवृतिले गर्दा दान ग्रहण गर्नका लागि मात्र प्रव्रजित हुने प्रवृति बढ्न सक्ने आशंका बढेको छ । त्यसो त भिक्षु तालिम केन्द्रहरूमा बच्चा बेलामा श्रामणेर गर्न ल्यायो, ठूलो भई शैक्षिक योग्यता हासिल गरी पूरा भईसकेपछि अभिभावक वर्गबाट छोड्न लगाउने प्रवृत्ति पनि नभएको होइन । यसो गर्दा बुद्धशासनको लागि भएको प्रत्यक्ष लगानी खेर गएको छ । त्यस्तै विदेशमा जानको लागि मात्र प्रव्रजित भई त्यहाँबाट अध्ययन गरी क्षमता अभिवृद्धि भएपछि चीवर वस्त्र छोड्ने प्रवृत्ति पनि यहाँ नभएको होइन । यस्तो प्रवृतिले गर्दा व्यक्तिगत रूपमा त लाभ होला तर नेपालको बुद्धशासनको लागि प्रत्यक्ष योगदान भएन । कोही कोही नेपाली प्रव्रजितहरू विदेशमा बसी राम्रोसँग धर्मप्रचार गरिरहेकाहरू पनि छन् जुन राम्रो मान्नुपर्छ । कोही कोही प्रव्रजित वर्ग विद्यार्थी भई अध्ययन गरिरहेका छन् भने कोही अध्ययन सकेपछि पनि स्वदेशमा नफर्की दान आदि भौतिक सुविधामा रमाई जीवन बिताईरहेकाहरू पनि पाइन्छन् । यस्ता जनशक्तिबाट स्वदेशमा बुद्धशासनको उत्थानको लागि योगदान नभएको देखिन्छ ।

मज्झिम निकाय अन्तर्गत धम्मदायाद सूत्रमा भगवान् बुद्धले भन्नु भएको छ – "धम्मदायादा मे भिक्खवे भवथ मा आमिसदायादा" अर्थात् "भिक्षुहरू ! धर्मको अंशियारी होऊ । तिमीहरू



Downloaded from http://www.dhamma.digital

भौतिक पदार्थका अंशियारी नहोऊ । आमिस दायाद (भोजन, चीवर, आवास, औषधीको लाभ सत्कार)लाई त्यागी धम्म दायाद हुन सकुन्,जसरी बाढीले गर्दा महासागरको पानी बढ्छ र द्वीपमा रहेका मानिसहरू डुब्छन् र तिनीहरूलाई यताउती बगाउँछन् । त्यसरी नै भगवान् बुद्धका आनुभावले आमिस दायाद वृद्धि हुन सक्छ तर त्योवृद्धिकोकारणले बुद्धशासनमा रहेका शिष्यहरू पनि डुब्ने छन् र बगाइने छन् ।"आफ्नो शिष्यहरूलाई यस महत्वपूर्ण धर्मदायाद प्राप्त गराउनको निमित्त भगवान् बुद्ध सधैं चिन्तित हुनुहुन्थ्यो । लाभ सत्कारको बाटो अर्कै, निर्वाणको बाटो अर्कै हो भनी बुद्धले उपदेश दिनु भएको छ ।

सुझावहरू :

- दाता वर्गले कुन क्षेत्रमा कहाँ दान दिंदा त्यस दानको सदुपयोग हुन्छ भन्ने थाहा पाउनु पर्दछ । यो समयको माग हो । यस्तो छुट्याउन सकेन भने दुशील वर्गले बढि प्रसय पाउँछ । त्यस्तो वर्गको हावी भएमा बुद्धशासनको लागि ठूलो हानि हुन्छ ।

- व्यक्तिगत दान (नवककम्म) प्रव्रजितले व्यक्तिगत राख्न सकिन्छ तर संघका लागि दिएको दान सांघिक नै हुनु पर्दछ र संघलाई दिएको दान व्यक्तिगत बाँडेर लिनु भन्दा सामूहिक हित हुने कार्यमा सदुपयोग गर्नसके राम्रो परिणाम आउँछ । त्यस्तै विहार निर्माण एवं संचालनको लागि वा यस्तै सामूहिक दिएको दानको हकमा प्रव्रजितवर्गले व्यक्तिगत रूपमा राख्नुको सट्टा विहारमा संचालक वा संरक्षण समिति छ भने यिनीहरूलाई पनि संलग्न गराउंदा उपयुक्त हुने हुन्छ ।

- सामूहिक हित हुने खालका जस्तै परियत्ति शिक्षा प्रचार प्रसार, ध्यान भावना प्रचार प्रसार, बौद्ध जागरण कार्यक्रम, त्रिपिटक अनुवाद, बुद्धधर्मका पुस्तक प्रकाशन, सामाजिक हित हुने कार्यक्रम आदि कामहरु गर्नुपर्छ जसले गर्दा व्यक्तिले आध्यात्मिक क्षमता अभिवृद्धि गर्न सकिन्छ । यस्ता क्षेत्रमा दाता वर्ग र प्रव्रजित वर्गले पनि योगदान गर्न सकेमा बुद्धशासन अभिवृद्धि हुन्छ ।

**भौतिक पक्षकाविकास भन्दा मानवीय क्षमताको विकास**

बुद्धशासन उत्थानको लागि भौतिक पक्षको विकास भन्दा मानवीय गुण/क्षमता विकास हुनु बढी आवश्यक छ । त्यसैले धार्मिक हिसाबले मानवीय क्षमता अभिवृद्धि वा मानवीय गुण अभिवृद्धि गर्नु अति जरुरी छ । किनकि मानवीय क्षमता अभिवृद्धि भयो भने त्यो क्षमताले भौतिक पक्षको विकास स्वतः हुन्छ र ठूलठूला काम पनि फत्ते गर्न सकिन्छ । तर यी कुराहरूलाई


Downloaded from http://www.dhamma.digital

हृदयंगम गर्न नसक्दा भौतिक निर्माण कार्यमा बढि केन्द्रित भएको हुन्छ। उदाहरणार्थ विहार अन्तर्गत ठूलठूला भवन निर्माण,मन्दिर बनाउने आदि भौतिक निर्माण आदि कार्यमा बढि केन्द्रित भई बढि खर्च भईरहेको देखिन्छ, जबकि मानवलाई मानव बनाउने शिक्षामा कम लगानी भईरहेको छ। धर्मद्वारा मानव क्षमता बढाउनेमा त्यति ध्यान दिएको देखिदैन। यसले गर्दा ठूल ठूला विहार, भवन, ठूला मूर्ति संरचना खडा भयो तर गुणवान विज्ञ जनशक्ति ( प्रव्रजित एवं गृहस्थी) उत्पादनमा कमी भयो। स्मरणीय छ जतिकै ठूल ठूला विहार निर्माण गरे पनि यदि त्यहाँ बस्ने व्यक्ति योग्य क्षमतावान भएन भने यहाँ विकास सट्टा विनाश नै हुन्छ।

विकासको नाममा भौतिक विकास हुनु आवश्यक देखिन्छ परन्तु निर्माणमा मात्र बढी जोड दिइ, मानवीय क्षमतामा ध्यान दिइएन भने उन्नतिको सट्टा अवनति नै हुन्छ। अतएव बढी लगानी गर्ने क्षेत्र भौतिक निर्माणमा भन्दा बुद्धधर्मबाट प्रव्रजित वर्ग र गृहस्थीहरूको क्षमता अभिवृद्धिमा ध्यान दिन आवश्यक छ। क्षमतावान जनशक्तिले मात्र बुद्धशासन उन्नतिमा योगदान दिन सक्छ। यस्ता कुरालाई प्रव्रजित र दाता दुबै पक्षले मनन गरी बुद्धि पुऱ्याइ समय, श्रम र लगानी गर्नु पर्दछ।

सभ्य समाज निर्माणका लागि समानता

भगवान् बुद्धको उपदेशहरूमा समानता प्रवर्द्धन गर्ने थुप्रै मानवताका शिक्षाहरू समाहित भएको पाइन्छ। भगवान् बुद्धले वसल सूत्रमा आज्ञा हुनु भएको छ "जन्मले कोही उच्च हुँदैन, जन्मले कोही नीच हुँदैन, आफ्नो कर्मले उच्च हुन्छ आफ्नै कर्मले नीच हुन्छ।"त्यस्तै बुद्धले उपदेशमा भनिएको छ महिला होस् या पुरुष होस् जो व्यक्ति श्रद्धा, शील, लाज, भय, बहुश्रुत, त्याग र प्रज्ञाले सम्पन्न छन् भने ऊ नै उच्च व्यक्ति एवं साँच्चै धनी भनिन्छ भनी सप्तसत्पुरुष धनमा उल्लेख गरिएको छ। भगवान् बुद्धले महिलाहरूको स्तर खस्किरहेको तत्कालीन समाजमा महिला उत्थानको लागि भिक्षुणी शासनको स्थापना गरी ठूलो धार्मिक कान्ति गर्नुभयो। भगवान् बुद्धले महापरिनिर्वाण हुनु अगाडि मारलाई भन्नुभएको थियो कि "जबसम्म यो शासनमा चार परिषद भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरू सक्षम हुँदैनन्, तबसम्म म महापरिनिर्वाण हुन्न।"यसरी बुद्ध धर्मले समतामूलक समाजलाई महत्व दिईराखेको छ।

बौद्ध समाजमा पनि केहि विभेदहरु भइरहेको पाउँछौं। महिला र पुरुष मिली बनेको समाजमा महिलाहरू पछि पर्नु भनेको महिलाको लागि मात्र बाधा होईन पुरुषहरूको उत्थानकै निम्ति बाधा हुनु पनि हो, समग्र समाज विकाशमा नै बाधा हो। त्यसैले विभेद गर्नु भनेको असभ्यपन हो भने समानता कायम गर्नु भनेको बौद्ध संस्कृति हो। सभ्य समाज निर्माण गर्न सचेत बौद्धहरूले यी कुरामा सोच्नसक्नु पर्दछ।



Downloaded from http://www.dhamma.digital

- बुद्धधर्ममा महिलाहरूको सहभागिता बढाउने हो भने बर्तमान समयमा विभिन्न उद्देश्यले स्थापित महिला समूहहरुलाई पनि समेट्नु पर्ने देखिन्छ।
- बुद्धधर्म व्यापक प्रचारप्रसार गर्नको लागि भन्ते गुरुमांहरुको धार्मिक सम्बन्ध एवं समन्वय प्रभावकारी हुनुपर्ने देखिन्छ।
- बौद्ध संघसंस्थामा सक्रिय रूपमा भाग लिने, बौद्ध समाजमा नेतृत्व लिने जस्ता कार्यमा महिला वर्ग पछि परिरहेका छन्। आधा आकाश ढाकेका महिलाहरूलाई पछाडि पारेर समाज, मुलुक, विकास हुँदैन्। नयाँ नेपालले परिकल्पना गरेको "राज्यको हरेक संरचनामा महिलाहरूको कम्तिमा ३३ प्रतिशत सहभागिता" भन्ने कुरालाई हामी बौद्धहरूले पनि मनन गर्नु आवश्यक छ। शिक्षित बौद्धहरूले धार्मिक समारोह गर्ने बेलामा, संघसंस्थाको पदमा, संघसंस्थाका कामहरू संचालन गर्ने बेलामा महिलाहरूलाई पनि समान अवसर दिनुपर्ने देखिन्छ।

महापरित्राण पाठ पूनित कार्यमा पनि कर्मकाण्डको प्रवेश

भगवान बुद्धले ४५ बर्षसम्म दिनुभएको उपदेश त्रिपिटकमा संग्रहित छन्। ती त्रिपिटक अन्तर्गत सूत्रपिटकको केहि सूत्रहरु परित्राणको रूपमा पाठगर्ने प्रचलन थेरवाद बुद्धशासन पुनर्जागरण पछि हाम्रो मुलुकमा प्रचलनमा आएको छ। अहिले यो चलनले बौद्ध समाजमा व्यापकता लिएको छ। परित्राणमा बुद्धका उपदेशहरूसंग्रहित छन्। आफ्नो र अरूको हित प्रवर्द्धन गर्ने परित्राण पाठ गर्नु,श्रवण गर्नु स्वयं राम्रो पक्ष हो तर यस्ता अमूल्य उपदेश संग्रहित सूत्रहरूलाई भूत प्रेत भगाउने, रोग निको पार्ने रूपमा मात्र प्रयोग गरे एवंप्रवजितवर्गको व्यक्तिगत दान दक्षिणा प्राप्त गरी स्रोत साधन जम्मा पार्ने माध्यम बनाउँछ भने यो बुद्धको सहि शिक्षाको क्षेत्रमन्दा बाहिर गएको हो भन्ने कुरालाई सचेत बौद्धहरूले सोच्नु पर्ने बेला आएको छ। बुद्धधर्म कर्मकाण्ड प्रदायक धर्म होइन। दाताहरूले पनि कर्मकाण्ड तिर फसाइरहेको छ भने प्रव्रजितहरू पनि कर्मकाण्डमा फसिरहेको अवस्था छ। कुन, कस्ता कामले बुद्धशासनको उन्नतिमा प्रत्यक्ष योगदान दिन्छ भन्ने कुरामा केलाउनु पर्ने समय आएको छ। बढि समय र श्रम दिई बुद्धशासन उन्नतितिर लागि पर्नु पर्ने अवस्थामा प्रव्रजित वर्ग, दाता वर्ग, कर्मकाण्डतिर लागेमा बुद्धशासनको कस्तो हविगत हुन्छ, यो सोच्ने बेला भएको छ।

बुद्ध शासनको आयु: विनय पालन

विनयो नाम सासनस्स आयु अर्थात् प्रव्रजित वर्गलाई शील सदाचारयुक्त संयमित जीवन बिताउनको लागि बुद्धले विनय/नियमहरूको उपदेश दिनु भएको छ। गृहस्थीहरूको लागि पञ्चशील, अष्टशील आदि शिक्षापदहरू दिनु भएको छ।


Downloaded from http://www.dhamma.digital

विनय पालन गर्दा आफूलाई पनि संयमित जीवन बिताउन सक्ने तथा अरुलाई पनि बुद्धशासनमा श्रद्धा वृद्धिमा प्रभावित पार्न सक्ने हुन्छ । यसको ठीक विपरीत प्रव्रजित व्यक्तिहरू दुशील भएमा त्यस व्यक्ति प्रति मात्र होइन समग्र बुद्धशासनमा लागेका अनुयायीहरूको श्रद्धालाई समेत असर पार्दछ । त्यसैले भनिएको छ अप्पसन्नानं पसादाय, पस्सनानं भिरुयोभावाय अर्थात् अप्रसन्न हुनेहरूलाई प्रसन्न गराउन र प्रसन्न हुनेहरूलाई झन प्रसन्न बनाउनको लागि पनि प्रव्रजितहरू विनयशील हुनु अति आवश्यक छ ।

विनय नियम उल्लंघन जो भिक्षु वा अनागारिकाहरूले गरिरहेका छन्, उहाँहरूलाई भिक्षु महासंघ, अनागारिका संघले बेलाबखतमा सचेत गराउनु आवश्यक हुन्छ । विनयको दृष्टिले मूल्यांकन गरी उल्लंघन गर्नेलाई दण्ड सजायको पनि प्रभावकारी व्यवस्था हुनुपर्ने देखिन्छ । अशोक महाराजको समयमा शासन शुद्धिकरण नगरेको भए हामीले बुद्धशासन देख्न पाउने थिएनौं होला ।

यसै सन्दर्भमा बुद्धशासनको आठ वटा विशेषता समुद्रसँग दाँजेर बुद्धले उपदेश दिनु भएको प्रसंग यहाँ केहि उल्लेख गरिएको छ ।

समुद्रले किनारालाई नाघ्दैन – जसरी समुद्रको पानी स्थिर भई सिमाना नाघ्दैन,त्यस्तै बुद्धका शिष्यहरू भगवान् बुद्धले प्रज्ञप्त गर्नु भएको शिक्षापदलाई उल्लंघन गर्दैन । ज्यानको बाजि राखी शिक्षापदलाई रक्षा गरिराखेको हुन्छ । अर्को समुद्रको विशेषता – जसरी समुद्रमा रहेका लास, घृणित चिजवस्तु छालले हुट्याई किनारामा पुन्याउँछ, त्यस्तै नै बुद्धशासनमा मल समान कुहिएको शील सदाचार नभएका दुशील अश्रमण भए पनि श्रमण जस्तै भई चारिका गर्ने, अब्रह्मचारी भएर पनि ब्रह्मचारी जस्तै भई हिंड्ने प्रव्रजितहरूलाई भिक्षुसंघले बहिष्कार गर्छ । यसरी बुद्धले दुशील प्रव्रजित वर्गलाई निकै सचेत गराइएको उपदेशहरू पालि साहित्यमा प्रशस्त भेटिन्छन् ।

जसरी गृहस्थीवर्गहरू ठूलठूला महल, मोटर साइकल, महँगो आइ फोन, आइ प्याड जस्ता भौतिक वस्तुमा आशक्त हुन्छन्, प्रव्रजित वर्ग पनि ठीक यस्ता चिजहरूमा आशक्ति भएमा प्रव्रजित वर्गको पनि बाँच्ने लागत खर्च (Cost of living) बढी हुनेमात्रहोइन शील सदाचार प्रवर्द्धन गरी तृष्णा आशक्ति कम गर्नेतिर लाग्नु मन्दा भौतिक सुखप्राप्तिमा लालायित हुनुपर्ने हुन्छ र प्रव्रजित जस्तो महान उद्देश्यको मूलधार मन्दा धेरै बाहिर जान्छ ।

थेरवाद बुद्ध शासनमा आचार्य शिष्यको सम्बन्ध

वर्तमान् नेपालको थेरवाद बुद्धशासनमा गुरुवर्गबाट शिष्यहरूलाई बुद्धधर्म सम्बन्धि उचित शिक्षादिक्षा दिई राम्रोसँग संग्रह गर्नुपर्ने देखिन्छ । शिष्यहरू पनि गुरुको छत्रछायाँमा गौरवपूर्वक धर्म अध्ययन गर्नुपर्ने देखिन्छ । जबसम्म शिष्यहरू धर्मको हिसाबले सक्षम हुँदैन, तबसम्म गुरुवर्गले छोड्न नहुने देखिन्छ, जसरी कुशल आमाबुवाले आफ्ना छोराछोरीहरू क्षमता नभएसम्म छोड्दैनन् । हिजोआज धर्मको गहन अध्ययन विना नै युवा प्रव्रजित वर्गहरू विहाराधिपति भइरहेको पनि देखिन्छ । गुरुको छत्रछायामा बसी धर्म अध्ययन गरी अनुभव


Downloaded from http://www.dhamma.digital

बटुली सकेपछि मात्र विहाराधिपति वा विहार प्रमुखको जिम्मा लिएको खण्डमा धार्मिक वातावरणमा विहार चलाउन सक्छ, उपासकउपासिकाहरूलाई पनि राम्ररी संग्रह गर्न सक्ने हुन्छ। यस पक्षलाई भिक्षुमहासंघ एवं अनागारिका संघले पनि उचित ध्यान पुऱ्याउनु पर्ने देखिन्छ। त्यस्तै थेरवादबुद्धशासन पुनर्जागरण समयका अग्रज प्रव्रजितवर्गहरूले आफ्नो उपासक उपासिकाहरूमा धार्मिक शिक्षाद्वारा क्षमता वृद्धि गरी संग्रह गरेको, राम्रा व्यवहारहरू अहिलेका पुस्ताहरूले पनि अनुकरण गर्न योग्य देखिन्छ। उपासकउपासिकाहरूले पनि प्रव्रजित वर्गलाई आदर गौरवपूर्वक श्रद्धा राख्नु कर्तव्य हो। बुद्धशासनका चारपरिषद् प्रव्रजित पक्ष र गृहस्थी पक्ष एक अर्काका प्रतिस्पर्धी होइनन् बरु बुद्धशासन उत्थानका लागि परिपूरकको रूपमा लिइनु पर्ने कुरालाई हामीहरूले मनन गर्नु आवश्यक देखिन्छ। धर्मको अध्ययन एवं आचरण सम्पन्न प्रव्रजित पक्ष र गृहस्थीपक्ष बुद्धशासन उन्नतिका लागि सम्पत्ति हो।

वर्तमान नेपालमा थेरवाद बुद्धशासनका सबल पक्षहरु

यी माथिका वर्तमान नेपालमा थेरवाद बुद्धशासनमा पनि केहि कमी कमजोरीहरूर त्यसलाई सुधार्नु पर्ने पक्षहरूहुन्। वर्तमान नेपालमा थेरवाद बुद्धशासनमा सबल पक्षहरु पनि निकै छन् जुन सामर्थ्यलाई आगामी दिनहरूमा बुद्धशासनविकास र उन्नतिका लागि आवश्यक छ। ती सबल पक्षहरु निम्न बुँदामा प्रस्तुत गर्ने प्रयास गरिन्छ :

नेपाल बौद्ध परियत्ति शिक्षाको माध्यमबाट बुद्ध शिक्षाको प्रचार प्रसार

आज भन्दा ५० वर्ष अगाडि भिक्षु बुद्धघोष महास्थविरबाट शुरुवात गर्नु भएको परियत्ति शिक्षालाई भिक्षु महासंघको अगुवाईमा चारै परिषद्को संलग्नतामा परियत्ति शिक्षा संस्थागत रूपले निरन्तर अगाडि बढि रहेको सामर्थ्य वा सबल पक्ष मानिनु पर्छ।

५० वर्षको दौरानमा करीब १०० भन्दा बढि परियत्ति सद्धम्म कोविद उपाधि, ३७५ जना भन्दा बढि परियत्ति सद्धम्म पालक उपाधि, करीब ४०,००० विद्यार्थीहरूले विभिन्न तहमा अध्ययन, करीब ७० वटा परियत्ति केन्द्रहरू काठमाण्डौ उपत्यका र विभिन्न जिल्लाहरूमा गरी १३ वटा जिल्लामा स्थापना भैसकेको अवस्था छ। यसरी भगवान बुद्धको सन्देश नेपालको प्रत्येक गाउँ शहरहरूको कुनाकाप्चासम्म पुरयाउने उद्देश्य लिई नेपाल बौद्ध परियत्ति शिक्षाले जनमानसमा बुद्धधर्म सम्बन्धी सही शिक्षा दिँदै आएको प्रशंसनीय पक्ष हो। शिक्षित बौद्ध उपासकउपासिकाहरूले आफ्ना छोराछोरीहरूलाई बाल्यकालदेखि नै नैतिक शिक्षाको रूपमा परियत्ति शिक्षा पढाउन थालेको बुद्धशासनको सबल पक्ष मान्न सकिन्छ।

विभिन्न धर्म, विभिन्न वाद फैलिरहेको आजको परिस्थितिमा परियत्ति शिक्षा हासिल गरेका व्यक्तिहरू सही धर्ममा स्वावलम्बी हुन सक्ने कुरामा दुईमत छैन। हाल परियत्ति शिक्षा हासिल गरेका जनशक्तिबाट नै विभिन्न संघसंस्थामा नेतृत्व प्रदान गरिरहेको छ। केन्द्रहरुमा संलग्न छन्। बुद्धधर्ममा उच्च शिक्षा हासिल गर्न थेरवाद बुद्धिस्ट ऐकेडेमीको स्थापनामा पनि परियत्ति शिक्षाबाट उत्पादित जनशक्तिको ठूलो योगदान छ।



Downloaded from http://www.dhamma.digital

यसरी त्रिशुली शहरबाट विजारोपण भएको बौद्ध परियत्ति शिक्षा अहिले हाँगाबिंगा सहितको रुखको रूपमा नेपालका विभिन्न ठाउँहरूमा फैलँदै आज पचास बर्षमा पदार्पण गैसकेको छ ।

सुझावहरू:

- परियत्ति जागरण टोली बनाई विभिन्न जिल्लामा जागरण कार्यक्रमहरु सञ्चालन गरी विभिन्न जनजातिहरु माफ्र पुग्ने
- विभिन्न जिल्लाका स्थानीय शिक्षक शिक्षिकाहरूलाई तालिम दिई सरकारी र प्राईभेट विद्यालयहरूमा परियत्ति शिक्षालाइ विस्तार गर्ने ।
- अधिराज्य भरि रहेका थेरवादी विहारहरूको विभिन्न धार्मिक कार्यक्रमहरूमध्ये एक परियत्ति शिक्षा अनिवार्य हुनु पर्ने ।
- परियत्ति शिक्षा प्रचार प्रसारका लागि प्रव्रजित एवं दाताहरूको सहयोगमा सामूहिक कोष खडा गर्ने ।
- परियत्ति शिक्षालाई उच्चशिक्षासंग सम्बन्ध गराउने ।

विपस्सना ध्यान भावनाको प्रचार प्रसार

भावना भनेको हाम्रो यो चञ्चल मनलाई एकाग्र गर्ने, स्थिर गर्ने, आफ्नो अधीनमा राख्ने, संयम गर्ने एवं चित्त शुद्ध गर्ने प्रक्रिया हो । भावना आध्यात्मिक सुख शान्तिको निमित्त गर्ने साधना हो । वास्तविक सुख शान्ति भनेको आन्तरिक शान्ति हो, जुन चित्तको निर्मलता, शुद्धतामा हुन्छ । चित्तमा जबसम्म नराम्रा प्रवृत्ति राग, द्वेष, मोह, इर्ष्या, मात्सर्य आदि रहेका हुन्छन्, तबसम्म सुख, शान्तिको चाहना गरे तापनि सुख शान्ति अनुभव गर्न सकिंदैन । आफ्नो शरीर र मनलाई स्मृतिपूर्वक, होश राखी शरीर, मनको वास्तविक स्वभाव जस्तो छ त्यस्तै देखिने किसिमले विशेष रूपले हेर्नेलाइ विपस्सना भनिन्छ । "एकायनो अयं भिक्खवे मग्गो सत्तानं विसुद्धिया, सोक परिदेवानं समतिक्कमाय, दुक्ख दोमनस्सानं अत्थङ्गमायञायस्स अधिगमाय निब्बानस्स सच्छिकिरि याय, यदिदं चत्तारो सतिपट्ठाना ।" अर्थात् "भिक्षुहरू ! यी चार स्मृतिप्रस्थान नामक आचरण मार्ग सत्वहरूको चित्तमल निर्मल पार्न, शोक र परिदेवलाई अतिक्रमण गर्न, शारीरिक दुःख र मानसिक पिडालाई शान्त गर्न, आर्यमार्ग लाभ गर्न, निर्वाणलाई साक्षात्कार गर्न एउटै मात्र मार्ग हो ।

वर्तमान नेपालमा विभिन्न ध्यान केन्द्रहरु स्थापना भई व्यवस्थित रूपले जनमानसमा ध्यान भावना प्रचार प्रसार गरिरहेको सबल पक्ष मान्न सकिन्छ । बालबालिकाहरूका लागि बाल लघु शिविर सञ्चालन बाल्य अवस्थादेखि नैतिक छाप राख्नको लागि सफल माध्यम भएको देखिन्छ ।



Downloaded from http://www.dhamma.digital

सुझावहरू:

- क्लेश कम गर्ने, अन्धविश्वासको सट्टा सहि दृष्टिले हेर्न सक्ने क्षमता प्रदान गर्ने ध्यानलाई चारै परिषदले अभ्यास गर्नु आवश्यक छ ।अधिराज्य भरि रहेका थेरवादी विहारहरूको विभिन्न धार्मिक कार्यक्रमहरूमध्ये ध्यानलाई बढि प्राथमिकता दिनु पर्ने ।
- देशमा नेतृत्व वर्गलाई पनि ध्यानमा संलग्न गराउन सकेमादेशमा शान्ति ल्याउनको लागि ठूलो योगदान हुन्छ ।
- विभिन्न जिल्लामा रहेका परियत्ति केन्द्रहरू, सरकारी र प्राईभेट विद्यालयहरूमा समेत ध्यान भावनाको विस्तार गर्ने ध्यान केन्द्रहरूले पहल गर्नु पर्ने देखिन्छ ।

थेरवाद बुद्धशासनमा जनशक्ति

वर्तमान नेपालमा थेरवाद बुद्धशासनमा प्रव्रजितहरूको संख्या ६४६ पुगेका छन् । जसमध्ये स्वदेशमा १०० भिक्षुहरू, ९८ जना श्रामणेरहरू र १३० जना गुरुमांहरू गरी ३२८ छन् भने बिदेशमा (श्रीलंका, थाईलैण्ड र बर्मा) ३१८ जना छन् । यसरी ६४६ जना पुगेका छन् । प्रव्रजित हुनेहरूमा करीब ८०% नेवार समुदायका छन् भने करीब २०% मात्र अरु जाति जनजातिका छन् । यसरी प्रवजितहरूको संख्याको साथ साथै गुणात्मक वृद्धि गर्न सक्यो भने बुद्धशासन अभिवृद्धि हुने कुरामा कुनै शंका छैन ।

न जच्चा वसलो होति न जच्चा होति ब्राम्हणो, कम्मना वसलो होति कम्मना होति ब्राम्हणो अर्थात् जन्मले कोहि ब्राम्हण हुँदैन,जन्मले कोहि नीच पनि हुँदैन, आफ्नै कर्मले नीच हुन्छ आफ्नै कर्मले उच्च हुन्छ । उच्चनीच भनेको जात विशेषबाट हुने होइन, आफ्नै कामले गर्दा हुन्छ । भगवान बुद्धको उपदेशलाई अंगिकार गर्ने यहाँ सबै जातजातिका लागि प्रव्रजित हुनको लागि सजिलै ठाउँ उपलब्धछ । त्यसैले थेरवादमा विभिन्न जातबाट प्रव्रजित हुन आएको देखिन्छ । अन्तरजातीय विवाहबाट व्रतबन्ध गर्न नसकेकालाई पनि विकल्पको रूपमा श्रामणेर गर्ने प्रचलनलाई पनि राम्रो पक्ष मान्न सकिन्छ । कर्मकाण्ड प्रधान इहि गर्ने गुफा राख्नु सट्टा केटीहरूलाई ऋषिनी प्रव्रज्या गराई बच्चा बेलादेखि बुद्धधर्मको सहि शिक्षा दिनुलाई राम्रो पक्ष मान्न सकिन्छ ।

यसरी चतुपरिषदमा प्रव्रजित पक्षमा जनशक्ति छ भने सक्षम उपासकउपासिकाहरूमा पनि वृद्धि हुदै आएको लाई सकारात्मक रूपमा लिन सकिन्छ । परियत्ति शिक्षा प्रचारप्रसारमा लाग्ने उपासक उपासिकाहरू, ग्रन्थपुस्तक अनुवाद गर्ने, पुस्तक प्रकाशन गर्ने, आर्थिक सहयोग गर्ने दाताहरू पनि बुद्धशासन चिरस्थायी गर्नका लागि सक्षम जनशक्ति मान्न सकिन्छ ।


Downloaded from http://www.dhamma.digital

सुझावहरू:

- प्रव्रजित वर्ग र सक्षम उपासकउपासिकाहरू बुद्धशासनको भारवाहक भई आफूले पनि धर्म धारण र पालन गरी अरुलाई पनि हित सुख अभिवृद्धि गरी प्रचार प्रसारमा लागीपर्नु पर्ने देखिन्छ ।
- विदेशमा अध्ययन गरी आएका नेपाली प्रव्रजित भिक्षुहरू नेपालको अवस्थालाई बुझी सोहि बमोजिम अनुकूल हुनेगरी बुद्धधर्म प्रचार प्रसार गर्नुपर्ने देखिन्छ ।
- बुद्धधर्म प्रचार प्रसार गर्नको लागि जाति जनजातिहरूबाट प्रव्रजितहरूको संख्या बढाउनु पर्ने देखिन्छ ।
- प्रव्रजित वर्ग र सक्षम उपासकउपासिकाहरूले विभिन्न मिडिया मार्फत बुद्धधर्म व्यापक प्रचार प्रसार गर्नुपर्दछ ।

बौद्ध विहार र बौद्ध संघ संस्थाहरूको भूमिका

थेरवादको पुनर्जागरण पश्चात् धेरै विहारहरू एवं संघसंस्थाहरू निर्माण भइसकेका छन् । करीब १२२ वटा विहारहरू (काठमाण्डौ उपत्यकामा ६४ वटा र काठमाण्डौं बाहिर ५८ वटा) स्थापना भईसकेका छन् भने १३ वटा जिल्लामा ७० वटा परियत्ति केन्द्रहरूस्थापना भईसकेका छन् । त्यस्तै थुप्रै बौद्ध संघ संस्था बनिसकेको अवस्था छ ।सक्षम संस्थाहरूधेरै हुनु बुद्धधर्म प्रचार प्रसारको लागि सबल पक्ष हो ।

- विहार भएको तर भन्ते गुरूमांहरू नभएको जिल्लाहरूमा त्यहाँका उपासक उपासिकाहरूले आफ्नो छोरा/छोरी वा आफन्तजनहरूलाई प्रव्रजित गर्न प्रोत्साहन दिई बुद्धशासनको अंश लिन सकिन्छ । जसवाट त्यहाँ बुद्धशासनको जिवन्त परम्परा चलाउन ठूलो सहयोग हुनजान्छ ।
- वर्तमानमा भईरहेका संरचना अर्थात् सबै थेरवादी बौद्ध संघसंस्थासंग सम्बन्ध विस्तार गरी समन्वय एवं सहकार्य गरी बृहतरूपमा लक्ष्य लिई बुद्धधर्म प्रचार प्रसार गर्ने ।

बुद्धधर्म सम्बन्धि पुस्तक प्रकाशन एवं उपलब्धता

थेरवाद बुद्धधर्मको पुनर्जागरण पछि बुद्धधर्म सम्बन्धि विभिन्न ग्रन्थ/पुस्तकहरू, पत्रपत्रिका प्रकाशित भएका छन् । राम्रो पक्ष त बुद्धवचन त्रिपिटक पनि नेपाल भाषा एवं नेपाली भाषामा अनुवाद हुन थालेको छ । अनुवादमा यद्यपि पूर्णता हुन पाएको छैन ।


Downloaded from http://www.dhamma.digital

सब्बदानं धम्मदानं जिनाति" सबै दानमध्ये धर्मदान श्रेष्ठ छन् भन्ने उक्तिलाई मनन गरी दातावर्गहरूबाट आफ्नै सश्रद्धालेवा कोही मृत्यु भएमा मृतकको नामबाट पुस्तकप्रकाशन गरिने प्रचलन लाई एक राम्रो पक्ष मान्न सकिन्छ। आनन्दकुटि विहार गुठी, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, बीर पूर्ण पुस्तक संग्रहालय, शान्ति सुखावास, सुखी होतु नेपाल आदि संस्थाहरुले पनि पुस्तकहरू प्रकाशित गर्दै आएको छ।

- आधारभूत बुद्धशिक्षालाई नेवार, नेपाली भाषाको अतिरिक्त विभिन्न भाषामा प्रकाशित गर्न सके विभिन्न जाति जनजातिहरुले पनि बुद्धधर्म आफ्नो मातृ भाषामा पढ्ने सुअवसर मिल्ने छ।
- परियत्ति शिक्षाको पाठ्यक्रमले निर्धारण गरेका पाठ्यपुस्तकहरु छाप्नको लागि दाता वर्गहरुको सहयोग आवश्यक छ।
- त्रिपिटक अनुवादमा तीव्रता ल्याउन सक्षम भन्ते गुरुमांहरु पनि लाग्नुपर्ने देखिन्छ।

जाति, जनजातिमा बुद्ध शिक्षा

जाति जनजातिहरूमा बुद्धधर्म प्रचारप्रसारका लागि बौद्ध जागरण शिविर कार्यक्रम एउटा सशक्त माध्यमको रूपमा लिन सकिन्छ। विगतका दिनहरूमा यस्ता कार्यक्रमहरू प्रशस्त भएका छन् जसको प्रभाव सकारात्मक रूपमा निकै देखिन्छ। जनजातिहरूमा हामी बौद्ध हौं भन्ने चेतना अभिवृद्धि, धर्म निरपेक्षताको लागि वकालत गरेको, आफ्नो स्थानमा चैत्य विहार स्थापना भएको, विभिन्न जाति जनजातिहरूबाट प्रव्रजित भन्ते गुरुमां हुन आएको यसका सबल पक्ष हुन्।

हाल आएर जनजाति माफ बौद्धधर्म सम्बन्धी कार्यक्रम लग्न सकिरहेको अवस्था छैन। धर्मदूत कार्यमा लागिपर्ने नेतृत्ववर्गको खाँचो, बुद्धधर्म प्रचारप्रसारका लागि कार्यकर्ता, भन्ते गुरुमांहरूको जिल्ला जिल्लामा गतिशीलतामा कमी, स्थानीय भाषामा बुद्धधर्मको पुस्तक अभाव आदि आदि छन्।

उपसंहार

नेपालमाथेरवाद बुद्धधर्मको पुनर्जागरण पश्चात् जनमानसमा यसले राम्रो प्रभाव पारेको देखिन्छ। थेरवाद बुद्धधर्म विकास एवं चिरस्थायीको लागिबेलाबखतमा यसको सामर्थ्यता वा सबल पक्ष, कमजोरी पक्ष, अवसर र चुनौतिहरूको विश्लेषण एवं मूल्यांकन गर्नु आवश्यक छ। कमजोरी पक्षहरुलाई सुधार्नु पर्दछ। सुधार गर्नु पर्ने पक्षहरूमा बुद्धशासन उन्नतिको लागि वृहत योजना एवं नीतिहुनुपर्ने, बुद्धधर्म उत्थानको लागि नेतृत्व वर्गको आवश्यकता, बहुजनहिताय बहुजनसुखायको अवधारणा अवलम्बन, दान र यसको सहि उपयोग गर्नुपर्ने, भौतिक पक्षको विकास भन्दा मानवीय क्षमताको विकासमा जोड, महिला पुरुषबीच समानताको व्यवहार


Downloaded from http://www.dhamma.digital

प्रवर्द्धन, धर्मलाई कर्मकाण्डको रूपमा प्रयोग नगर्ने, विनय पालनमा जोड, थेरवाद बुद्धशासनमा आचार्य शिष्यको सम्बन्ध बलियो हुनुपर्ने देखिन्छ। नेपाल बौद्ध परियत्ति शिक्षाको माध्यमबाट बुद्धशिक्षाको प्रचार प्रसार भईरहेको, विपस्सना ध्यान भावनाको प्रचार प्रसार भईरहेको, थेरवाद बुद्धशासनमा जनशक्ति भएको, बौद्ध विहार र बौद्ध संघ संस्थाहरूको भूमिका बढेको, बुद्धधर्म सम्बन्धी पुस्तक प्रकाशन हुदै आएको एवं जाति जनजातिहरूमा बुद्धशिक्षा प्रचार आदि जस्ता सबल पक्षहरूलाई झन्झन् बढाउनु पर्ने देखिन्छ।

अतएव कमजोरी पक्षहरुलाई सुधारगर्नुपर्दछ भने सामर्थ्यलाई झन्झन् बढाउनु पर्ने हुन्छ र चुनौतिहरूलाई सामना गर्ने शक्ति बढाउँदै अवसरहरूलाई सदुपयोग गर्नु पर्दछ। बहुजन हित र सुखको लागि स्थविरवाद बुद्धशासनलाई उत्थान गर्न चारै परिषद्ले प्रतिबद्धताका साथ आ-आफ्नो भूमिका एवं दायित्व निर्वाह गर्दै अगाडि बढ्न सकौं। चिरं तिट्ठतु सद्धम्मो।

सन्दर्भ ग्रन्थ सूचि :


- अनागारिका, अग्गञाणी, २०७०, सद्धर्म पुष्पमाला, काठमाण्डौ : अष्टरत्न, रत्नदेवी शाक्या।
- परियत्ति बुलेटिन २०७०, विश्व शान्ति विहार, मीनभवन, काठमाण्डौ।
- बज्राचार्य, दुण्डबहादुर (अनु.), २०५७, मज्झिमनिकाय, ललितपुर : वीर–पूर्ण पुस्तक संग्रहालय।
- भिक्षु धर्मालोक महास्थविर, २००७, भाद्र, "थेरवादी शासनं छु मखिल, छु मानि ?" धर्मोदय , वर्ष ३, अंक १२
- भिक्षु ज्ञानपूर्णिक, २०४५, उभयपातिमोक्ख , काठमाण्डौं : आनन्द कुटी विहार गुठी।
- भिक्षु सुदर्शन(संयुक्त), २०५२, प्रज्ञानन्द स्मृति ग्रन्थ, ललितपुरः प्रज्ञानन्द स्मृति ग्रन्थ प्रकाशन समिति, श्री शाक्यसिंह विहार, थैना।
- भिक्षु बोधिज्ञान, २०७१, थेरवाद बौद्ध डाइरेक्टरी - नेपाल, काठमाण्डौः हेरादेवी शाक्य।
- भाजु चित्तधर, वि.सं. २००७, अनाला, "थेरवादी शासनं फीत छु बिल ? छु मालाच्वन ?", धर्मोदय , वर्ष ३, अंक ९।
- मानन्धर, नानीमैयाँ (अनु.), २०३८, बोधिपक्खिय दीपनी, काठमाण्डौं
- शाक्य, सुवर्ण, २०४५, नेपाल बौद्ध परियत्ति शिक्षा स्मारिका, ललितपुरः नेपाल बौद्ध परियत्ति शिक्षा रजतजयन्ती समारोह समिति ललितपुर, नेपाल।
- International Buddhist Conference on *"Promotion, Protection and Preservation of Buddhist Culture and Heritage"*, 15 – 18 November, 2014, Theravada Buddhist Academy, Visho Shanti Vihar and Sitagu International Buddhist Academy, Myanmar.




Downloaded from http://www.dhamma.digital



# दोश्रो कार्यपत्रको

## अध्यक्ष कोण्डण्य भन्तेको मन्तव्य

कुनै पनि काम शुरु गर्दा त्यसभित्र राम्रा नराम्रा पक्षहरु हुन्छन् ।

Nothing can be learn withoul Challenge चुनौती विना कोहीपनि अगाडि बढ्दैन । जहाँ हामीले झेल्छौं त्यहाँ अवसरको लागि चुनौती मोल्छौं त्यो स्वभाविक हो ।

चित्त नबुझेका अथवा विरोधका कुराहरु रचनात्मक रुपमा आउनु पर्छ । कुनैपनि व्यक्तिले राम्रो सल्लाह सुझाव दिएमा त्यसलाई हामी सहर्ष स्वीकार गर्नुपर्छ । विवाद माथि विवाद निर्माण नगरीकन हामी नयाँ थिराबाट अगाडि बढ्नुपर्दछ । बृहत् योजना र नीति तर्जुमा गरेर समझदारीमा अगाडि बढ्न सकेको खण्डमा यहीं इतिहास कायम गर्दै अगाडि बढेर बुद्धशासनलाई नयाँ फड्को मार्न सकिने कुरामा जोड दिनुपर्छ । यसरी हामीले सौहार्दपूर्ण वातावरण भएको खण्डमा कमी कमजोरी हटाउन सकिन्छ धम्मवती गुरुमांको कुशल नेतृत्वको कारण आज धर्मकीर्ति विहारको स्वर्ण महोत्सव स्वर्णमय रहोस् सुखद रहोस् ।



Downloaded from http://www.dhamma.digital




# छलफल कार्यक्रम

समापन सत्रको छलफल कार्यक्रममा प्रस्तुतकर्ताहरुमा जिज्ञासु दर्शकहरुले प्रश्न, राय, सुझाव र गुनासोहरु पोख्नु भएको थियो । १८ जना प्रश्नकर्ताहरु थिए भने कोहिले दुवै प्रस्तुतकर्तामा पालैपालो प्रश्न राखेका थिए । सबै प्रश्नहरु सकेपछि मात्र पहिला त्रिरत्न मानन्धर र पछि सविता धाख्वालाई उत्तर दिने मौका दिईएको थियो । यो कार्यक्रममा महास्थविरद्वय भिक्षु धर्ममूर्ति र कोण्डण्यले अध्यक्षता गर्नु भएको थियो । पटक पटक प्रश्न, जिज्ञासा, सुझावहरु विषयवस्तु भन्दा बाहिर मोडिएको, दिइएको समय ५ मिनेट भन्दा बढि हुन गएको भनी ध्यानाकर्षण गर्नु भएको थियो ।

१) बखत बहादुर चित्रकार

स.धा- बुद्ध जयन्तीमा भिक्षु, भिक्षुणीहरु, उपत्यका बाहिर गई प्रचार प्रसार गर्दा कम्तीमा ७ दिन बाहिर बस्नु पर्ने । साथै बौद्ध वृद्धाश्रमको अवस्थामा सुधार गरिनुपर्ने ।

२) देवेन्द्र बज्राचार्य, बौद्ध वक्तृत्वकाला पर्व पाटन

त्रि. मा. आषाढ पूर्णिमाको महत्व जनमानसमा फैलाउनको लागि विश्व शान्ति पुस्तकालय, ललितपुरले बौद्ध वक्तृत्वकलाको संचालन २२ वर्ष देखि संचालन गर्दै आएको कुरा उल्लेख नभएको ।

स. ध. भगवानले भन्नुभएको चर्तुपरिषद र अहिलेको चर्तुपरिषदको समानता र भिन्नता । थेरवादमा पनि कर्मकाण्ड गर्नुपर्ने नत्र survive हुन गाह्रो हुने ।

३) सुनिल मर्हजन- पत्रकार

अहिलेको थेरवाद बुद्धधर्ममा गरीव, राजनैतिक, राज्यको असमावेशी, आर्थिक, लैङ्गिक विभेद जस्ता चुनौतिहरु छन् । शीप नभएका भन्ते, गुरुमांहरुको भविष्यको बारेमा सोच्नु पर्ने ।



Downloaded from http://www.dhamma.digital

बुद्धधर्ममा सामाजिक परिवर्तन गर्ने क्षमता भएको आयाम हुने संरचना अघि बढाउनु पर्ने ।

४) संघरत्न शाक्य- बुद्ध जयन्ती समारोह समिति

बुद्ध जयन्तीमा हुने विभिन्न घटना जस्तै साधारण बौद्ध सभामा राष्ट्र प्रमुखको उपस्थिति । देशव्यापी रुपमा जानुहुने भन्ते, गुरुमांहरुलाई यातायातको सुविधा । संयुक्त राष्ट्रसंघको कार्यालयमा हुने बुद्ध जयन्ती समारोहको आयोजना उल्लेख नभएको । नेपालमा भएको राष्ट्रिय, अन्तर्राष्ट्रिय बौद्धसम्मेलनको बारे उल्लेख नभएको ।

५) विष्णु रत्न शाक्य- थेरवाद दायक परिषदको महा-सचिव

परियत्ति, वक्तृत्वकला जुन २७ औं संस्करणमा पुगिसकेको कुरा छुटेको । यो कार्यक्रम संचालन गर्न भन्ते, गुरुमांहरुलाई Training दिएर परियत्ति कक्षा संचालन गर्नु पर्ने ।

-बुद्धपूजा पनि कर्मकाण्ड भएको यसलाई सुधार्नको लिगि अर्थ समेत प्रस्ट्याउनु पर्ने ।

६) त्रिरत्न शाक्य- बौद्ध संघ, भक्तपुर

-बुद्ध जीवनको लागि Financial manager, conflict manager, environment pollution manager पनि हो ।

-थेरवाद बुद्धधर्मको पुनर्स्थापनामा कठोर राणा शासनकालमा धर्मचारी गुरुमांको योगदान छुटेको ।

७) पद्म शाक्य- संखुवासभा, चैनपुर, बोधिसत्व विहार ।

-द्वन्दकालमा भिक्षु भिक्षुणीलाई सो स्थानमा बसोवास गर्न गान्हो भएको । तर अहिलेसम्म विहार खाली नै भएको । समय समयमा भन्ते, गुरुमा जानुभई धर्म देशना दिनुपर्ने निवेदन ।

८) भिक्षु पञ्ञारत्न, सुमंगल विहार ।

-थेरवाद बुद्धधर्म पुर्नस्थापनामा ऐतिहासिक घटना उल्लेख भएकोमा अशोकले नौ प्रदेशमा धर्म प्रचार गर्न पठाएकोमा हिमवन्त प्रदेशको उल्लेख नभएको । हिमवन्त प्रदेश नेपाल हो कि होइन भनी शंका रहेको ।



Downloaded from http://www.dhamma.digital

आयोजक कमिटिलाई सुझाव- कार्यपत्र उपासक, उपासिकाबाट भएको जस्तै भिक्षु र गुरुमांबाट पनि कार्यपत्र हुनु पर्ने ।

९) सुनन्द भन्ते, कपिलवस्तु

-लुम्बिनीमा राजकिय बुद्ध बिहारमा भैरहेको घटना क्रमबारे बताउनु भयो ।

-विहार भनेको गृहस्थको अधिनमा नभई संघको अधिनमा हुनुपर्ने ।

१०) संजय शाक्य- धम्म साकच्छा संघ, हखा

-गैर बौद्धहरुको अतिक्रमणबाट बौद्धहरु मुक दर्शक भएर बसीरहनुमा सबै भन्दा ठूलो दोष कसलाई दिनुहुन्छ भनी प्रश्न गर्नुभयो ।

११) सिद्धार्थ कोइलारा- तौलिहवा

-भन्तेको निधनपछि विहार खाली भएको र भन्तेको आवश्यकता परेको ।

१२) शुभ रत्न शाक्य

Book publication सीमित मात्रमा रहेको कुरा बताउनु भयो ।

१३) रामलक्षन चौधरी (थारु)

सिराह जिल्लामा बैशाख पूर्णिको दिनमा हुने दशौं हजार बली प्रथामा बौद्धक्षेत्र मौन ।

गढिमाई विरुद्ध लेख अप्रकाशित

१४) सर्जुलाल बज्राचार्य- पाल्पा, तानसेन

-बौद्ध संघसस्थामा बौद्धहरु नै नियुक्त हुनुपर्ने दवाब यस कार्यक्रमबाट पठाउनु पर्ने ।

१५) श्रद्धाधारी गुरुमां

-भिक्षु भिक्षुणी संघ नेपालको सम्पत्ति हो, थेरवाद बुद्ध धर्मकोलागि सरकारले बजेट छुट्याउनु पर्ने ।

१६) सुरेन्द्र राज शाक्य, हखा, ललितपुर, हाजिर जवाफ प्रतियोगिता, अध्यक्ष

ऐतिहासिक रुपमा वि. सं. २०१५ देखि नागबहालमा शुरु भएको बैशाख पूर्णिमाको उपलक्ष्यमा आयोजना हुने गरेको हाजिर जवाफ प्रतियोगिता बुद्धधर्मको उपलब्धिबाट छुटेको ।

१७) भिक्षु पियदस्सी- अ. ने. भि. महासंघको प्रतिनीधि

-महर्जन, चित्रकार, मानन्धर भनी जातनै ठोकेर कार्यपत्र प्रस्तुत गर्दा जातीय विभेद जस्तो देखिन्छ ।



Downloaded from http://www.dhamma.digital

# पहिलो कार्यपत्रको प्रतिवेदन-



अमिता तुलाधर र दीना कंसाकार

धर्मकीर्ति विहारको स्वर्ण महोत्सवको उपलक्ष्यमा आयोजना गरिएको आजको एकदिवसीय गोष्ठीको उद्‌घाटन सत्रपछिको पहिलो प्रस्तुतिमा प्रस्तुतकर्ता उप-प्राध्यापक, सद्धम्म कोविद त्रिरत्न मानन्धरज्यूले 'नेपालमा थेरवाद बुद्धधर्म उपलब्धि, अवसर र चुनौती' कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। श्रद्धेय भिक्षु धर्ममूर्ति महास्थवीरज्यूले यस सत्रको अध्यक्षता ग्रहण गर्नुभएको थियो।

कार्यपत्रको प्रस्तुतकर्ता यो कार्यक्रम बुद्धिविलासको रुपमा लिन नहुने, यसबाट थेरवाद बुद्धशासनलाई अगाडि बढाउन, यसमा भएका समस्याहरु निराकरण गर्न र चुनौतीहरु सामना गर्नको लागि एउटा दिशाबोध, साथै नयाँ नीतिहरु कार्यान्वयन गर्न सहयोग पुऱ्याउने कुरामा विश्वास गर्नु भयो। कार्यपत्र अनुसार थेरवादलाई बुद्धधर्मको विभिन्न निकाय मध्ये सबभन्दा पुरानो तथा आधिकारीक निकायको रुपमा विद्वानहरुले मानी आएको छ। यस कार्यपत्रमा थेरवादको संक्षिप्त परिचय, नेपालमा यसको पुर्नजागरण, यसबाट सृजित उपलब्धि, अवसर, चुनौतीका साथै केहि सुझावहरु प्रस्तुत गरिएको छ।

थेरवादको पुनर्स्थापना पछि विभिन्न नौलो किसिमको समय सापेक्षिक क्रियाकलापहरुबाट जनमानसलाई प्रभावित गरेका छन्। यी कृयाकलापहरुनै थेरवाद बुद्धधर्मको पुर्नस्थापनाबाट उत्पन्न भएको उपलब्धि मान्न सकिने कुरा उहाँले बताउनु भयो। कार्यपत्र प्रस्तुतिपछि अध्यक्ष भिक्षु धर्ममूर्ति महास्थवीरले मन्तव्य व्यक्त गर्नु भएको थियो।

### कार्यपत्रको प्रस्तुतिपछि सहभागीहरुबाट व्यक्त भएका विचारहरु:

थेरवाद बुद्धधर्मको पुनर्स्थापनापछि भिक्षु/श्रामणेरहरुलाई राणाशासनले देश निकाला गरिएको कठोर परिस्थितिमा धर्मचारी गुरुमांको योगदान छुटेको। त्रिरत्न शाक्य, (भक्तपुर)

भिक्षु अश्वघोषले संचालन गरेको जागरण कक्षाले युवावर्गमा जागरण आएको ऐतिहासिक घटना उल्लेख नभएको। यो घटना वि. सं. २०४२ भक्तपुरको हो।

बुद्ध जयन्तीको दिनमै दशौं हजारको बलि दिने प्रवृत्तिमा बौद्ध क्षेत्र मौन रहेको।

नेपाल सरकारले भिक्षु, अनागारीका पढ्ने धार्मिक विद्यालयको नीति ल्याएको अवसरको रुपमा लिन सक्ने। -रामलखन चौधरी थारु (सप्तरी)

यो उल्लिखित प्रश्न, जिज्ञासाहरुलाई जवाफ दिने क्रममा प्रस्तुतकर्ताले सर्वैजनाको चासो भएकोले नै विभिन्न जिज्ञासा, सुझाव, गुनासोहरु आएको र यसलाई राम्रो पक्ष मान्नु पर्ने भनी विचार व्यक्त गर्नु भयो। धुप्रै तथ्यहरु समयको अभावले छुट्न गएको गुनासोलाई स्वीकार गर्नुभयो। छुटेका तथ्यहरुलाई Theravada Buddhisl Academy का विद्यार्थीहरुले गरिने अनुसन्धानमा पुरा गरिदिने विश्वास व्यक्त गर्नुभयो।



Downloaded from http://www.dhamma.digital

# दोश्रो कार्यपत्रको प्रतिवेदन



रामेश्वरी महर्जन

"नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स"

दोश्रो कार्यपत्र सुश्री सबिता धाख्वाले "नेपालमा थेरवाद बुद्धधर्म: कमजोरी र सामर्थ्य" विषयमा प्रस्तुत गर्नुभएको थियो । यसै क्रममा उहाँले बुद्ध जन्मभूमि नेपालमा प्राचीनकालदेखि वर्तमान हुँदै भविष्यसम्म पनि थेरवाद बुद्धधर्ममा भइरहेको कमी कमजोरी पक्षलाई प्रष्टयाउँदै सुझाव र सबल पक्षलाई विश्लेषण गर्नुभयो । कमजोरी पक्षलाई उहाँले यसरी भन्नुभयो कि

- धार्मिक गतिविधिहरु बिहारमा मात्र सिमित भएको
- महापरित्राण पाठ जस्तो पूनीत कार्यमा कर्मकाण्डको प्रवेश भएको
- वर्तमान अवस्थामा थेरवाद बौद्धहरुमा अन्य सिद्धान्त एवं वादले प्रभावित गरिरहेको
- अन्य धर्ममा लागिसकेपछि पुन: फर्काउन गाह्रो भइरहेको ।

सुझावहरु

- वृहत योजना र नीति हुनुपर्ने
- बुद्धशासन उत्थानको लागि नेतृत्व वर्गको आवश्यकता रहेको
- बहुजन हिताय र बहुजन सुखायको अवधारणा अवलम्वन गर्नुपर्ने
- धर्मलाई कर्मकाण्डको रुपमा प्रयोग नगर्ने प्रतिबद्धता आवश्यक भएको
- दान र यसको सही प्रयोग हुनुपर्ने
- आचार्य र शिष्यको सम्वन्ध बलियो हुनुपर्ने
- विनय पालनामा जोड दिनुपर्ने

सबल पक्षहरु

- नेपाल बौद्ध परियत्ति शिक्षाको माध्यमबाट बुद्धशिक्षाको प्रचार प्रसार भैरहेको
- विप्पस्सना ध्यान प्रचार प्रसारमा तिव्रता रहेको
- थेरवाद बुद्धशासनमा जनशक्ति भएको
- जाति जनजातीहरुमा बुद्धशिक्षा प्रचार प्रसार भइरहेको

दोश्रो कार्यपत्रमा अध्यक्षता गर्नुभएका श्रद्धेय कोण्डण्य भन्तेज्यूले आफ्नो मन्तव्यको क्रममा भन्नुभयो कि प्रस्तुतकर्ता सुश्री सबिता धाख्वा शाक्यज्यूले बडो मेहनतका साथ आफ्नो कार्यपत्रमा शब्द चयन र वाक्यांशलाई सुझबुझ ढंगबाट सटीक ढङ्गबाट प्रयोग गरिएको छ ।

प्रस्तुत गरिएका बुंदाहरु संगसंगै आफ्नो सुझाव पनि राखेको छ । उहाँले चारै परिषदलाई सचेत गराउनु भएको छ । बुद्ध शासनको धर्म विनयलाई अघी सारेर हामी बीचमा सौहार्दपूर्ण वातावरणमा अगाडी बढ्नको लागि काँधमा काँध मिलाएर जाने कुरा गर्नुभएको छ । अन्त्यमा उहाँले सबिताज्यूको कार्यपत्र विचारणीय, पावरफूल, ड्यासिङ्ग भएको कुरापनि उल्लेख गर्नुहुँदै उहाँप्रति साधुवाद व्यक्त गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

# गोष्ठीको समापन समारोह आसन ग्रहण





Downloaded from http://www.dhamma.digital



# गोष्ठीको प्रतिवेदन

प्रीतिलता [illegible]

यो कार्यक्रम उद्घाटन सत्र, दोश्रो सत्र र समापन सत्र गरी तीन सत्रमा विभाजन गरिएको थियो । उद्घाटन सत्रमा सबभन्दा पहिले आसन ग्रहण गर्ने क्रममा धर्मकीर्ति विहार स्वर्ण महोत्सवकी संयोजक प्राज्ञ डा. रीना तुलाधर त्यस्तै सभापति संघनायक "अग्गमहा सद्धम्म जोतिक धज" पूजनीय भिक्षु अश्वघोष महास्थविर, प्रमुख अतिथि भारतका महामहिम राजदूत रणजीत राय, विशेष अतिथिमा धर्मकीर्ति विहार संरक्षण कोषकी उपाध्यक्ष श्रद्धेय भिक्षुणी धम्मदिन्ना (चमेली), यस एक दिवसीय गोष्ठी उपसमितिका संयोजक सह-प्राध्यापक मदन रत्न मानन्धर, विशेष अतिथि धर्मकीर्ति विहार संरक्षण कोषका उपाध्यक्ष द्रव्यमान सिं तुलाधर र गोष्ठी उपसमितिका सदस्य साहित्यकार नवीन चित्रकारज्यूबाट आसन ग्रहण गर्ने कार्यक्रम भयो

धर्मकीर्ति विहार संरक्षण कोषकी पूर्व सचिव मिना तुलाधरज्यूबाट व्याय्ज वितरण पछि संघनायक श्रद्धेय अश्वघोष भन्तेद्वारा पंचशील प्रार्थना गराउनु भयो ।

स्वागत मन्तव्य संयोजक मदन रत्न मानन्धरबाट भएको हो जसमा वहाँले Nepal is Janmabhumi and India is Karmabhumi of Lord Buddha भन्दै उपस्थित सबैलाई स्वागत तथा कार्यक्रमको परिचय प्रस्तुत गर्नुभयो ।

कार्यक्रमको समुद्घाटन प्रमुख अतिथि भारतका महामहिम राजदूत रणजीत रायबाट पानसमा बत्ति बाली गर्नुभएको थियो । 'अग्ग महागन्थवाचक पण्डित पूजनीय भिक्षुणी धम्मवती गुरुमाले आफ्नो स्वास्थ्य स्थिति अनुकूल नभएको कारण आफ्नो मन्तव्य पत्र पठाउनु भएको थियो जसलाई उद्घोषिका प्रफुल्ल कमल ताम्राकारले वाचन गर्नु भएको थियो । श्रद्धेय चमेली



Downloaded from http://www.dhamma.digital

गुरुमांको मन्तव्य पछि प्रमुख अतिथि महामहिम भारतीय राजदूत रणजीत रायज्यूले आफ्नो मनव्य दिनुभएको थियो जसमा वहाँले नेपाल र भारतको सम्बन्ध बुद्ध जन्मभूमि लुम्बिनी र भारतको बुद्धगयाबीच भगीनी सम्बन्ध विस्तार गरी एकीकृत पर्यटन बिकास गर्न सकिने कुरा व्यक्त गर्नुभयो ।

उहाँ प्रमुख अतिथिज्यूलाई पूजनीय संघनायक अश्वघोष महास्थविर भन्तेले धर्मउपहार प्रदान गर्नुभयो । त्यस्तै महामहिम राजदूतबाट दाता एवं कार्यक्रमका प्रायोजक श्री द्रव्यमान सिं तुलाधरज्यूलाई धर्मोपहार प्रदान गर्नुभएको थियो । प्राज्ञ डा. रीना तुलाधरज्यूले धन्यवाद ज्ञापन गर्नुभए पश्चात अन्तमा सभापति संघनायक पूजनीय भिक्षु अश्वघोष महास्थविर भन्तेबाट मन्तव्य व्यक्तगर्नु भई उद्‌घाटन सत्र समापन भएको थियो ।

Tea break को विश्राम पछि दोस्रो सत्र सुरु भएको थियो, जसमा कार्यपत्र प्रस्तुति गरिएको थियो । यस सत्रमा अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष श्रद्धेय भिक्षु धर्ममूर्ति भन्तेले अध्यक्षता गर्नुभएको थियो । उप-प्राध्यापक त्रिरत्न मानन्धर "परियत्ति सद्धम्म कोविद" ज्यूले नेपालमा थेरवाद बुद्धधर्मः उपलब्धि, अवसर र चुनौती विषयक पहिलो कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यसपछि अध्यक्षता ग्रहण गर्नुभएका धर्ममूर्ति भन्तेले मन्तव्य राख्नुभयो ।

Lunch Break को विश्राम पश्चात कार्यपत्र प्रस्तुतिमा अ. ने. भि. महासंघका महासचिव श्रद्धेय भिक्षु कोण्डण्य भन्तेले अध्यक्षता ग्रहण गर्नु भएको थियो । बौद्ध विदुषी सुश्री सविता धाख्वाज्यूले "नेपालमा थेरवाद बुद्धधर्मः कमजोरी सामर्थ्यबारे दोस्रो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । वहाँले प्रस्तुतिक्रममा नेपाल थेरवाद बुद्धधर्म- कार्यपत्र अनुरुप कमजोरी पक्ष केलाएर सुझाव समेत दिनुभएको थियो । त्यसपछि अध्यक्षता ग्रहण गर्नुभएको कोण्डण्य भन्तेले मन्तव्य दिनुभयो ।

Tea Break पश्चात सहभागीहरुमध्येबाट १८ जनाले जिज्ञासा, राय सुझाव प्रस्तुत गर्नु भएको थियो ।

वहाँहरुको नाम क्रमशः

१) बखत बहादुर चित्रकार, थेरवाद दायक परिषद्
२) देवेन्द्र बज्राचार्य, बौद्ध बक्तृत्व कलापर्व, पाटन
३) सुनिल महर्जन, पत्रकार
४) संघरत्न शाक्य, बुद्ध जयन्ती समारोह समिति
५) विष्णुरत्न शाक्य, थेरवाद दायक परिषद
६) त्रिरत्न शाक्य, भक्तपुर
७) पद्म शाक्य, संखुवासभा
८) भिक्षु पञ्ञारत्न, सुमंगल विहार
९) भिक्षु सुनन्द, कपिलबस्तु
१०) अनागारिका अरियाञाणी, अ. बौ. म. सं.
११) संजय शाक्य, पाटन
१२) सिद्धार्थ कोइराला,
१३) शुभरत्न शाक्य, काठमाडौं
१४) राम लक्खन चौधरी, सप्तरी
१५) सर्जुलाल बज्राचार्य, तानसेन
१६) अनागारिका श्रद्धाचारी, श्रद्धाचारी
१७) भिक्षु पियदस्सी, आनन्दकुटी विहार
१८) शुक्रराज शाक्य, पाटन



Downloaded from http://www.dhamma.digital

जिज्ञासा, राय सुझाव यस प्रकार रहेको थियो ।

- बुद्ध जयन्तीमा भिक्षु भिक्षुणीहरु उपत्यका बाहिर गई धर्मप्रचार गर्नुपर्ने
- चीवरमा रहेका र नरहेकाहरुले धर्मप्रचार गर्नेमा फरक हुने
- जातिवादमा बुद्धधर्म टिक्न नसक्ने, गरीव चुनौती, लैङ्गीक विभेद, राजनैतिक चुनौती, राज्यबाट असमावेशी भएको, आर्थिक चुनौती रहेको
- बुद्धधर्ममा सामाजिक परिवर्तन गर्ने क्षमता भएको
- बिहारहरुमा भन्ते गुरुमांहरुको आवश्यकता भएको
- भिक्षु, अनागारिकाहरु पढ्ने संस्था/विद्यालय हुनुपर्ने

कार्यपत्र प्रस्तोताहरु त्रिरत्न मानन्धर र सविता धाख्वाज्यूबाट जिज्ञासा समाधान गर्ने कार्य गर्नुभएको थियो ।

अध्यक्षता ग्रहण गर्नुभएका श्रद्धेय भिक्षु धर्ममूर्ति र श्रद्धेय भिक्षु कोण्डण्य भन्तेबाट सभा संचालन तथा निर्क्यौल भएको थियो ।

Tea Break पश्चात समापन सत्रमा संघउपनायक 'अग्गमहासद्धम्म जोतिकधज' भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट सभापतिको आसन ग्रहण गर्नुभएको थियो । त्यस्तै क्रमश-विशेष अतिथि हुनुभएकी भिक्षुणी चमेली गुरुमां, भिक्षु धर्ममूर्ति भन्ते, कोण्डण्य भन्ते निर्क्यौल प्रस्तुतकर्ता डा. सुमन कमल तुलाधर, कार्यक्रम संयोजक मदन रत्न मानन्धर, गोष्ठी उपसमितिका सदस्य नविन चित्रकारद्वारा आसन ग्रहण गरीएको थियो । त्यस्तै प्रीतिवती गुरुमां, सविता धाख्वा, त्रिरत्न मानन्धरहरुबाट पनि आसन ग्रहण गर्नुभयो ।

रायपोर्टियरको प्रतिवेदन सुनाइसकेपछि डा. सुमन कमल तुलाधरज्यूबाट कार्यक्रमको निर्क्यौल प्रस्तुती गर्नुभएको थियो । धन्यवाद मन्तव्य नवीन चित्रकारबाट भएको थियो । र अन्तमा सभापतिहुनु भएका श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर भन्तेको मन्तव्य सहित पुण्यानुमोदन गरी यो एकदिवसीय गोष्ठी सम्पन्न भएको थियो ।



Downloaded from http://www.dhamma.digital

# गोष्ठीको निर्क्यौल



डा. सुमन कमल तुलाधर

१. बुद्ध शिक्षालाई देशभर फैलाउने ।

२. प्रव्रजित भिक्षु तथा अनागारिकाहरुको स्वास्थ्य हेरविचारको लागि आवश्यक व्यवस्थाको प्रबन्ध गर्ने ।

३. परम्परागत संस्कृति र थेरवाद शिक्षालाई समयानुकूल समन्वय गर्ने ।

४. नव प्रव्रजित श्रामणेर तथा अनागारिकाहरुको क्षमता अभिवृद्धिको लागि विशेष पहल गर्नुपर्ने ।

५. बौद्ध समाजमा विद्यमान जनशक्तिलाई सामूहिक रुपमा परिचालन गर्नुपर्ने ।

६. दीर्घकालिन नीति निर्माणको विशेष पहल गर्नुपर्ने ।

७. सरकारी निकायहरुको आवश्यकताको महशुस गरियो ।

८. बुद्धधर्मको प्रचार-प्रसारको लागि संचार माध्यमको सहीढंग र सही सूचनाको प्रवाहको लागि पहल गर्नुपर्ने ।

निर्क्यौल तयार पार्न डा. सुमन कमल तुलाधर, संयोजक डा. रिना तुलाधर, संयोजक मदन रत्न मानन्धर र नविन चित्रकारको समूह गठन गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

# धन्यवाद न्वचु

नविन चित्रकार





धर्मकीर्ति विहार स्वर्ण महोत्सव २०७१ या उपलक्ष्य थौं निगू कार्यपत्र प्रस्तुत यागु खः । थौंयागु थ्व गोष्ठी शुरु निसें अन्त तकनं उलिहे मनतयेक सहभागीता दुगु खना जि तसकं लय्ताना च्वना । थन विज्यापिसं धर्मकीति विहारप्रति दुगु श्रद्धा स्वयावन धाःसा थौं थुगू विहार ५० वर्ष स्वर्ण महोत्सव मानेयाना च्वगु जुसांतबि युवावस्था थें जोश व जांगर दया च्वंगु जिं तायेका च्वना ।

नेपालय् थेरवाद बुद्धधर्मय् यक्वहे चुनौति वयाच्वंगु दु । व चुनौती धर्म जक मखुसे नेवाः जाति तयेतहे छगु तधंगु चुनौती खः । नेपालं नेवाः जातीया संख्या स्वयावन धाःसा पर्सेन्टया हिसावं ५.५% जक दु अथे धैगु संख्याया हिसावं १२,३३४५ म्ह जक दु ।

थेरवाद बुद्धधर्म हे जक नेवाः जातीयात जीवन्त याना तःगु खः । धर्मोदय कलकत्ता पाखें पिदंगु छगू पत्रिका प्रकाशनया नापनापं नेवाःतय्गु जातीयागु संरक्षण यानातःगु खँयात भीसं ल्वमंके मज्यू ।

थौंयागु थ्व एकदिवसीय गोष्ठी मूं पाहाँ जुयादीम्ह महामहिम भारतीय राजदूत रणजीत रे, अथेहे सभापति जुयादीम्ह संघ नायक भिक्षु अश्वघोष महास्थवीरप्रति जि साधुवाद देछाना च्वना । थन बिज्यापिं भन्ते, गुरुमांपिं नापं थ्व गोष्ठी सफल यायत विभिन्न क्षेत्रपाखें ग्वाहाली याना दीपिं सकलसित नं धन्यवाद ।

अथेः द्रव्यमान सिं तुलाधर सुना थःगु चित्त तया तन मन धन ग्वाहाली यानः दिल । थ्व तधंगु हे सह्रानीय खँ ख । अन्तय धर्मकीर्ति विहार ५० दँ तक्व न्वाकातयेगुली श्रद्धेय धम्मवती गुरुमांयागु ज्वःमदुगु कुतलंयाना भीगं थ्व गोष्ठी यायेदुगु खः । उकी सकसितं धन्यवाद ।



Downloaded from http://www.dhammadigital



# सभापति मन्तव्य

भिक्षु ज्ञानपूर्णिक महास्थविर

भगवान बुद्धयागु अमूल्य उपदेशयात बुद्ध जन्मभूमि नेपाः दे न्यकं प्रचार प्रसार जुयावंसां हे जक बसपोलयागु लक्ष्य कथं बहुजन हित व बहुजन सुख जुई । भीसं यानागु फुक ज्या सत प्रतिशत सफल जुइ धकाः धायेफैमखु । थ्वयधाःसा उकी थीथी कथंया कमी कमजोरी चुनौती दया च्वंच्वनी । अथे धैथें उकी उपलब्धि व अवसर नं दयाच्वनी । उकियात भीसं दुर्नेनिसें मूल्यांकन यानाः उकी दयाच्वंगु कमी कमजोरीयात बुलुहुं बुलुहुं हटेयाना वाद व यानया ल्यू ल्यू मवंसें फुक्व बौद्धत छधी छपाँय् जुयाः ज्यायाना वंसा न्ह्यागुहे विघ्न बाधा नं हटेयाना याना यंके फइ । उकिं बुद्धयागु अनित्य, दुःख अनात्म दर्शन व कर्मया सिद्धान्तयात बांलाक थुइका छ छ व जी जी धैगू भाव त्वःताः प्यंगूहे परिषद् छधी जुया वन धाःसाहे तिनि बुद्धशिक्षा वेय्न्यंकं प्रचार प्रसार जुयाः चिरस्थायी जुयाच्वनी ।



Downloaded from http://www.dhamma.digital

# एकदिवसीय गोष्ठी

रजिस्ट्रेशन

| नाम | ठेगाना | सम्पर्क नं. |
|---|---|---|
| १. अष्टमान सिं बनिया | धर्मकीर्ति | ९८५१०२६८६७ |
| २. अमृत मान सिं बनिया | धर्मकीर्ति | ९८४१२०६२३७ |
| ३. सुवर्ण लक्ष्मी बनिया | धर्मकीर्ति | ४२५२५३३ |
| ४. कल्पना पुन मगर | म्याग्दी बेनिविहार, म्याग्दी | ९८४७६२८००६ |
| ५. सुलोचना | भिक्षु सुदर्शन,सुमन्ति पुचः | ९८५१०६११९०५ |
| ६. अ. कपिला | प्रज्ञानन्दाराम विहार | ९८०५०३८९६ |
| ७. भिक्षु गौतम 'शिशिर' | श्रीघः विहार | ९८४१०७६९७३ |
| ८. अ. अरियवाणी | श्री शाक्यसिंह विहार | ९८०८०५४२८० |
| ९. कृष्णमान शाक्य | श्री शाक्यसिं विहार | ९८४१३६०१६६ |
| १०. सुनन्द शाक्यपुत्र भन्ते | शाक्यमुनि विहार, भोजपूर | ९८०८३२५९३९ |
| ११. भिक्षुणी खेमेसी | गौतमी भिक्षुणी विहार, लुम्बिनी | ९८४७१२७७९८ |
| १२. चमेली गुरुमां | धर्मकीर्ति विहार | |
| १३. ब्रह्मचारी | धर्मकीर्ति विहार | ९८४१२९४०८५ |
| १४. भिक्षुणी नन्द | इतिराज महाविहार, इलावै | |
| १५. आमरावती गुरुमां | सुधम्मगराम विहार | ९८४१४९४७६५ |
| १६. धम्मचारी गुरुमां | जयमंगल विहार | ५५४३९५४ |
| १७. दशराम महर्जन | हरिसिद्धि जेस्तपुर बुद्धविहार | ९८४१५१८१४३ |
| १८. त्यागवती | धर्मकीर्ति | ९८४१५३२९२६ |
| १९. इन्दावती गुरुमां | धर्मकीर्ति | ९८४१८७७७२८ |
| २०. देवेन्द्र बज्राचार्य | बौद्ध वक्तृत्व कला पर्व मू गुथि, यल | ९८०३१५३६३८ |
| २१. राजशला संघशिला गुरुमां | इच्छाबुद्ध विहार, सुवर्ण भूमि जुगेरी | |
| २२. शुक्रराज शाक्य | बौद्ध न्हघसःलिसःकासा | ५५५३४८२ |
| २३. भिक्षु लक्खण | विजयराम विहार बलम्बु | ९८४१८०६२७६ |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| २४. नन्दराज शाक्य | टक्सार सेवा समाज, भोजपुर | ९८४१३६०१६५ |
| २५. भिम शाक्य | भोजपुर शाक्य समाज, इमाडोल | ९८४१३५९८५६ |
| २६. अनिल तुलाधर | अमरापुर बुद्धविहार | ९८४११७७४८०, ५५९१२६८ |
| २७. बोधरत्न शाक्य | सुगतपुर विहार | ०१०५६०४५३ |
| २८. डा. केशरी लक्ष्मी मानन्धर | बौद्ध महिला संघ, नेपाल | ९८४१२५६६२७ |
| २९. कृष्ण गोपाल श्रेष्ठ | TBA | |
| ३०. शुभरत्न शाक्य | बौद्ध पुस्तक प्रकाशन समूह | ९८१८२८२४४६ |
| ३१. समिर पुन | म्याग्दी बौद्ध संघ | ९८६७६९६९९३ |
| ३२. देउ माया तरामु मगर | कपिलवस्तु, महामानव | ९८०७५७५१८६ |
| ३३. मान बहादुर तामा | बौद्ध सेवा समाज, पिपरा | ९८६० |
| ३४. राम लखन चौधरी | बौद्ध विहार, सप्तरी | ९७४८५२४६३३ |
| ३५. सिद्धार्थ काइराला | तौलिहवा, कपिलवस्तु | ९८४३५५५२९१ |
| ३६. राजेन्द्र मानन्धर | अध्ययन समूह | ९८४९०५२३८४ |
| ३७. सर्जुलाल बज्राचार्य | लुम्बिनी पाल्पा बौद्ध समन्वय समिति | ९८५७०६५५९९ |
| ३८. अमीर मान शाक्य | दी शाक्य फाउन्डेशन, नेपाल | ९८४१४६०४७७ |
| ३९. संजय शाक्य | धम्मसाकच्छा संघ, ह:खा | ९८४१४७०१९९ |
| ४०. शान्तहर्ष बज्राचार्य | सुगत बौद्ध महाविद्यालय | ४७८०४२३ |
| ४१. तिमिला तुलाधर | धर्मकीर्ति | ९८४१८७५९९९ |
| ४२. मीरा शाक्य चाकुपाट | बौद्ध भावना केन्द्र | |
| ४३. इन्द्र सिद्धि बज्राचार्य | उपाध्यक्ष, लोटस् शिक्षक सेन्टर, पाटन | |
| ४४. भिक्षु कोण्डण्य | | ९८५१०४६१८८ |
| ४५. कुसुम गुरुमां | बसुन्धरा विहार | ४३५४२५१ |
| ४६. बखत बहादुर चित्रकार | बौद्ध बृद्धाश्रम | ९८४३१४८४८५ |
| ४७. जयवती | रत्नकीर्ति विहार, हात्तिवन | ९८४९०६२६५९६ |
| ४८. विष्णुरत्न शाक्य | थेरवाद बौद्ध दायेक केन्द्रिय परिषद | ९८५१०५३९१० |
| ४९. दुर्गालाल शिल्पकार | विश्वकर्मा अवतार महाविहार | ९८४१२३३७२३ |
| ५०. तिर्थराज बज्राचार्य | मैत्रेय युवा संघ, भक्तपुर | ६६१५९४ |
| ५१. माइला दोङ | मैत्रेय युवा , भक्तपुर | ९८४१३३०३३७ |


Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| ५२. भिक्षुणी डा. अनोजा | शुलक्षण कीर्ति विहार | १८४१३३३९११ |
| ५३. अ सुनन्दावती | शुलक्षण कीर्ति विहार | १८४३४१४४६६ |
| ५४. भिक्षु पञ्ञासार | सुमंगल विहार | १८४९१०२८४१ |
| ५५. भिक्षु पञ्ञारत्न | सुमंगल विहार | १८४१२३७२६७ |
| ५६. भिक्षु बोधिज्ञान | विश्वशान्ति विहार | १८५११०७५२५ |
| ५७. भिक्षु धर्ममूर्ति | आनन्दकुति विहार | १८४१२७७८६० |
| ५८. भिक्षु निग्रोध | विश्वशान्ति विहार | १८५१०५२९२८ |
| ५९. अ. माकिसा | सुनन्दाराम विहार | ५५२१४३५ |
| ६०. आलो | विश्वशान्ति विहार, बुटवल शंकर नगर-१ | |
| ६१. श्रा. सुमन | विश्वशान्ति विहार, बुटवल शंकर नगर-१ | |
| ६२. द्रव्यमान सिं तुलाधर | धर्मकीर्ति विहार | |
| ६३. प्रेम काजी बनिया | धर्मकीर्ति विहार | १८४१३८४१०९ |
| ६४. | | |
| ६५. त्रिरत्न मानन्धर | युवा बौद्ध समूह | १८४१३६९९६० |
| ६६. सविता धाख्वा | अ. बौ. मा. केन्द्र | १८४१२१९९७८ |
| ६७. जोतिक नापित | सुखी होतु, नेपाल | १८४१४७९९३६ |
| ६८. शान्तमान शाक्य | अ. बौ. मा. केन्द्र | १८४१२४३६४२ |
| ६९. संघरत्न शाक्य | आनन्दकुटी विहार सदस्य | १८५१०९२०७५ |
| ७०. गौतम शाक्य | बुद्ध जयन्ती समारोह समिति | १८४१२३१०६८ |
| ७१. सुजाता मानन्धर | बौद्ध महिला संघ, नेपाल | २५४२८६ |
| ७२. पूर्णराज शाक्य | विश्वशान्ति पुस्तकालय | ५५३७७३० |
| ७३. डा. भि. धम्मविजया (गुरुमां) | किण्डोल विहार स्वयम्भू | ४२८५५११ |
| ७४. सुमना (गुरुमां) | किण्डोल विहार, स्वयम्भमू | ४२८५५११ |
| ७५. सुगत रत्न बज्राचार्य | मुनिविहार, भक्तपुर | १८४९८५७४११ |
| ७६. मोतिकाजी शाक्य | धर्मकीर्ति विहार | ५५३८५५३ |
| ७७. त्रिरत्न शाक्य | बौद्ध संघ, भक्तपुर | १८४१३१३६३७ |
| ७८. प्रदीप कुमार शाक्य | कान्ति ईश्वरी राज्यलक्ष्मी नि. मा. | १८४१३४५२५६ |
| ७९. सुनिल महर्जन | बौद्ध युवा कमिटी | १८४१५७८६०४ |
| ८०. विपक महर्जन | बौद्ध युवा कमिटी | १८४९०८५९०४ |


Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| ८१. ञाणवती गुरुमां | युवा अनागारिका समिति | ९८४१२६०७१५ |
| ८२. भिक्षु पियदस्सी | अखिल नेपाल भिक्षु महासंघ | ९८५१०३६९०२ |
| ८३. श्यामलाल चित्रकार | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी | ९८४१२७२६३५ |
| ८४. सुमन कमल तुलाधर | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी | ९८५१०८७०३६ |
| ८५. उद्योग रत्न तुलाधर | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी | ९८५१२२०९११ |
| ८६. तुलसी काजी मानन्धर | युवा बौद्ध पुचः भक्तपुर | ९८४९११७७६६७ |
| ८७. धर्मरत्न शाक्य | युवा बौद्ध पुचः भक्तपुर | ९८४१०४०७१२ |
| ८८. रश्मी राजकर्णिकार | थेरवार बुद्धिष्ट एकेडेमी | ९८१३०७७८६८ |
| ८९. कुशाम शाक्य/इजु शाक्य | T. U. | ९८४१३३३६८९ |
| ९०. कुमार वेसार | ज्योति विहार, चापागाऊँ | ५५७१८३० |
| ९१. अमिता धाख्वा | शान्तिनगर, काठमाडौं | ९८४१९३४२७९ |
| ९२. अजय रत्न स्थापित | ध. कि. सं. कोष | ९८५१०२०९९० |
| ९३. विद्या सागर तुलाधर | आनन्द बन विहार | ९८५१०२२८८० |
| ९४. अमृत ताम्राकार | धर्मकीर्ति विहार | ९८५१०५४१८४ |
| ९५ इन्द्र कुमार नकर्मी | धर्मकीर्ति विहार | ९८४१९७३०३० |
| ९६. प्रा. डा. रञ्जना बज्राचार्य | पद्मकन्या बहुमुखी क्याम्पस | ९८४१२१९५३०,<br>४४१०८८८ |
| ९७. उष्णीष तारा तुलाधर | धर्मकीर्ति विहार | ९८४१२०८१९२ |
| ९८. प्रकाश बहादुर मानन्धर | आर्याय भिक्षु कुमार<br>काश्यप धार्मिक कोष | ९८४१४३५३५४ |
| ९९. अरणी तारा बज्राचार्य | YMBA | ९८४१८९०१७५ |
| १००. अमिता मानन्धर | धर्मकीर्ति विहार | ९८४१९६८१०४ |
| १०१. अश्वघोष महास्थवीर | धर्मकीर्ति विहार | |
| १०२. सुमित्रा तुलाधर | धर्मकीर्ति विहार, न्ह्योखा | ९८४१६०२२५५ |
| १०३. अ. पञ्ञावती | धर्मकीर्ति विहार | ९८४१४१७११५ |
| १०४. पद्मतारा स्थापित | धर्मकीर्ति विहार | ९८४१२३२३४९ |
| १०५. कृष्ण कुमार प्रजापति | नगदेश बुद्ध विहार | ९८४१४८८३२९ |
| १०६. दीपक राज सांपाल | ध. रु. मध्यपुर थिमि नगर<br>शाखा, नगदेश | ९८१८१८०१७४ |
| १०७. रुबी महर्जन | धर्मकीर्ति विहार | ९८४१०९२११८ |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| १०८. शंख नारायण डंगोल | कुलेश्वर विहार, कुलेश्वर | ९८१८६०८१४० |
| १०९ चीनिकाजी महर्जन | धर्मकीर्ति विहार | ९८४१२५२६६२ |
| ११०. अनिल कृष्ण जोशी | धर्मकीर्ति विहार | ९८४१६६२३७३ |
| १११. सानु केशरी तुलाधर | धर्मकीर्ति विहार | ९८४१३३३२८८ |
| ११२. रोशन काजी तुलाधर | धर्मकीर्ति स्वास्थ्य कमिटी | ९८४१३६३४६२ |
| ११३. अरुण सिद्धि तुलाधर | धर्मकीर्ति विहार | ९८४१४८९१५७ |
| ११४. मदन रत्न मानन्धर | धर्मकीर्ति विहार | ९८५१०३००८५ |
| ११५. राम कुमारी मानन्धर | धर्मकीर्ति विहार | ९८५१०१०७५६ |
| ११६. नवीन चित्रकार | धर्मकीर्ति विहार | ९८४१४३९१८० |
| ११७. डा. रीना तुलाधर | धर्मकीर्ति विहार | ९८५१००३६०४ |
| ११८. पूर्ण लक्ष्मी शाक्य | सुगत बौद्ध महाविद्यालय | ९८४१७५४९१ |
| ११९. रण प्रसाद राणा | बौद्ध धर्म संघ, बाँके | ९८४८०२५७४३ |
| १२०. देवेन्द्र राज पौडेल | बौद्ध धर्म संघ, बाँके | ९८१२४६२११९ |
| १२१. रविन्द्र रत्न तुलाधर | आनन्द भूवन विहार, स्वयम्भू | ९८४१२२२०३९ |
| १२२. प्रविण कुमार महर्जन | किलागल, काठमाडौं | ९८४१८५५०४९ |
| १२३. प्रफुल्ल कमल ताम्राकार | धर्मकीर्ति विहार | ९८४१३३३६६० |
| १२४. मीना तुलाधर | धर्मकीर्ति विहार | ९८४१२८०६७३ |
| १२५. उर्मिला ताम्राकार | ध. बौ. अ. गोष्ठी | |
| १२६. सुमद्रा स्थापित | ध. बौ. अ. गोष्ठी | |
| १२७. पद्म शाक्य | बोधीसत्व विहार अध्ययन चैनपुर | ९८४२०९५६४९ |
| १२८. अगम्य रत्न कंसाकार | धर्मकीर्ति विहार | ९८४१४०७०५५ |
| १२९. प्रेम कुमार शाक्य | धर्मकीर्ति विहार | ९७४१०००४५४ |
| १३०. रमा शोभा कंसाकार | धर्मकीर्ति विहार | ९८४१९८६१५४ |
| १३१. सुविन श्रेष्ठ | अनलाइन पत्रिका | |
| १३२. अ. निर्मलञाणो (विणा) | रत्न विपश्यना विहार | ९८४१३४२४५८ |
| १३३. अकौशल्यानी | रत्न विपश्यना विहार | ९८४९४९६९५५ |
| १३४. लोचन तारा तुलाधर | धर्मकीर्ति बौ. अ. गोष्ठी | ९८४९६०५५३३ |
| १३५. अ. अग्गञाणी | अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र | ९८९४६१२२६ |
| १३६. कविर बज्राचार्य | धर्मभूमि महाविहार, शंखरापूर | ९८४१३१३०४५ |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| १३७. दानवती गुरुमां | धर्मकीर्ति विहार | ९८४१५३२१२३ |
| १३८. वण्णवती गुरुमां | धर्मकीर्ति विहार | ९८४१७८१०४९ |
| १३९. नानीमैया मानन्धर | धर्मकीर्ति विहार, धर्मोदय सभा | ९८४१७६१७७३ |
| १४०. प्रेम महर्जन | शाक्यमुनी कीर्तिविहार | ९८४३६५१५५० |
| १४१. पुण्यवती गुरुमां | शाक्यमुनी कीर्तिविहार | ९८४१६७९३७२ |
| १४२. विल शोभा महर्जन | शाक्यमूनी कीर्तिविहार | ९८४३६२५२१९ |
| १४३. सुचिता गुरुमां | खुसिबुं धम्मावास | ९८४१४५७०५६ |
| १४४. करुणावती गुरुमां | पद्मकीर्ति विहार | ९८४१७४४७७० |
| १४५. सुरेश मान डंगोल | भोटेबहाल | ९८४१४७४४८१ |
| १४६. .भिक्षु ज्ञानपूर्णिक महास्थवीर | विश्वशान्ति विहार | ४६२२९८४ |
| १४७. भिक्षु नायको | मणिमण्डप महाविहार | ९८४१७३३३६३ |
| १४८. शान्त मैत्री | विश्वशान्ति विहार | |
| १४९. चिनिकाजी महर्जन | धर्मकीर्ति विहार | ९८४१५५४४६० |
| १५०. गंगाराम महर्जन | धर्मकीर्ति विहार | ९८५११४१२८३ |
| १५१. रामेश्वरी महर्जन | धर्मकीर्ति विहार | ९८४१७२०३५३ |
| १५२. प्रतिमा मानन्धर | धर्मकीर्ति विहार | ९८४१०९१२२९ |
| १५३. मीनशोभा शाक्य | धर्मकीर्ति विहार | ४२६३४६५ |
| १५४. प्रेमलक्ष्मी तुलाधर | धर्मकीर्ति विहार | ९८४१२६७१४४ |
| १५५. दिना कंसाकार | धर्मकीर्ति विहार | ९८५१०३५०८९ |
| १५६. अमिता तुलाधर | धर्मकीर्ति विहार | ९८४१२४३०९६ |


Downloaded from http://www.dhamma.digital

धर्मकीर्ति विहार स्वर्ण महोत्सव-२०७१ को उपलक्ष्यमा नेपालमा
थेरवाद बुद्धधर्म : उपलब्धी र चुनौती विषयक
एक दिवसिय गोष्ठीमा सहयोगी उपासक उपासिकाहरु

१. उष्णिष तारा तुलाधर
२. सुमित्रा तुलाधर
३. राम कुमारी मानन्धर
४. प्रतिमा मानन्धर
५. पद्मा मानन्धर
६. प्रमिलामानन्धर
७. नानी हेरा तुलाधर
८. प्रेम लक्ष्मी तुलाधर
९. पञ्जावती गूरुमा
१०. अरुण सिद्धी तुलाधर
११. इन्द्र कुमार नकर्मी
१२. अगम्य रत्न कंसाकार
१३. सुभद्रा स्थापित
१४. उर्मिला ताम्राकार
१५. रमा शोभा कंसाकार
१६. रोसन काजी तुलाधर
१७. उद्योग रत्न तुलाधर
१८. अमृत रत्न ताम्राकार
१९. अनील कृष्ण जोशी
२०. चिनी काजि महर्जन


Downloaded from http://www.dhamma.digital

# मायाको चिनो प्रदान गर्दै




(©) Prabin K. Maharjan



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# प्रसंसा पत्र बितरण



















Downloaded from http://www.dhamma.digital

# Pho



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital



Downloaded from http://www.dhamma.digital



Downloaded from http://www.dhamma.digital












Downloaded from http://www.dhamma.digital



धम्मवती गुरुमा

सासनधज धम्माचरिय पूजनीय धम्मवती गुरुमाले थेरवाद बुद्धधर्मको माध्यमबाट नारी उत्थानको लागि आफ्नो जीवन समर्पण गर्नु भई आज धर्मकीर्ति विहार स्वर्ण महोत्सव मनाउन पाएकोमा श्रद्धेय गुरुमा प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

Downloaded from http://www.dhammadigital






प्रकाशक :

धर्मकीर्ति विहार स्वर्ण महोत्सव - २०६१ समारोह समिति
धर्मकीर्ति विहार, श्रीघः


Dhamma.Digital
Downloaded from http://www.dhamma.digital